नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाण्डौ

२०८३

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौँ

# विषयसुची

परिच्छेद १. प्रारम्भिक ........ १

१.१ परिचय ........ १

१.२ कार्यक्षेत्र ........ १

१.३ कार्यविधिको उद्देश्य ........ १

१.४ कार्यविधिको दायरा ........ २

परिच्छेद २. वन तथा भू-संरक्षण विभाग (ब.उ.शी.नं. ३१२०६०११) ........ ४

२.१ वार्षिक योजना तर्जुमा गोष्ठी ........ ४

२.२ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन ........ ५

२.३ कार्यालय भवन मर्मत सुधार ........ ५

२.४ बेरुजु सम्परीक्षण कार्यशाला गोष्ठी सञ्चालन ........ ६

२.५ वन डढेलो व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली ........ ७

परिच्छेद ३. डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (ब.उ.शी.नं. ३१२०६०१२) ........ ९

३.१ प्रशिक्षक प्रशिक्षण तालिम ........ ९

३.२ गोलिगठ्ठा फाईरिङ गर्ने सम्बन्धी तालिम ........ १०

३.३ वन्यजन्तु उद्धार सम्बन्धी तालिम ........ ११

३.४ सशस्त्र वन रक्षक (स.व.र.) Refresher तालिम ........ ११

३.५ वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालन ........ १२

परिच्छेद ४. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३१२०६१०१) ........ १४

४.१ दिगो वन व्यवस्थापन मार्फत काठको उत्पादन बढाउने ........ १४

४.२ अगरउड डेमोप्लट तथा वृक्षारोपण क्षेत्रको सम्वर्धन, ईनोकुलेसन र अनुसन्धान ........ १६

४.३ मानव वन्यजन्तु द्वन्द्र न्यूनीकरणको लागि बाघ तथा चितुवा लगायतका वन्यजन्तुको ह्याण्डलिङका लागि डार्टगन प्रयोग सम्बन्धी तालिम ........ १७

४.४ वन तथा वन्यजन्तु सम्बन्धी नीति/कार्यविधि/मापदण्ड/निर्देशिका/मार्गदर्शन लगायतका कानुनी दस्ताबेज निर्माण तथा परिमार्जन ........ १८

४.५ कबुलियती वनको सम्भाव्यता अध्ययन तथा सहजिकरण ........ १९

४.६ मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण/राहत वितरण (संरक्षित क्षेत्र बाहिर) ........ १९

४.७ वन संरक्षण क्षेत्रमा व्यवस्थापन योजना कार्यान्वयनमा सहजीकरण ........ २३

४.८ वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागी भोगाधिकार दिएको आयोजनाहरुको अनुगमन र प्रतिवेदन तयार.. २४

४.९ वन डढेलो नियन्त्रणको लागि प्रचार प्रसार सामाग्री प्रकाशन उत्पादन र वितरण ........ २४

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौँ

४.१० राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि)........................................................................२५
४.११ सामुदायिक वन दिवस, सिमसार दिवस, वातावरण संरक्षण दिवस, जैविक विविधता संरक्षण दिवस, भू-संरक्षण दिवस, वन दिवस, पृथ्वी दिवस, लगायतका समारोह ........................................२६
४.१२ सागरनाथ विकास परियोजनामा वन सम्बर्द्धनका क्रियाकलापहरुको स्थलगत अभ्यासको अवलोकन.......२७
४.१३ WCCB गठन भएका जिल्लाहरुमा समन्वय तथा सहजीकरण........................................२८
४.१४ साईटिस प्रजातिका वन पैदावारको संकलन, ओसारपसार तथा प्रशोधन उद्योगको अनुगमन.................२९
४.१५ EIA/IEE अध्ययन सहजीकरण तथा अनुगमन........................................................३०
४.१६ शहरी वृक्षारोपण प्रयोजनार्थ गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने.......................३१
४.१७ गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने .....................................................३१
४.१८ उन्नत वन विरुवा उत्पादन...........................................................................३२
४.१९ आधुनिक अनुसन्धानमुलक नर्सरी मर्मत संभार (गेट मर्मत, सेड हाउस थप तथा वेड निर्माण)............३३
४.२० लोपोन्मुख/संकटापन्न प्रजातिको अध्ययन तथा डेमो प्लट स्थापना ......................................३५
४.२१ सतिसालको वन बीउ बगैचा (Simple Level BSO स्थापना ) .............................................३७
४.२२ वन बीउ भण्डारण/वितरणका लागि कपडा/जुट को थैला तथा अन्य आवश्यक सामग्रीहरु खरिद ........३८
४.२३ अनुसन्धानमुलक वन नर्सरीमा शौचालय निर्माण तथा सिंचाईको लागि पानी टंकी व्यवस्थापन.............४०
४.२४ उन्नत वन विउ संकलन/खरिद/वितरण .............................................................४१
४.२५ नव निर्मित BSO पुनः रोपण, विउ परिक्षणार्थ तथा लोपोन्मुख प्रजातिको संरक्षण कार्यको लागि विरुवा उत्पादन .........................................................................................४३
४.२६ विउ बगैंचाको संरक्षण (हेरालु मार्फत) .............................................................४४
४.२७ वन विउ भण्डारण केन्द्र कोल्ड स्टोर व्यवस्थापन (मर्मत सुधार नियमित विद्युत आपूर्ति समेत) ..........४५
४.२८ नर्सरी सञ्चालन तथा व्यवस्थापन खर्च (नर्सरी नाईके पारिश्रमिक वर्ष भरी) ...........................४५
४.२९ विभिन्न बीउ बगैंचा/बीउ उत्पादन क्षेत्रमा माउ रुख पहिचान तथा सुसुचिकरण.............................४६
४.३० पुरानो फलफुल बगैंचा, वन विउ बगैंचा, विउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्रहरुको व्यवस्थापन (पुनःरोपण, झाडी सफाई, तारवार मर्मत, सिंचाई, गोडमेल तथा मल हाल्ने समेत)...........................४७
४.३१ नवनिर्मित वन बीउ वगैचा. बीउ उत्पादन क्षेत्रको तारवार मर्मत, द्वैमासिक रूपमा गोडमेल,झाडी/घाँस सफाई पुनःरोपण,सिंचाई तथा मल हाल्ने समेत (ईमली,नीम, बौधीचित,देवदार,लप्सी,कोईरालो) ................................४८
४.३२ फिल्ड कर्मचारीका लागि फिल्ड गियर तथा प्रचार प्रसार सामाग्री खरिद तथा वितरण.........................४९
४.३३ बोधिचित्त काभ्रेमा रहेको BSO सुधार गर्ने कार्य (रिकलानेशन) .............................................५०
४.३४ पुराना वन विउ बगैंचा, फलफूल बगैंचा, विउ उत्पादन क्षेत्रहरुको नियमित अनुगमन तथा निरिक्षण र प्रतिवेदन .........................................................................................५१
४.३५ मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन तालिम..........................................................५१
४.३६ सामुदायिक वन बुलेटिन तयारी तथा प्रकाशन...........................................................५२

महानिर्देशक

४.३७ वन डढेलो नियन्त्रण उपकरण खरिद तथा स्थापना ....................................................५३
४.३८ MIS सुदृढीकरण ....................................................५४
४.३९ सामुदायिक वन दिवस ....................................................५५
४.४० समुदायमा आधारित वन व्यवस्थापन सम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थापन ....................................................५६
४.४१ कार्यालय संचालानसँग सम्बन्धी यन्त्र उपकरण तथा मेसिन औजार खरिद ....................................................५७
४.४२ राष्ट्रिय शहिद तथा निजामती पार्क संरक्षण तथा व्यवस्थापन, गोकर्ण-१, काठमाडौं ....................................................५७

परिच्छेद ५. जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३१२०६१०२) ....................................................५९

५.१ गल्छी/पहिरो रोकथाम ....................................................६०
५.२ पानी मूहान संरक्षण ....................................................६१
५.३ संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन ....................................................६२
५.४ सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन ....................................................६४
५.५ खोला/नदी किनार संरक्षण तथा तटबन्धन ....................................................६५
५.६ सिंचाई कुलो निर्माण/मर्मत ....................................................६६
५.७ बहुवर्षिय विरुवा उत्पादन ....................................................६७
५.८ गोरेटो बाटो सुधार ....................................................६९
५.९ दिगो भूमी व्यवस्थापन ....................................................७०
५.१० जल पुनर्भरण संरचना निर्माण ....................................................७१
५.११ सडक पाखो संरक्षण ....................................................७२
५.१२ संरक्षण समोच्च खाडल ....................................................७३
५.१३ पानी मुहान संरक्षण तथा बहुउद्देश्यीय उपयोग ....................................................७४
५.१४ Rainwater Harvesting ....................................................७६
५.१५ क्षतिग्रस्त भूमि पुनरुत्थान ....................................................७७
५.१६ जलवायु समानुकूलन तथा एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल निर्माण तथा विकास ....................................................७८
५.१७ एक प्रदेश एक नदी प्रणालीमा बाँस रोपण कार्यक्रम, नदी प्रणालीमा नर्सरी सहित वृक्षारोपण ....................................................७९
५.१८ बाढी, पहिरो विपद् व्यवस्थापन सहजीकरण विशेष कार्यक्रम ....................................................८१
५.१९ एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा ....................................................८३
५.२० जलवायु उत्थानशील कृषि वन प्रवर्द्धन कार्यक्रम ....................................................८४
५.२१ ग्रामिण सडकमा हरित प्रविधिको नमूना प्रदर्शन ....................................................८६
५.२२ पानी मुहान संरक्षण नमूना प्रदर्शनी स्थल ....................................................८७
५.२३ Bathymetric Survey and Sedimentation Studies ....................................................८८
५.२४ Livehedge Fencing Demontration Site Establishment ....................................................८९
५.२५ Watershed Demonstration Model Establishment ....................................................९०

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं


५.२६ Research/ Demonstration Plot Management ....................................................९१

५.२७ एकीकृत जलाधार व्यवस्थापन सम्बन्धि नमूना स्थल विकास/निर्माण ....................................................९३

५.२८ Video Documentation of success stories and best practices in soil conservation and watershed management....................................................९४

५.२९ Training on Climate Change Data processing, Time Series Analysis and Hydrological Modeling ....................................................९५

५.३० भू संरक्षण दिवस/ सिमसार दिवस....................................................९६

५.३१ जलाधार स्तरीय कार्यक्रम कार्यान्वयन गोष्ठी....................................................९७

५.३२ क्रियाकलाप पार्श्वचित्र तयारी ....................................................९८

५.३३ बेसिन स्तरीय जलाधार कार्यक्रमको प्रभाव मूल्यांकनको लागि अध्ययन/अनुसन्धान ....................................................९९

५.३४ सुक्खा र खडेरी क्षेत्रको पहिचान तथा नक्सांकन.................................................... १००

५.३५ राष्ट्रियस्तरको पहिरोहरूको Time Series विश्लेषण .................................................... १०१

५.३६ Predictive Landslide Susceptibility Modelling and Risk Mapping.................................................... १०२

५.३७ Springshed को डेमो प्लट स्थापना/सुदृढीकरण .................................................... १०३

५.३८ बाढी पहिरो जस्ता जलजन्य प्रकोपबाट हुने क्षतिको विवरण संकलन.................................................... १०४

५.३९ पुस्तकालय सुदृढीकरण.................................................... १०५

५.४० जलाधार व्यबस्थापन प्रविधिहरुको प्रवर्द्धनका लागि नमूना प्रदर्शन स्थल स्थापनाको स्थान पहिचान, स्थापना तथा विकास.................................................... १०७

५.४१ भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण .................................................... १०८

५.४२ भू तथा जलाधार व्यवस्थापन सम्बन्धी ऐन, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि र मार्गदर्शन तयारी१०९

५.४३ राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समितिको बैठक आयोजना.................................................... ११०

५.४४ भू तथा जलाधार संरक्षण सम्बन्धी बेसिनस्तरीय सञ्चालित कार्यक्रमहरूको अवस्थाको बारेमा छलफल. १११

५.४५ Revision of Guidelines and Methodology for Sub Watershed Prioritization Management Planning ....................................................११२

५.४६ कुलेखानी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारी .................................................... ११३

५.४७ संवेदनशिल जलाधार क्षेत्रहरुको पहिचान, वर्गीकरण तथा प्राथमिकीकरण.................................................... ११५

५.४८ फेवा संरक्षित जलाधारका सरोकारवाला निकायहरुबीच समन्वय .................................................... ११६

५.४९ रामसार सूचीमा सूचीकरणका लागि सिमसार क्षेत्रको सम्भाव्यता अध्ययन.................................................... ११८

५.५० सिमसार क्षेत्र पहिचानका लागि सर्वेक्षण तथा अभिलेखीकरण.................................................... ११९

५.५१ जलाधार सूचना प्रणाली (Watershed Information System) को सञ्चालन तथा अभिमुखीकरण......... १२०

परिच्छेद ६. जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम(ब.उ.शि.नं. ३१२०६१०७) .................... १२२

६.१ डाईभर्सन च्यानल निर्माण.................................................... १२३


महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

६.२ वाटर हार्भेस्टिङ प्रणालीको संरचना निर्माण ........ १२४
६.३ वन क्षेत्रमा Enrichment Plantation ........ १२५
६.४ प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण (बन्ड) ........ १२६
६.५ प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण (चेकडयाम) ........ १२७
६.६ साना सिंचाई कुलो संरक्षण/निर्माण ........ १२८
६.७ जलवायु उत्थानशिल कृषि वन कार्यक्रम ........ १२९
६.८ ग्रामिण सडकमा भू-संरक्षण कार्य ........ १३०
६.९ नर्सरी सेड निर्माण ........ १३१
६.१० Ecosystem Resilience का लागि चेकडयाम निर्माण ........ १३२
६.११ गल्छी नियन्त्रण ........ १३३
६.१२ पहिरो रोकथाम ........ १३४
६.१३ भलपानी तर्काउन डाईभर्सन च्यानल निर्माण ........ १३५
६.१४ नदी नियन्त्रण ........ १३६
६.१५ घाँसे मैदानमा Enrichment Plantation ........ १३७
६.१६ सिमसार क्षेत्रमा Enrichment Plantation ........ १३८
६.१७ संरक्षण पोखरीको जलाधार क्षेत्रमा Enrichment Plantation ........ १३९
६.१८ बिज्ञ परामर्श (सिभिल इन्जिनियर, सब इन्जिनियर, वन, वातावरण तथा सामाजिक सुरक्षा आदि-व्यक्ति/सेवा करार ) ........ १४०
६.१९ प्रदेशस्तरीय समन्वय इकाई बैठक सञ्चालन ........ १४१
६.२० क्रियाकलाप पार्श्वचित्र तयारी ........ १४२


महानिर्देशक

## परिच्छेद १. प्रारम्भिक

### १.१ परिचय

देशको वन सम्पदाको संरक्षण, विकास तथा व्यवस्थापन गर्ने उद्देश्यले स्थापित साविकको वन विभाग र महत्वपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धन गरी बाढी, पहिरो, भू क्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिक संतुलन कायम राख्न सघाउ पुर्याउने उद्देश्यका साथ तत्कालिन भू तथा जलाधार संरक्षण विभाग स्थापना भई ७४ जिल्ला वन कार्यालय र ६१ जिल्ला भू संरक्षण कार्यालयहरु मार्फत देशभर सेवा प्रभाव हुँदै आएको थियो । नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै संघीय संरचना अनुसार संगठनहरुको पुनर्संरचना हुँदा वि.सं. २०७५ सालमा बदलिँदो राजनीतिक परिवेशसँगै संघीय सरकार अन्तर्गतका तत्कालिन वन विभाग र भू-तथा जलाधार संरक्षण विभाग गाभेर वन तथा भू-संरक्षण विभाग गठन भयो । साथै प्रदेश सरकारको मातहतमा रहने गरी ८४ डिभिजन वन कार्यालयहरु र २५ भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु स्थापना भई वन तथा जलाधार क्षेत्रमा सेवा प्रवाह भइरहेको छ ।

### १.२ कार्यक्षेत्र

नेपाल सरकार साविक वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग अन्तर्गत विभिन्न आयोजना/कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट विनियोजन भएको परिप्रेक्ष्यमा आर्थिक कार्यविधि तथा प्रचलित ऐन नियम, मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र विनियोजित बजेटको परिधि भित्र रही स्विकृत वार्षिक कार्यक्रमहरु विभागका महाशाखा र शाखाहरु एवं विभाग मातहतका कार्यालयहरुः सामुदायिक वन अध्ययन केन्द्र, काठमाण्डौ, बृहत् जलाधार व्यवस्थापन केन्द्रहरु ४ (कोशी, गण्डकी, कर्णाली र महाकाली), जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी, वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु ४ वटा (काठमाण्डौ, मोरङ्ग, कास्की, बाँके), सशस्त्र वन रक्षक तालीम केन्द्र, टिकौलीबाट सञ्चालन गर्ने गरी तय गरिएको छ ।

### १.३ कार्यविधिको उद्देश्य

स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि प्राप्तिका लागि कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच कार्यक्रम सञ्चालन प्रकृयामा समान र साझा बुझाई, कार्यक्रम/क्रियाकलाप सञ्चालनमा एकरुपता, सम्पादित कार्यको परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता तथा सरल र सहज तरीकाबाट समयमा नै प्रभावकारी कार्यान्यवन भइ अधिकतम उपलब्धि हासिल गर्नका लागि तपसिलमा उल्लेखित उद्देश्यहरु तय गरी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ तयार गरिएको छ ।

- विभिन्न कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउने,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै सञ्चालित क्रियाकलापहरुको दिगो उपभोग गर्न सहयोग पुर्याउने,

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन हुने ।

## १.४ कार्यविधिको दायरा

स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पृष्ठभूमि, क्रियाकलापहरुको उद्देश्य, कार्यान्वयन प्रक्रिया, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन र अनुगमन योजना लगायतका पक्षहरु यस कार्यविधिमा समेटिएका छन् ।यस कार्यविधिमा वन तथा भू-संरक्षण विभाग अन्तर्गत चालु आ.व. २०८३/८४ मा सञ्चालन हुने गरी स्वीकृत भएका बार्षिक कार्यक्रम र बजेट विनियोजनको आधारमा वन तथा भू-संरक्षण विभाग कार्यक्रम, डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत), राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम, जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम समेत पाँच वटा कार्यक्रम/आयोजना/परियोजना छुट्टाछुट्टै स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु निम्नानुसार विभिन्न परिच्छेदमा समेटिएका छन् ।कार्यबिधिको परिच्छेद १ देखि ६ सम्म क्रमश प्रारम्भिक, वन तथा भू-संरक्षण विभाग कार्यक्रम, डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम र जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम गरी विभाग मार्फत सञ्चालन हुने ५ वटा कार्यक्रमहरू यस कार्यविधिमा समेटिएका छन् । तपसिलमा उल्लेख भएका विषयहरुलाई विशेष ध्यानमा राखि क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिमाण एवं आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित), बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र साविक वन तथा वातावरण मन्त्रालय सम्बन्धी कानूनका साथै अन्य प्रचलित कानून बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स, सम्बन्धीत जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम सञ्चालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ ।
- कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गरी कार्य गराउँदा सम्बन्धीत परामर्श सेवाको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्सको अधिनमा रही लागत अनुमान तयार गरी सम्बन्धीत पदाधिकारीबाट स्वीकृत गराइ प्रचलित ऐन नियम अनुसार काम गराउनु पर्नेछ।
- कार्यक्रम प्रारम्भ गर्नु भन्दा अघि कार्यक्रम बारेमा जानकारी गराउने र कार्यक्रम सम्पन्न भईसके पछि कार्यान्वयन गर्ने उपभोक्ता समिति/कार्यक्रम कार्यान्वयन गर्ने निकायले सार्वजनिक लेखा परिक्षण गर्नुपर्नेछ ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सञ्चालन गर्नु भन्दा पहिले सम्बन्धीत स्थानीय तहको सम्बन्धीत वडा कार्यालयको सिफारिश लिनुपर्नेछ ।
- भू-संरक्षण वा नदी नियन्त्रण गर्ने कार्यमा संभव भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त हेभिकोटेड जि.आई.तारको मेसिन मेड तारजाली प्रयोग गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सम्पन्न भए पश्चात् प्राविधिकको मूल्याङ्कनको आधारमा सम्बन्धीत स्थानीय तहको सम्बन्धीत वडा कार्यालयको सिफारिश सहित आवश्यक कागजात प्राप्त भए पश्चात् अन्तिम भुक्तानी गरिनेछ ।
- उपभोक्ता समिति मार्फत् कार्यक्रम सञ्चालन गर्दा सम्बन्धीत उपभोक्ता समितिले कुल लागतको कम्तिमा १० प्रतिशत लागत साझेदारी वा जनश्रमदान उपलव्ध गराउनुपर्नेछ ।
- आगामी वर्षहरूमा यस कार्यविधिमा उल्लेखित क्रियाकलापहरूको हकमा **वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३** बमोजिम नै कार्यान्वयन गरिनेछ। आवश्यकता तथा औचित्यका आधारमा कार्यविधिमा संशोधन, परिमार्जन वा अद्यावधिक गर्न सकिनेछ।
- कार्यक्रम सञ्चालन स्थलमा लागत अनुमान लगायत अन्य विवरण खुल्ने गरी सूचना पाटी (होर्डिङ्ग बोर्ड) राख्नुपर्नेछ ।
- भौतिक रुपमा सम्पादन गरिने कार्यक्रमको हकमा कार्यक्रम सम्पन्न भएपछि हरेक क्रियाकलापको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ ।
- उपभोक्ता समूहबाट कार्यक्रम सञ्चालन गर्दा अपनाउने प्रक्रिया यस प्रकार रहेका छन् :
    - सम्भाव्य स्थल पहिचान
    - स्थलगत भ्रमण तथा स्थल छनौट
    - सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
    - समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
    - कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
    - जैविक र भौतिक संरचना निर्माण
    - अनुगमन (कार्य सञ्चालन पूर्व, सञ्चालन चरण र सम्पन्न पश्चातका तस्विरहरु समेत)
    - कार्य सम्पन्न प्रतिवेदन
    - सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

## परिच्छेद २.   वन तथा भू-संरक्षण विभाग (ब.उ.शी.नं. ३१२०६०११)

वन, वन्यजन्तु, वनस्पतिको संरक्षण, सम्बर्धन, र भू तथा जलाधार व्यवस्थापनको मुख्य गरी प्रशासनिक कार्य लगायत अन्य क्रियाकलापहरुका लागि वन तथा भू-संरक्षण विभाग, सामुदायिक वन अध्ययन केन्द्र, वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु (मोरङ्ग, काठमाण्डौ, कास्की र बाँके), वृहत जलाधार व्यवस्थापन केन्द्रहरु (कोशी, गण्डकी, कर्णाली र महाकाली) र संघिय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानीबाट सम्पादन हुने क्रियाकलापहरु यस बजेट उपशीर्षकमा रहेका छन्। स्वीकृत क्रियाकलापहरुको कार्यविधि निम्नानुसारको रहेको छ।

### २.१ वार्षिक योजना तर्जुमा गोष्ठी

**पृष्ठभूमि**

आगामी आर्थिक वर्षका लागि राष्ट्रिय योजना आयोगको आवधिक योजना, अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट प्राप्त बजेट सिलिंग, मार्गदर्शन, नीति तथा कार्यक्रमका आधारमा विभाग र मातहतका कार्यालयहरुको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले बार्षिक बजेट तथा कार्यक्रम तयारीको लागि योजना तर्जुमा गोष्ठी गरिनेछ।

**उद्देश्य**

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

आगामी आ.व.मा प्रस्तावित वार्षिक कार्यक्रमका विभिन्न क्रियाकलापको योजना तर्जुमा वार्षिक योजना तर्जुमा गोष्ठीमा गरिनेछ। यस विभाग अन्तर्गत विभिन्न कार्यालयमा कार्यरत कार्यालय प्रमुख वा अधिकृत प्रतिनिधि वा सम्बन्धित सरोकारवालाहरुको सहभागी हुनेछन्। गोष्ठीका लागि अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत पश्चात् गोष्ठी सञ्चालन हुनेछ। गोष्ठीमा विभाग अन्तर्गतका विभिन्न निकायबाट वर्षभरी कार्यान्वयन गरिने क्रियाकलापको प्रस्तुति र बृहत् छलफल हुनेछ। गोष्ठी सम्पन्न भए पश्चात् कार्य सम्पन्न प्रतिवेदन तयार भए पछी भएका खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**

विभाग तथा मातहतका संघीय कार्यालयहरुको आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम तयार भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत कर्मचारीहरु, आवश्यकता अनुसार सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- गोष्ठीको प्रतिवेदन ।

महानिर्देशक

## २.२ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन

**पृष्ठभूमि**

विभाग र मातहतका कार्यालयहरुबाट गत आ.व. मा भए गरेका क्रियाकलापहरुको समिक्षा गरी वार्षिक प्रतिवेदन तयार गरिनेछ।

**उद्देश्य**

विभाग तथा मातहतका कार्यालयहरुका गत आर्थिक वर्षको प्रगति प्रतिवेदन तयार गरि प्रकाशन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस विभागबाट गत आ.व. मा सम्पादन गरिएका वार्षिक कार्यक्रमका विभिन्न क्रियाकलापहरुको प्रगति एकीकृत गरी पुस्तिकाको रुपमा प्रकाशन गरिनेछ। पुस्तिका प्रकाशनका लागि लागत अनुमान तयार गरी स्वीकृत पश्चात् विभागमा सुचिकृत छपाई सम्बन्धी कार्य गर्ने फर्मबाट कोटेशन आह्वान गरी न्यूनतम लागत कबोल गर्ने छपाई फर्म मार्फत प्रगति पुस्तिकाको छपाई कार्य हुनेछ। छपाइ कार्य सम्पन्न भए पश्चात् स्टोर दाखिला भए पछी भएका खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**

विभाग तथा मातहतका संघीय कार्यालयहरुको गत आर्थिक वर्षको प्रगति प्रतिवेदन प्रकाशन भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यकता अनुसार सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

वार्षिक प्रगति प्रतिवेदन।

## २.३ कार्यालय भवन मर्मत सुधार

**पृष्ठभूमि**

कार्यालय भवन तथा आवास क्षेत्रको पूर्वाधारहरुको मर्मत सम्भार कार्यबाट आयु पुगेका, पुनर्स्थापना गर्नुपर्ने वा जिर्ण अवस्थामा रहेका भवनका पूर्वाधारहरुको संरक्षण तथा उपभोग गरिनेछ। यस अन्तर्गत कार्यालय वा आवास भवन मर्मत सुधार कार्य, अवस्थित भवनमा नयाँ संरचना थप; कार्यालय तथा आवास परिसरको सौन्दर्यीकरण, भवनहरुको जस्ता वा छाना फेर्न, रंग रोगन गर्न, ढलान स्ल्याव मर्मत गर्न, गारो भत्काई नयाँ बनाउन, गारो/पार्टिसन लगाई कोठा बार्न, थप गर्न, झ्याल ढोका फेर्न, विद्युतिय प्रणालीको मर्मत सुधार गर्न, पाईप तथा शौचालय प्रणालीको मर्मत सुधार गर्न, पानी वितरण, पाइप खरिद तथा ढल व्यवस्थापन लगायतका मर्मत सुधार आदि कार्यहरु गर्न सकिनेछ।

**उद्देश्य**

निर्मित कार्यालय तथा आवास भवनको दिगो उपयोगको लागि मर्मत सुधार गर्ने।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**कार्यान्वयन प्रक्रिया**

कार्यलय भवनको मर्मत गर्नु पर्ने आवश्यकताको पहिचान गरी विभाग/कार्यालयमा मौजुदा प्राविधिक जनशक्तिबाट आवश्यक डिजाइन र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। स्वीकृत लागतका आधारमा निर्माण सम्बन्धी सेवा प्रचलित सार्वजनिक खरिदबाट मर्मत सुधार गरिनेछ। प्राविधिकको कार्य सम्पन्न सम्बन्धी निरीक्षण प्रतिवेदन र भुक्तानी बिलका आधारमा अन्तिम भुक्तानी हुनेछ ।

**अपेक्षित उपलब्धि**

जिर्ण तथा क्षतिग्रस्त पूर्वाधारको सुधार तथा मर्मत सम्भारबाट भौतिक पूर्वाधारको दिगोपना, संरक्षण तथा सुरक्षा हुने साथै कार्य वातावरणमा सुधार भइ गुणस्तरिय सेवा प्रदान गरी प्रभावकारी कार्यसम्पादनमा टेवा पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयको संयोजकत्वमा प्रदेश वा स्थानीय तहका प्राविधिक जनशक्ति वा निजी क्षेत्रका प्राविधिक जनशक्तिलाई प्राविधिक परामर्शदाताको रुपमा परिचालन गर्न सकिनेछ। आवश्यकता अनुसार विषय विज्ञ वा निर्माण व्यवसायी मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

- सम्झौता, प्राविधिक निरीक्षण, अनुगमन प्रतिवेदन
- क्रियाकलापसंग सम्बन्धित तस्विरहरु।

## २.४ बेरुजु सम्परीक्षण कार्यशाला गोष्ठी सञ्चालन

**पृष्ठभूमि**

विभाग तथा मातहतका कार्यालयहरूमा महालेखा परीक्षकको प्रतिवेदन, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजुहरूको समयमै फछ्र्यौट तथा सम्परीक्षण गर्न आवश्यक देखिन्छ। बेरुजु न्यूनीकरण, आवश्यक प्रमाण कागजात संकलन, अभिलेख व्यवस्थापन र सम्बन्धित निकायबीच समन्वय सुदृढ गर्न यो कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ।

**उद्देश्य**

विभाग तथा मातहतका कार्यालयहरूको बेरुजु फछ्र्यौट तथा सम्परीक्षण कार्यलाई सहजीकरण गरी वित्तीय अनुशासन र अभिलेख व्यवस्थापन सुदृढ गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यशाला गोष्ठी सञ्चालनका लागि अवधारणा पत्र, कार्यसूची तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। गोष्ठीमा विभाग तथा मातहतका कार्यालयका लेखा, प्रशासन तथा कार्यक्रमसँग सम्बन्धित कर्मचारीहरूको सहभागिता रहनेछ। कार्यक्रममा कार्यालयगत बेरुजुको अवस्था, फछ्र्यौटका लागि आवश्यक कागजात, सम्परीक्षण प्रक्रिया, समस्या तथा समाधानका उपायबारे प्रस्तुति, छलफल र सहजीकरण गरिनेछ। गोष्ठी सम्पन्न भएपछि प्रतिवेदन तयार गरी स्वीकृत बिल-भरपाईका आधारमा अन्तिम भुक्तानी गरिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

**अपेक्षित उपलब्धि**

- बेरुजु फछ्र्यौट तथा सम्परीक्षण प्रक्रियामा सहजीकरण हुने साथै बेरुजु न्यूनीकरण हुनेछ।
- कार्यालयगत बेरुजुको अवस्था स्पष्ट हुनेछ।
- आवश्यक प्रमाण कागजात तथा अभिलेख व्यवस्थापनमा सुधार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभाग तथा मातहतका कार्यालयका लेखा, प्रशासन र प्राविधिक कर्मचारीहरूको सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार महालेखा परीक्षकको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित विषय विज्ञको सहजीकरण लिन सकिनेछ।

**अनुगमन योजना**

- सहभागीहरूको उपस्थिति विवरण।
- छलफल तथा निर्णय/सुझावको अभिलेख।
- गोष्ठी प्रतिवेदन।
- बिल-भरपाई तथा खर्च विवरण।

## २.५ वन डढेलो व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली

**पृष्ठभूमि**

नेपालमा वन डढेलो सुख्खायाममा दोहोरिने गम्भीर प्राकृतिक तथा वातावरणीय समस्या हो। डढेलोबाट वन स्रोत, जैविक विविधता, वन्यजन्तुको बासस्थान, स्थानीय जीविकोपार्जन, मानव स्वास्थ्य तथा कार्बन सञ्चितिमा प्रत्यक्ष असर पुग्ने गरेको छ। जलवायु परिवर्तन, लामो सुख्खा अवधि, तापक्रम वृद्धि, हावाहुरी, मानवीय लापरवाही तथा वन क्षेत्रमा जम्मा हुने ज्वलनशील पदार्थका कारण वन डढेलोको जोखिम बढ्दै गएको छ।

वन डढेलोको प्रभावकारी व्यवस्थापनका लागि डढेलो लागिसकेपछि मात्र प्रतिकार्य गर्ने प्रणाली पर्याप्त हुँदैन। जोखिम क्षेत्रको पहिचान, सम्भावित डढेलोको पूर्वानुमान, satellite hotspot data, मौसमसम्बन्धी सूचना, स्थलाकृतिक अवस्था, वनस्पति/इन्धन भार, विगतका डढेलो घटनाको अभिलेख तथा स्थानीय सूचनालाई एकीकृत गरी समयमै सूचना प्रवाह गर्न सक्ने पूर्व सूचना प्रणाली आवश्यक देखिन्छ। यस्तो प्रणालीले सम्बन्धित निकाय, प्रदेश तथा डिभिजन वन कार्यालय, स्थानीय तह, सुरक्षा निकाय र समुदायलाई समयमै तयारी गर्न सहयोग पुऱ्याउनेछ। यसै सन्दर्भमा वन डढेलो जोखिम पहिचान, निगरानी, सूचना विश्लेषण, चेतावनी प्रवाह तथा प्रतिकार्य तयारीलाई प्रविधिमैत्री र संस्थागत बनाउन वन डढेलो व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली विकास/सुदृढीकरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

**उद्देश्य**

वन डढेलो जोखिमको पूर्व पहिचान, निगरानी तथा समयमै सूचना प्रवाहका लागि प्रविधिमा आधारित पूर्व सूचना प्रणाली विकास/सुदृढीकरण गर्ने।

**विशेष उद्देश्यहरू:**

- वन डढेलो जोखिम क्षेत्र पहिचान तथा जोखिम नक्साङ्कन गर्ने।
- वन डढेलो जोखिमको सूचना विश्लेषण तथा चेतावनी प्रवाह प्रणाली विकास गर्ने।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सम्बन्धित निकायहरूलाई समयमै सूचना उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य क्षमता सुदृढ गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून, सार्वजनिक खर्चको मापदण्ड र स्वीकृत बजेटको परिधिभित्र रही परामर्शदाता सेवा खरिद मार्फत सञ्चालन गरिनेछ।

कार्यक्रम सञ्चालनका क्रममा निम्न प्रक्रिया अवलम्बन गरिनेछः

- प्रणालीमा समावेश गरिने विषयवस्तु, data source, technical specification, deliverables, कार्यक्षेत्र र समयसीमा स्पष्ट हुने गरी कार्य क्षेत्रगत शर्त (Terms of Reference - ToR) तयार गरिनेछ।
- परामर्श सेवाका लागि लागत अनुमान तयार गरी अधिकार प्राप्त पदाधिकारीबाट स्वीकृत गरिनेछ।
- प्रचलित सार्वजनिक खरिद प्रक्रिया बमोजिम परामर्शदाता छनौट गरिनेछ।
- छनौट भएको परामर्शदातासँग सम्झौता गरी कार्यादेश प्रदान गरिनेछ।
- कार्यसम्पन्न प्रतिवेदन, प्रणाली परीक्षण प्रतिवेदन र स्वीकृत deliverables को आधारमा प्रचलित नियमअनुसार भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- वन डढेलो व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली विकास/सुदृढीकरण भएको हुनेछ।
- सम्बन्धित निकायहरुले प्रणालीको प्रयोग गरेको हुनेछन् ।

**जनशक्ति व्यवस्थापन**

वन तथा भू-संरक्षण विभाग/सम्बन्धित कार्यालयको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ।

**अनुगमन योजना**

कार्यक्रमको अनुगमन तथा प्रमाणिकरणका लागि निम्न कागजात तथा प्रमाणहरू राखिनेछः

- विकास भएको प्रणाली
- स्वीकृत अवधारणा पत्र, ToR र लागत अनुमान,
- परामर्शदाता छनौटसम्बन्धी खरिद कागजात, सम्झौता पत्र तथा कार्यादेश,
- बिल भरपाई तथा खर्च विवरण तथा कार्यसम्पन्न प्रतिवेदन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## परिच्छेद ३.  डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (ब.उ.शी.नं. ३१२०६०१२)

वन, वन्यजन्तु तथा वनस्पतिको संरक्षणका लागि वन तथा भू-संरक्षण विभाग र सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौलीबाट सम्पादन हुने कार्यक्रमहरु यस बजेट उपशीर्षकमा रहेका छन्। स्वीकृत कार्यक्रमहरुको कार्यविधि निम्नानुसारको रहेको छ ।

### ३.१ प्रशिक्षक प्रशिक्षण तालिम

**पृष्ठभूमि**

प्रशिक्षक प्रशिक्षण तालिममा स.ब.र., सुबेदार, जमदार, हवल्दार जस्ता कमाण्डरहरुलाई वन तथा वन्यजन्तु संरक्षणको लागि आवश्यक आधारभुत जानकारी गराई आफु मातहतका सिपाहीहरुलाई परिचालन गर्ने नेतृत्व विकास लगायतका सिप प्रदान गरिनेछ । करिब १० दिन सम्म सञ्चालन हुने तालिममा स.ब.र हरु कार्यरत जिल्लाहरुबाट सहभागि गराईनेछ ।

**उद्देश्य**

स.ब.र., सुबेदार, जमदार, हवल्दार जस्ता कमाण्डरहरुलाई आफु मातहतका सिपाहीहरुलाई परिचालन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

तालिमको लागि अवधारणा पत्र तयार गरी सशस्त्र वन रक्षक कार्यरत रहेको डिभिजन वन कार्यालयबाट सुबेदार, जमदार र हवल्दारहरूलाई यस तालिममा सहभागी गराइने छ । तालिमको पाठ्यक्रम अनुसार तालिम सन्चालन लागि डिभिजन कार्यालय, सरकारी वकिल कार्यालय, प्रहरी तालिम प्रतिष्ठान तथा हुलाक सेवा सम्बन्धी कार्यरत कर्माचारीलाई तालिम सहजकर्ताको रुपमा चयन हुनेछ । विनियोजित रकम भित्र लागत अनुमान स्वीकृत गरी तालिम सञ्चालन गरिनेछ । तालिम सम्पन्न प्रतिवेदन तयार पश्चात् खर्चको अन्तिम भुक्तानी हुनेछ ।

**अपेक्षित उपलब्धि**

सहभागीहरुले वन तथा वन्यजन्तु संरक्षण, वनका प्रकारहरु, आगलागी नियन्त्रण, वृक्षारोपण, जलवायु परिवर्तन, संचार, द्वन्द व्यवस्थापन, नेतृत्व विकास जस्ता विषयमा जानकारी प्राप्त गरि कार्यक्षेत्रमा काम गर्न सहज हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप सञ्चालन गर्न सकिने छ ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- प्रतिवेदन ।

महानिर्देशक

## ३.२ गोलिगठ्ठा फाईरिङ गर्ने सम्बन्धी तालिम

**पृष्ठभूमि**

गोलिगठ्ठा फाईरिङ अभ्यास गर्ने सम्बन्धी तालिममा स.ब.र. सुबेदार, जमदार, अमल्दार र सिपाहिहरुलाई समावेश गराई प्राविधिक ज्ञान वन विज्ञहरुबाट र गोलिगठ्ठा फाईरिङ सम्बन्धी ज्ञान नेपाली सेनाको प्रशिक्षक बोलाई वा सक्षम स.व.र. कमाण्डहरुको प्रशिक्षणमा हातहतियार सम्बन्धी जानकारी, कसरी फाईरिङ गर्ने भन्ने विषयबस्तुको बारेमा जानकारी गराई फाईरिङको समेत प्रशिक्षण गराईनेछ। करिब १५ दिन सम्म सञ्चालन हुने तालिममा स.ब.र. कार्यरत जिल्ला/डिभिजनहरुबाट ३५ जना सहभागी समावेश गराईनेछ ।

**उद्देश्य**

स.व.र हरुमा गोलिगठ्ठा फाईरिङ्ग सम्बन्धी सिप विकास गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

तालिमको लागि अवधारणा पत्र तयार गरी सशस्त्र वन रक्षक कार्यरत रहेको डिभिजन वन कार्यालयबाट सशस्त्र वन रक्षक जवानहरूलाई यस तालिममा सहभागी गराइने छ । तालिमको पाठ्यक्रम अनुसार तालिम सन्चालन लागि डिभिजन कार्यालय, सरकारी वकिल कार्यालय, प्रहरी तालिम प्रतिष्ठान तथा हुलाक सेवा सम्बन्धी कार्यरत कर्माचारीलाई तालिम सहजकर्ताको रुपमा चयन हुनेछ । गोलीगठ्ठा फायरिङ अभ्यासको लागि प्रशिक्षक लगायत प्रति जवान/सहभागी ६ वटाको दरले गोली राउण्ड खर्च गर्न सक्छ । यसरी गोलीगठ्ठा फायरिङ अभ्यासमा खर्च भएको गोली (बुलेट) को खर्च अभिलेख विभागमा पठाउनुपर्नेछ र सहभागीहरुलाई फिल्डमा नै हातहतियार सम्बन्धी विभिन्न अभ्यास तथा फाईरिङ समेतको अभ्यास गराइनेछ ।फायरिङ अभ्यास गर्नु पूर्व जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना, स्थानीय पालिका तथा वन उपभोक्ताहरुसँग समन्वय, सहकार्य र जानकारी गराई कार्य सञ्चालन गरिनेछ।तालिमको लागि विनियोजित रकमको तालिम सञ्चालन गर्न लागत अनुमान स्वीकृत गरिनेछ । तालिम सम्पन्न प्रतिवेदन तयार पश्चात् खर्चको अन्तिम भुक्तानी हुनेछ ।

**अपेक्षित उपलब्धि**

सहभागिहरुलाई वन तथा वन्यजन्तु संरक्षणमा हातहतियार चलाउने, नियन्त्रण गर्ने भन्ने जस्ता विषयमा जानकारी प्राप्त भई कार्यक्षेत्रमा काम गर्न सहज हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप सञ्चालन गरिने छ ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- प्रतिवेदन ।

महानिर्देशक

### ३.३ वन्यजन्तु उद्धार सम्बन्धी तालिम

**पृष्ठभूमि**

नेपालको वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा मानव वन्यजन्तु द्वन्द मुख्य समस्याको रुपमा रही आएको छ। मानव बस्ति तथा कृषि भूमिमा प्रवेश गरेका बाघ, चितुवा, हात्ती, गैंडा लगायत अन्य वन्यजन्तु, घाईते तथा रोगी बन्यजन्तु एवं समस्याग्रस्त बन्यजन्तुहरुको उद्धार गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक देखिन्छ। यस कार्यमा सशस्त्र वन रक्षकहरुको भूमिका महत्वपूर्ण हुने भएकाले उनीहरुको क्षमता अभिवृद्धि गर्न अपरिहार्य देखिन्छ। सोही प्रयोजनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ।

**उद्देश्य**

वन्यजन्तु उद्धार गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछः

- लागत अनुमान तयार र स्वीकृत
- सहभागीहरू छनौट
- तालिमको लागि वन्यजन्तु उद्धार गर्ने सम्बन्धी सामाग्री खरिद
- तालिम सञ्चालन (कार्यालयको तर्फबाट/सेवा प्रदायक)
- प्रतिवेदन तयार

**आपेक्षित उपलब्धि**

सहभागिहरुलाई वन्यजन्तु उद्धार सम्बन्धमा जानकारी प्राप्त भई दक्ष र सक्षम प्राविधिक जनशक्ति उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप सञ्चालन गरिने छ ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन ।

### ३.४ सशस्त्र वन रक्षक (स.व.र.) Refresher तालिम

**पृष्ठभूमि**

देशभर कार्यरत सशस्त्र वन रक्षकहरुको वन तथा वन्यजन्तु सम्बन्धी क्षमता अभिवृद्धि गरी वन तथा वन्यजन्तु संरक्षणको उचित व्यवस्थापनमा मद्धत पुर्‍याउनका लागि तालिम सञ्चालन गरिनेछ। करिब १० दिन सम्म सञ्चालन हुने तालिममा स.ब.र. कार्यरत जिल्लाहरुबाट ३० जना सहभागी समावेश गराईनेछ र सहभागीहरुलाई फिल्डमा वन तथा वन्यजन्तु सम्बन्धी जानकारी गराईनेछ ।

महानिर्देशक

## उद्देश्य
स.व.र हरुलाई वन संरक्षणको क्षेत्रमा जानकारी प्रदान गरी वन तथा वन्यजन्तुको प्रभावकारी संरक्षण गर्ने।

## कार्यान्वयन प्रक्रिया
यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- लागत अनुमान तयार र स्वीकृत
- सहभागिहरू छनौट (सशस्त्र वन रक्षकहरु)
- तालिम सञ्चालन (कार्यालयको तर्फबाट/सेवा प्रदायक)
- प्रतिवेदन तयार

## अपेक्षित उपलब्धि
सहभागीहरुले वन तथा वन्यजन्तु संरक्षण, वनका प्रकारहरु, डढेलो नियन्त्रण, वृक्षारोपण, जलवायु परिवर्तन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन जस्ता विषयमा जानकारी प्राप्त गरी कार्यक्षेत्रमा सहज ढंगबाट काम गर्न सक्नेछन्।

## जनशक्ति व्यवस्थापन
सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप सञ्चालन गरिने छ।

## अनुगमन योजना
- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन।

## ३.५ वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालन

## पृष्ठभूमि
वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि प्रचार प्रसार सामाग्री पम्प्लेट छपाई यस कार्यालयले डिभिजन वन कार्यालय चितवनसँग समन्वय गरी सशस्त्र वन रक्षक कार्यरत रहेको वन क्षेत्रहरुमा वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि यस कार्यालय र डिभिजन वन कार्यलयहरुमा रहेका स.व.र.हरुलाई अति आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराई १०/१० जनाको टोली बनाई समयमा नै प्लटिङ क्लस्टरमा अग्नि नियन्त्रणका रेखाहरु बनाई दैनिक रुपमा गस्ति पट्रोल गरी वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि सशस्त्र वन रक्षकहरु परिचालन गरिनेछ ।

## उद्देश्य
सशस्त्र वन रक्षकहरुलाई वन डढेलो चोरी शिकारी नियन्त्रणमा वन तथा वन्यजन्तु संरक्षण कार्यमा आफू सुरक्षित भई वन डढेलो, चोरी शिकारी नियन्त्रण गर्ने कार्यमा सशस्त्र वन रक्षकहरुको क्षमता अभिवृद्दी गर्ने।

## कार्यान्वयन प्रक्रिया
वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालनको अवधारणा पत्र तयार गरी यस तालिम केन्द्र र डिभिजन वन कार्यालयहरुमा रहेका सशस्त्र वन रक्षकहरुलाई आवश्यक पर्ने स्रोत साधन, खटिएका कर्मचारीहरुलाई पानी, खाजा भत्ताको व्यवस्था, गाडी भाडा, गाडी मर्मत, ईन्धन लगायतका विषयमा खर्च गर्नुका साथै सो कार्यमा



महानिर्देशक

आवश्यक पर्ने अग्नी नियन्त्रणका उपकरणहरु समेत खरिद गरिने छ। वन डढेलो, चोरी शिकारी नियन्त्रण गर्न स.व.र. परिचालनको लागि विनियोजित रकमको लागत अनुमान तयार गरी स्वीकृत गरिने छ। वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालन सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार पश्चात खर्चको अन्तिम भूक्तानी दिईने छ।

**अपेक्षित उपलब्धि**

वन डढेलो तथा चोरी शिकारी नियन्त्रणमा सहयोग पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र डिभिजन वन कार्यालय चितवन लगायतका सशस्त्र वन रक्षकहरुलाई वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि क्रियाकलाप सञ्चालन गरी परिचालन गरिने छ ।

**अनुगमन योजना**

विषयसंग सम्बन्धित प्रचार प्रसार सामाग्री (पम्प्लेट, ब्रोसर) छपाई, सहभागीको उपस्थिती विवरण, गस्ती परिचालन रजिष्टर, विल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन।

महानिर्देशक

## परिच्छेद ४. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३१२०६१०१)

वन, वन्यजन्तु, वनस्पतिको संरक्षण, सम्बर्धन र विकासका लागि वन तथा भू-संरक्षण विभाग, सामुदायिक वन अध्ययन केन्द्र तथा वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु बाट सम्पादन हुने कार्यक्रमहरु यस बजेट उपशीर्षकमा रहेका छन्। स्वीकृत कार्यक्रमहरुको कार्यविधि निम्नानुसारको रहेको छ ।

### ४.१ दिगो वन व्यवस्थापन मार्फत काठको उत्पादन बढाउने

**पृष्ठभूमि**

नेपालमा वन क्षेत्रको उत्पादन क्षमता उच्च भए पनि दिगो तथा योजनाबद्ध वन व्यवस्थापन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा आन्तरिक काठ उत्पादन अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन। आफ्नै वन स्रोतबाट काठको माग धान्न सक्ने सम्भावना हुँदाहुँदै पनि देश काठ आयातमा निर्भर रहनुपर्ने अवस्था रहेको छ।

वन सम्बर्द्धन प्रणाली, कार्ययोजना कार्यान्वयन, thinning, pruning, improvement felling, regeneration management, नयाँ प्रविधिको प्रयोग तथा वन व्यवस्थापनका व्यवहारिक क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा वनको उत्पादकत्व वृद्धि भई काठ उत्पादन बढाउन सकिने देखिन्छ। सोही उद्देश्यले डिभिजन वन कार्यालयहरू मार्फत दिगो वन व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन गर्न यो कार्यक्रम कार्यान्वयन गरिनेछ।

**उद्देश्य**

दिगो वन व्यवस्थापन तथा वन सम्बर्द्धनका क्रियाकलापहरू कार्यान्वयन गरी वनको उत्पादकत्व वृद्धि गर्दै काठ उत्पादन बढाउने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनका लागि वन तथा भू-संरक्षण विभागले डिभिजन वन कार्यालयहरू तथा वन पैदावार विकास समितिबाट बाट दिगो वन व्यवस्थापनमार्फत काठ उत्पादन गर्ने सम्बन्धी योजना माग गर्नेछ। डिभिजन वन कार्यालयहरूले आफ्नो कार्यक्षेत्रभित्र काठ उत्पादन वृद्धि गर्न सकिने सम्भावित वन क्षेत्र, प्रस्तावित वन व्यवस्थापन क्रियाकलाप, अपेक्षित काठ उत्पादन प्रतिबद्धता, आवश्यक बजेट तथा कार्यान्वयन समयतालिका सहितको योजना विभागमा पेश गर्नेछन्। प्रस्तावित योजनामा निम्न क्रियाकलापहरू समावेश गर्न सकिनेछः

- स्वीकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन।
- कार्ययोजना नवीकरण तथा परिमार्जनमा सहजीकरण।
- वन स्रोत सर्वेक्षण, inventory तथा growing stock assessment
- thinning, pruning, cleaning, singling, improvement felling, regeneration promotion लगायतका वन सम्बर्द्धन क्रियाकलाप।
- block/compartment सीमांकन, plot demarcation, tagging तथा अभिलेखीकरण।
- digital inventory, GIS/GPS mapping तथा नयाँ प्रविधिको प्रयोग।
- काठ उत्पादन, संकलन, घाटगद्दी, यार्डिंग, अभिलेख तथा बजार व्यवस्थापनसँग सम्बन्धित कार्यहरू।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- regeneration protection, grazing control, fire line maintenance तथा संरक्षणसम्बन्धी सहायक क्रियाकलाप।

डिभिजन वन कार्यालयबाट प्राप्त योजनाहरू मध्य उपयुक्त देखिएका डिभिजन वन कार्यालयहरूलाई विभागीय निर्णय बमोजिम बजेट उपलब्ध गराइनेछ। उपयुक्त देखिएका प्रस्तावहरू विभागीय निर्णयबाट स्वीकृत गरिनेछ। स्वीकृत प्रस्ताव अनुसार सम्बन्धित निकायसँग सम्झौता/निर्णय गरी कार्यक्रम सञ्चालनार्थ रकम उपलब्ध गराइनेछ। कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही नर्म्स, सार्वजनिक खर्चको मापदण्ड, आर्थिक कार्यविधि, सार्वजनिक खरिद ऐन/नियमावली तथा प्रचलित कानूनअनुसार कार्यान्वयन गर्नुपर्नेछ।

स्वीकृत रकम निकाय/कार्यालयको विविध खातामा दाखिला गरिनेछ। सो रकमबाट स्वीकृत प्रस्ताव र सम्झौता/निर्णय अनुसार कार्यक्रम सञ्चालन गरिनेछ। रकम प्राप्त गर्ने निकायले खर्च विवरण, बिल-बिजक, कार्यसम्पन्न प्रतिवेदन र जाँचपास (डि.व.का.बाट गराउने), प्रगति प्रतिवेदन तयार गरी वन तथा भू-संरक्षण विभागमा पेश गर्नुपर्नेछ।

कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित निकायले उपलब्धि, खर्च विवरण, फोटो, कार्यान्वयन अवस्था, उत्पादन वृद्धिको सम्भावना, समस्या तथा सुझावसहितको प्रतिवेदन विभागमा पेश गर्नेछ। कार्यक्रम प्रारम्भ गर्नु अघि जानकारी गराउने र सम्पन्न भएपछि लेखा परीक्षण सम्बन्धित निकाय आफैले गर्नुपर्नेछ | यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट दिगो वन व्यवस्थापन क्रियाकलापहरूको कार्यान्वयन, स्थलगत अनुगमन, प्राविधिक सहजीकरण तथा प्रतिवेदन तयारीमा खर्च गर्न सकिनेछ। साथै कार्यक्रम कार्यान्वयन तथा अनुगमनका लागि आवश्यक दैनिक भ्रमण भत्ता, यातायात खर्च, सवारी साधन भाडा, इन्धन, स्टेशनरी, नापजाँच/अभिलेखीकरण सामग्री, बैठक/छलफल तथा अन्य स्वीकृत लागत अनुमानअनुसारका खर्चहरूमा समेत बजेट प्रयोग गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- दिगो वन व्यवस्थापनमार्फत काठ उत्पादन वृद्धि हुनेछ।
- डिभिजन वन कार्यालयहरूबाट वन सम्बर्द्धनका क्रियाकलापहरू प्रभावकारी रूपमा कार्यान्वयन हुनेछन्।
- वनको उत्पादकत्व, regeneration अवस्था र stand quality मा सुधार हुनेछ।
- वन स्रोतको अभिलेखीकरण, सीमांकन तथा व्यवस्थापन प्रणालीमा सुधार हुनेछ।
- देशको आन्तरिक काठ आपूर्तिमा योगदान पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम वन तथा भू-संरक्षण विभागको समन्वय र डिभिजन वन कार्यालयहरूको प्रत्यक्ष कार्यान्वयनमा सञ्चालन गरिनेछ। विभागले योजना मूल्यांकन, बजेट व्यवस्थापन तथा अनुगमन सहजीकरण गर्नेछ। डिभिजन वन कार्यालयमा उपलब्ध प्राविधिक तथा प्रशासनिक जनशक्ति परिचालन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार विषय विज्ञ वा सेवा प्रदायकको सेवा प्रचलित नियमअनुसार लिन सकिनेछ।

**अनुगमन योजना**

कार्यक्रमको अनुगमन तथा प्रमाणिकरणका लागि निम्न कागजातहरू राखिनेछः

- डिभिजन वन कार्यालयबाट प्राप्त योजना।
- स्वीकृत कार्ययोजना तथा लागत अनुमान।



महानिर्देशक

- कार्यान्वयन प्रगति विवरण।
- स्थलगत अनुगमन प्रतिवेदन तथा फोटो।
- खर्च विवरण, बिल-बिजक तथा भुक्तानी कागजात।
- उत्पादन भएको/हुने काठको विवरण।
- अन्तिम कार्यसम्पन्न प्रतिवेदन।
- स्थलगत अनुगमन प्रतिवेदन तथा फोटोहरू।
- कार्यक्रम कार्यान्वयन प्रतिवेदन।
- वन तथा भू-संरक्षण विभागमा पेश गरिएको अन्तिम कार्यसम्पन्न प्रतिवेदन।

## ४.२ अगरउड डेमोप्लट तथा वृक्षारोपण क्षेत्रको सम्वर्धन, ईनोकुलेसन र अनुसन्धान

**पृष्ठभूमि**

अगरउड व्यवसायिक सुगन्धित तेल उत्पादनका लागि निजी जग्गामा वृक्षारोपणका लागि आकर्षक आयातित प्रजातिको रुपमा देखा परेको छ । अगरउडबाट सुगन्धित तेल प्राप्त गर्न सकिने गरी अगरउडको वृक्षारोपणलाई विकसित गर्न प्राकृतिक रुपमा लामो समय लाग्ने भएकाले छिटो र सहज रुपमा व्यवसायिक सुगन्धित तेल उत्पादन योग्य वृक्ष वनाउन कृत्रिम रुपमा इनोकुलेसनको बारे जानकारी गरिन्छ।

**उद्देश्य**

- इनोकुलेसन प्रविधि सम्वन्धी ज्ञान भएका विज्ञहरुबाट डेमोप्लट तथा वृक्षारोपण क्षेत्रमा हुर्काइएका अगरउडमा इनोकुलेसन प्रविधि विस्तार गर्ने,
- गत आ.व.हरुमा बनाइएका डेमोप्लट तथा वृक्षारोपण क्षेत्रहरुको नियमित अनुगमन रेखदेख तथा सम्बर्धन गर्ने
- अगरउडको इनोकुलेशनको प्रभावकारीताको बारेमा अनुसन्धान गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

आ.व. ०७७/७८ मा दुई ठाउँमा वृक्षारोपण र दुई ठाउँमा डेमोप्लट निर्माण गरिएको थियो । यस कार्यक्रममा गत आ.व.हरुमा बनाइएका डेमोप्लट तथा वृक्षारोपण क्षेत्रहरुको नियमित अनुगमन रेखदेख तथा सम्बर्धन समेत गरिनेछ। यो कार्यक्रम कार्यान्वयन गर्दा अगरउडको इनोकुलेशन प्रविधि विस्तार गर्ने कार्यको परिपुरक कार्यक्रमको रुपमा कार्यान्वयन गरिने छ । साथै अगरउडको इनोकुलेशनको प्रभावकारीताको बारेमा अनुसन्धान समेत गरिनेछ।

यसका लागि कार्य विवरण र लागत अनुमान स्वीकृत गरि कार्यक्रम कार्यान्वयन गरिने छ । यस कार्यको लागि विनियोजित बजेट बाट वृक्षारोपण क्षेत्र तथा डेमोप्लटको तारवार मर्मत, रुखहरुको तथ्यांक अपडेट लगायत दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, खाजा, समुहगत छलफल, अन्तरक्रिया, प्रतिवेदन तयार, अगरउडको Inventory तथा छनौट गरिएको क्षेत्रमा इनोकुलेसन विस्तार आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- अगरउड खेतीमा संलग्न किसानहरुको पहिचान तथा इनोकुलेसन कार्यका लागि आवश्यक प्रविधिको ज्ञान आर्जन तथा विस्तार हुनेछ ।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- अगरउडको डेमो प्लट तथा वृक्षारोपण क्षेत्र व्यवस्थित र संरक्षित हुनेछ ।
- अगरउड ईनोकुलेसनको प्राभावकारिताको बारेमा अनुसन्धान हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति साथै परामर्श सेवा प्रदायक मार्फत विषय विज्ञको सेवा समेत खरिद गरी यो कार्य सञ्चालन गरिनेछ।

**अनुगमन योजना**

- श्रोत सर्वेक्षणको तथ्याङ्क
- प्रतिवेदन

## ४.३ मानव वन्यजन्तु द्वन्द्र न्यूनीकरणको लागि बाघ तथा चितुवा लगायतका वन्यजन्तुको ह्याण्डलिङका लागि डार्टगन प्रयोग सम्बन्धी तालिम

**पृष्ठभूमि**

नेपालको वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा मानव वन्यजन्तु द्वन्द मुख्य समस्याको रुपमा रही आएको छ। मानव बस्ति तथा कृषि भूमिमा प्रवेश गरेका बाघ तथा चितुवा लगायत अन्य वन्यजन्तु, घाईते तथा रोगी बन्यजन्तु एवं समस्याग्रस्त वन्यजन्तुहरुको ह्याण्डलिङ्ग गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक देखिन्छ।

**उद्देश्य**

वन्यजन्तु ह्याण्डलिङ गर्नका लागि डार्टगन प्रयोग सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

तालिमको लागि गत आ.व. मा तयार भएको पाठ्यक्रम प्रयोग गरिनेछ। यस तालिममा डिभिजन वन कार्यालयमा कार्यरत सशस्त्र वन रक्षक र वन रक्षकलाई सहभागी गराइने छ। तालिमको पाठ्यक्रम अनुसार तालिम सञ्चालनको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष वा यस किसिमको टिम परिचालन भएका डिभिजन वन कार्यालयहरुबाट र यस सम्बन्धी विशेषज्ञ व्यक्ति (सेवा निबृत्त भएका) लाई तालिम सहजकर्ताको रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ। विनियोजित बजेट तालिम सञ्चालन गर्नको लागि आवश्यक सामग्री खरिद, दैनिक भ्रमण खर्च, खाजा खर्च, हल भाडा, प्रशिक्षण भत्ता, प्रशिक्षण सामग्री तयारी, प्रमाण पत्र तयारी लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गरिने छ। तालिम सम्पन्न प्रतिवेदन तयार पश्चात् खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको ह्याण्डलिङका लागि डार्टगन प्रयोग गर्न सक्ने दक्ष र सक्षम प्राविधिक जनशक्ति उत्पादन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको मौजुदा जनशक्ति, विषय विज्ञ लगायत संरक्षण साझेदारको सहकार्यमा क्रियाकलाप कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन ।
- आवश्यक कागजात।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## ४.४ वन तथा वन्यजन्तु सम्बन्धी नीति/कार्यविधि/मापदण्ड/निर्देशिका/मार्गदर्शन लगायतका कानुनी दस्तावेज निर्माण तथा परिमार्जन

**पृष्ठभूमि**

वन ऐन, २०७६ अनुरुप तयार गर्नु पर्ने नियमावली, निर्देशिका र मापदण्डहरुका अतिरिक्त वन तथा भू-संरक्षण विभागबाट सार्वजनिक चासो र सरोकारका विषयमा सेवा प्रवाह गर्दा अपनाउनु पर्ने कार्यविधिहरु र अवलम्वन गर्नुपर्ने मापदण्ड तयार गर्ने कार्यमा यस शिर्षकमा विनियोजित बजेट खर्च गरिनेछ। वन तथा भू-संरक्षण विभागवाट विगत देखि वितरण गरिदै आएका पुरस्कारहरुको कार्यविधि पुनरावलोकन गर्ने तथा बनाउने कार्य पनि यसै शिर्षकबाट सम्पन्न गरिनेछ।

**उद्देश्य**

वन तथा भू-संरक्षण विभागसँग सम्बन्धित कानूनी दस्तावेज निर्माण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

नीति, निर्देशिका, मापदण्ड, कार्यविधि लगायतका कानुनी दस्तावेज तयारी तथा परिमार्जनका लागि अवधारणा पत्र सहित सरोकारवाला संघ/संस्थाका प्रतिनिधि सम्मिलित एक कार्यदल गठन गरिनेछ। वन ऐन तथा वन नियमावलीले निर्धारण गरेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा अन्य कानूनी दस्तावेज तयार तथा परिमार्जन गर्न सरोकारवाला निकायहरुसँग समन्वय बैठक, कार्यदलको नियमित बैठक, आवश्यकता अनुसार विज्ञसँग परामर्श तथा आवश्यकता अनुरुप कार्यशाला गोष्ठी सहित जानकारी संकलन तथा मस्यौदा तयार गरिनेछ। विभिन्न सरोकारवाला निकायहरुको सुझाव संकलन गरी मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि पेश गरिनेछ। यस कार्यक्रम अन्तर्गत बैठक भत्ता, दैनिक भ्रमण भत्ता, खाजा, होटल/आवास खर्च, स्टेसनरी, पुस्तक प्रकासन लगायतका विषयमा स्वीकृत लागत अनुमान बमोजिम बजेट खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- वनसँग सम्बन्धीत निर्देशिका, कार्यविधि लगायत अन्य कानूनी दस्तावेज निर्माण हुने।
- वन तथा भू-संरक्षण विभागको लागि आवश्यक कार्यविधिहरु निर्माण हुने।
- वन व्यवस्थापन र सेवा प्रवाहसँग सम्वन्धित पुरस्कार वितरण कार्यविधिहरु अद्यावधिक हुने।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति, दातृ निकायहरुको लागत सहभागिता, विषय विज्ञ तथा सेवा प्रदायकबाट कार्य सञ्चालन गर्न सकिने छ।

**अनुगमन योजना**

बैठक निर्णय पुस्तिका, बिल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

## ४.५ कबुलियती वनको सम्भाव्यता अध्ययन तथा सहजिकरण

### पृष्ठभूमि

वन नियमावली, २०७९ को नियमा ६७ उपनियम (१) मा डिभिजनल वन अधिकृतले नियम १४ बमोजिमको रणनीतिक योजनाको अधीनमा रही ऐनको दफा २६ को उपदफा (१) बमोजिमको कबुलियती वन उपलब्ध गराउन सकिने वनक्षेत्रको विवरण वार्षिक रुपमा अद्यावधिक गरी विभाग तथा प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेको । सोही नियमको उपनियम (३) मा विभागले उपनियम (१) बमोजिम प्राप्त विवरणको आधारमा आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी राष्ट्रिय वनको त्यस्तो भाग कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त हुने देखेमा सो सम्बन्धी आवश्यक विवरण खुलाई विभिन्न वनक्षेत्रको लागि (प्रत्येक वर्ष भदौ तथा माघ महिनाको पहिलो हप्तामा गरी दुई पटक) राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिने सूचना प्रकाशन गरी सिलबन्दी प्रस्ताव आह्वान गर्नु पर्नेछ। यस्तो प्रस्ताव आह्वान सम्बन्धी सूचना विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । माथि उल्लेखित नियमहरुको प्रभावकारी कार्यान्वयनको लागी यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

### उद्देश्य

व्यवसायिक कबुलियती वनको लागि विभागबाट आवश्यक सहजिकरण गर्नु यस कार्यक्रमको उद्वेश्य रहेको छ ।

### कार्यान्वयन प्रक्रिया

व्यवसायिक कबुलियती वनका लागि प्रस्ताव आह्वान गर्न विभागबाट सूचना प्रकाशन गरिनेछ। आवश्यकताका आधारमा प्रस्तावित कबुलियती वन क्षेत्रको स्थलगत अनुगमन गरिनेछ। यस कार्यक्रमका लागि विनियोजित बजेट सूचना प्रकाशन, स्थलगत अनुगमन, स्टेशनरी तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित अन्य आवश्यक कार्यहरूमा प्रचलित कानुन तथा स्वीकृत मापदण्डबमोजिम खर्च गर्न सकिनेछ।

### अपेक्षित उपलब्धि

वन नियमावली, २०७९ ले प्रावधान गरेको कबुलियती वन विकासमा सहजिकरण भई कबुलियती वन विस्तारमा सहयोग पुग्नेछ ।

### जनशक्ति व्यवस्थापन

कार्यक्रम सञ्चालनको लागी वन तथा भू-संरक्षण विभाग अन्तर्गत वन व्यवस्थापन शाखाका प्राविधिक कर्मचारी तथा विभागका अन्य प्राविधिक कर्मचारी समेतको सहयोगमा जनशक्ति व्यवस्थापन गरिने छ ।

### अनुगमन योजना

अध्ययन तथा अनुगमन प्रतिवेदन

## 4.6 मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण/राहत वितरण (संरक्षित क्षेत्र बाहिर)

### पृष्ठभूमि

नेपालमा वन क्षेत्रको संरक्षण, जैविक विविधताको संरक्षण तथा वन्यजन्तुको संख्या र बासस्थान सुधार हुँदै गएको सन्दर्भमा वन्यजन्तुहरू मानव बस्ती, कृषि क्षेत्र तथा सार्वजनिक क्षेत्रमा प्रवेश गर्ने घटनाहरू बढ्दो क्रममा देखिएका



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

छन्। विशेषगरी संरक्षित क्षेत्र बाहिरका राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, निजी वन तथा वन आसपासका बस्तीहरूमा बाघ, चितुवा, हात्ती, भालु, बाँदर, बँदेल, सर्प लगायतका वन्यजन्तुबाट मानवीय क्षति, पशुधन क्षति, अन्नबाली क्षति, घरगोठ तथा अन्य सम्पत्तिमा क्षति पुग्ने अवस्था देखिएको छ। यसले स्थानीय समुदायको जीविकोपार्जन, वन्यजन्तुप्रतिको धारणा, वन संरक्षणमा समुदायको सहभागिता तथा वन व्यवस्थापनको समग्र प्रभावकारितामा प्रत्यक्ष असर पार्ने भएकाले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण वन व्यवस्थापनको महत्वपूर्ण प्राथमिकताको रूपमा रहेको छ।

संरक्षित क्षेत्र बाहिर हुने मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि समस्याग्रस्त, घाइते, बस्तीमा प्रवेश गरेका वा उद्धार गर्नुपर्ने वन्यजन्तुको सुरक्षित नियन्त्रण, उपचार, स्थानान्तरण तथा उद्धारका लागि आवश्यक औषधी, डार्टगन, डार्ट, cage, trap, safety gear लगायतका उद्धार सामग्रीको समयमै उपलब्धता आवश्यक हुन्छ। फिल्डस्तरमा यस्ता सामग्री तथा उपकरणको अभाव हुँदा उद्धार कार्य ढिलो हुने, मानवीय जोखिम बढ्ने, वन्यजन्तुको क्षति हुन सक्ने तथा स्थानीय स्तरमा तनाव सिर्जना हुने सम्भावना रहन्छ। त्यसैले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक उपकरण तथा सामग्रीको व्यवस्थापन, सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि र तदारुकताका साथ उद्धार कार्य सञ्चालन गर्न यो कार्यक्रम आवश्यक देखिएको छ।

साथै, मानव-वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार तथा समुदायलाई राज्यको तर्फबाट राहत उपलब्ध गराउनु सामाजिक न्याय, संरक्षणप्रतिको सकारात्मक धारणा निर्माण र समुदाय-आधारित वन्यजन्तु संरक्षणलाई सुदृढ बनाउने महत्वपूर्ण माध्यम हो। संरक्षित क्षेत्र बाहिर हुने मानव-वन्यजन्तु द्वन्द्वका पीडितलाई प्रचलित मानव-वन्यजन्तु द्वन्द्व राहत वितरणसम्बन्धी निर्देशिका बमोजिम राहत उपलब्ध गराउन प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय तथा अन्य सम्बन्धित निकायबाट आवश्यक कागजातसहित सिफारिस प्राप्त गरी विभागबाट राहत वितरण गरिनेछ। यस कार्यक्रममार्फत उद्धार सामग्री तथा औषधी खरिद, वन्यजन्तु उद्धार कार्यमा सहजीकरण र पीडितलाई राहत वितरण गरी संरक्षित क्षेत्र बाहिर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जोखिम व्यवस्थापन र समुदायको संरक्षणप्रतिको सहभागिता अभिवृद्धिमा सहयोग पुग्नेछ।

**उद्देश्य**

संरक्षित क्षेत्र बाहिर हुने मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक औषधी, उपकरण तथा उद्धार सामग्री उपलब्ध गराउने र द्वन्द्वबाट प्रभावित पीडितलाई प्रचलित राहत वितरण निर्देशिका/कार्यविधि बमोजिम राहत उपलब्ध गराउने।

विशेष उद्देश्यहरू

- समस्याग्रस्त, घाइते वा मानव बस्तीमा प्रवेश गरेका वन्यजन्तुको सुरक्षित ह्याण्डलिङ तथा उद्धारमा सहयोग गर्ने।
- वन्यजन्तु उद्धार तथा नियन्त्रण कार्यका लागि आवश्यक डार्टगन, औषधी र सामग्री उपलब्ध गराउने।
- संरक्षित क्षेत्र बाहिर मानव-वन्यजन्तु द्वन्द्वबाट प्रभावित पीडितलाई राहत वितरण गर्ने।
- प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय तथा सम्बन्धित निकायहरूबीच समन्वय सुदृढ गर्ने।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम तीन शीर्षकमा सञ्चालन गरिनेछः

१. डार्टगन तथा औषधी खरिद

मानव बस्ती, कृषि भूमि वा वन क्षेत्र आसपास प्रवेश गरेका समस्याग्रस्त, घाइते वा उद्धार गर्नुपर्ने वन्यजन्तुको सुरक्षित ह्याण्डलिङका लागि आवश्यक औषधी, डार्ट, डार्टगन तथा सम्बन्धित आवश्यक सामग्री खरिद गरिनेछ।

यस अन्तर्गतः

- आवश्यक औषधी तथा उपकरणको विवरण तयार गरिनेछ।
- लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि बमोजिम खरिद प्रक्रिया अघि बढाइनेछ।
- खरिद गरिएका सामग्री आवश्यकताको आधारमा सम्बन्धित प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय वा उद्धार कार्यमा संलग्न निकायलाई विभागीय निर्णयबाट उपलब्ध गराउन सकिनेछ।
- प्रयोग, मौज्दात, वितरण तथा हस्तान्तरणको अभिलेख राखिनेछ।

२. वन्यजन्तु उद्धार सामग्री खरिद

वन्यजन्तु उद्धार तथा द्वन्द्व न्यूनीकरणका लागि आवश्यक cage, trap, net, helmet, gloves, boots, safety gear, snake rescue materials, transport cage, rope, torch, GPS/camera , Drone लगायतका सामग्री खरिद गर्न सकिनेछ।

यस अन्तर्गतः

- लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि बमोजिम खरिद प्रक्रिया अघि बढाइनेछ।
- खरिद गरिएका सामग्री आवश्यकताको आधारमा सम्बन्धित प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय वा उद्धार कार्यमा संलग्न निकायलाई विभागीय निर्णयबाट उपलब्ध गराउन सकिनेछ।
- प्रयोग, मौज्दात, वितरण तथा हस्तान्तरणको अभिलेख राखिनेछ।
- डिभिजन वन कार्यालयले सामान खरिदको लागि माग गरेमा विभागीय निर्णयबाट स्वीकृत रकम सम्बन्धित डिभिजन वन कार्यालयसँग सम्झौता गरी सो कार्यालयको विविध खातामा दाखिला गर्न सकिनेछ । सो रकमबाट स्वीकृत सम्झौता/निर्णय अनुसार कार्यक्रम सञ्चालन गरिनेछ। रकम प्राप्त गर्ने निकायले खर्च विवरण, बिल-बिजक, कार्यसम्पन्न प्रतिवेदन, प्रगति प्रतिवेदन तथा लेखा परीक्षण आफैं गरी वन तथा भू-संरक्षण विभागमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

३. राहत वितरण

संरक्षित क्षेत्र बाहिर मानव-वन्यजन्तु द्वन्द्वबाट प्रभावित पीडितलाई **मानव-वन्यजन्तु द्वन्द्व राहत वितरण सम्बन्धी प्रचलित कार्यविधि** बमोजिम राहत उपलब्ध गराइनेछ।

यस अन्तर्गत

- प्रदेश वन निर्देशनालयले आवश्यक कागजातसहित पीडितको विवरण वन तथा भू-संरक्षण विभागमा सिफारिस गर्नेछ।

- प्रदेश वन निर्देशनालयबाट प्राप्त सिफारिस, कागजात र राहत रकमको आधार परीक्षण गरी विभागीय निर्णय गरिनेछ।
- निर्णय बमोजिम पीडितलाई प्रचलित निर्देशिका/कार्यविधिमा तोकिएको दर र प्रक्रिया अनुसार राहत रकम उपलब्ध गराइनेछ।
- निर्णय बमोजिम पीडकहरु संग पुग्ने गरी एकमुष्ट रकम सम्बन्धित प्रदेश वन निर्देशनालयको खातामा दाखिला गर्न सकिनेछ ।
- राहत वितरणको अभिलेख, बैंक विवरण/भुक्तानी प्रमाण, सिफारिस पत्र, निर्णय तथा अन्य कागजात सुरक्षित राखिनेछ।

**अपेक्षित उपलब्धि**

- संरक्षित क्षेत्र बाहिर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्नेछ।
- समस्याग्रस्त तथा घाइते वन्यजन्तुको सुरक्षित उद्धार र व्यवस्थापनमा सहजता आउनेछ।
- डार्टगन, औषधी तथा उद्धार सामग्रीको उपलब्धताबाट फिल्डस्तरको उद्धार क्षमता बढ्नेछ।
- मानव-वन्यजन्तु द्वन्द्वबाट प्रभावित पीडितले प्रचलित कार्यविधि बमोजिम राहत प्राप्त गर्नेछन्।
- प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र विभागबीच राहत वितरण तथा उद्धार व्यवस्थापनमा समन्वय सुदृढ हुनेछ।
- राहत वितरण तथा उद्धार कार्यको अभिलेख व्यवस्थित हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम वन तथा भू-संरक्षण विभागको समन्वय र निर्णय बमोजिम सञ्चालन गरिनेछ। विभागमा उपलब्ध प्राविधिक तथा प्रशासनिक जनशक्ति परिचालन गरिनेछ। आवश्यकता अनुसार प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, वन्यजन्तु उद्धार टोली, पशु चिकित्सक, राष्ट्रिय प्रकृति संरक्षण कोष, सुरक्षा निकाय, स्थानीय तह तथा विषय विज्ञको सहयोग लिन सकिनेछ। राहत वितरणको हकमा प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय निकायबाट प्राप्त सिफारिस र कागजातका आधारमा विभागले निर्णय गरी राहत उपलब्ध गराउनेछ।

**अनुगमन योजना**

कार्यक्रमको अनुगमन तथा प्रमाणिकरणका लागि निम्न कागजातहरू राखिनेछः

- खरिद भएका डार्टगन, औषधी तथा उद्धार सामग्रीको विवरण।
- सामग्री खरिदसम्बन्धी लागत अनुमान, स्वीकृति, बिल-बिजक तथा दाखिला प्रतिवेदन।
- सामग्री हस्तान्तरण तथा मौज्दात अभिलेख।
- उद्धार गरिएका वन्यजन्तुको विवरण, फोटो तथा प्रतिवेदन।
- मानव-वन्यजन्तु द्वन्द्व पीडितको निवेदन तथा कागजात।
- डिभिजन वन कार्यालय/प्रदेश वन निर्देशनालयको सिफारिस।
- राहत वितरणसम्बन्धी विभागीय निर्णय।
- राहत रकम भुक्तानी प्रमाण।
- राहत प्राप्त गर्ने पीडितको अभिलेख।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४.७ वन संरक्षण क्षेत्रमा व्यवस्थापन योजना कार्यान्वयनमा सहजीकरण

### पृष्ठभूमि

नेपालका वन संरक्षण क्षेत्रहरूमा जैविक विविधता संरक्षण, वन स्रोतको दिगो व्यवस्थापन, स्थानीय समुदायको सहभागिता, वन पैदावारको सदुपयोग, जलाधार संरक्षण, वन्यजन्तु संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जीविकोपार्जन सुधारका विभिन्न कार्यक्रमहरू व्यवस्थापन योजनाका आधारमा सञ्चालन हुँदै आएका छन्।

स्वीकृत व्यवस्थापन योजनामा उल्लेखित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भए/नभएको, कार्यक्रमहरूको गुणस्तर र उपलब्धि कस्तो रहेको, स्थानीय आवश्यकता र संरक्षण प्राथमिकतासँग कार्यक्रमहरू मेल खाए/नखाएको तथा आगामी वर्षहरूमा कुन प्रकारका कार्यक्रमहरू थप गर्नुपर्ने हो भन्ने विषयमा स्थलगत अनुगमन तथा सहजीकरण आवश्यक देखिन्छ।

सोही सन्दर्भमा वन संरक्षण क्षेत्रहरूको स्थलगत भ्रमण, अनुगमन, अन्तरक्रिया तथा व्यवस्थापन योजना कार्यान्वयन अवस्थाको समीक्षा गरी आवश्यक सहजीकरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

### उद्देश्य

वन संरक्षण क्षेत्रहरूको स्थलगत अवलोकन तथा अनुगमन गरी व्यवस्थापन योजना अनुसार कार्यक्रमहरू सञ्चालन भए/नभएको मूल्याङ्कन गर्ने र आगामी दिनमा थप गर्नुपर्ने कार्यक्रमहरूको पहिचान तथा सहजीकरण गर्ने।

### कार्यान्वयन प्रक्रिया

कार्यक्रम सञ्चालनका लागि अवधारणा पत्र, कार्यतालिका, भ्रमण योजना तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। स्वीकृत बजेट, नेपाल सरकारको नर्म्स, सार्वजनिक खर्चको मापदण्ड, प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिद ऐन/नियमावली तथा सम्बन्धित कानूनी व्यवस्था बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ। स्वीकृत लागत अनुमान अनुसार भ्रमण खर्च, दैनिक भ्रमण भत्ता, यातायात/सवारी साधन भाडा वा इन्धन, बैठक/अन्तरक्रिया गोष्ठी खर्च, खाजा, स्टेशनरी, फिल्ड सामग्री, प्रतिवेदन तयारी तथा अन्य आवश्यक प्रशासनिक खर्चमा बजेट खर्च गर्न सकिनेछ।

### अपेक्षित उपलब्धि

- वन संरक्षण क्षेत्रहरूमा व्यवस्थापन योजना कार्यान्वयनमा सहजीकरण हुने र व्यवस्थापन योजना कार्यान्वयनको वास्तविक अवस्था चुनौती र सुधार गर्नुपर्ने पक्षहरू पहिचान भई आगामी योजना तथा बजेट तर्जुमामा सहयोग पुग्नेछ।
- सुझावसहितको स्थलगत अनुगमन प्रतिवेदन तयार हुनेछ।

### जनशक्ति व्यवस्थापन

कार्यक्रम वन तथा भू-संरक्षण विभाग/सम्बन्धित कार्यालयमा उपलब्ध प्राविधिक तथा प्रशासनिक जनशक्तिको संयोजनमा सञ्चालन गरिनेछ। आवश्यकता अनुसार सम्बन्धित प्रदेश मन्त्रालय, डिभिजन वन कार्यालय, वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद, स्थानीय तह, उपभोक्ता समूह, संरक्षण समिति तथा विषय विज्ञको सहयोग लिन सकिनेछ।

### अनुगमन योजना

- स्वीकृत अवधारणा पत्र, भ्रमण योजना र लागत अनुमान।
- स्थलगत अनुगमनका फोटोहरू।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

- कार्यसम्पन्न तथा अनुगमन प्रतिवेदन।
- खर्चसम्बन्धी बिल, भरपाई तथा अन्य आवश्यक कागजात।

## ४.८ वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागी भोगाधिकार दिएको आयोजनाहरुको अनुगमन र प्रतिवेदन तयार

**पृष्ठभूमि**

यस विभागबाट विभिन्न मितिमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम विभिन्न आयोजनाहरुले भोगाधिकार लिई वन क्षेत्रको प्रयोग गरिरहेका छन्। यसरी विभिन्न आयोजनाहरुले अन्य प्रयोजनका लागि लिइएको वन क्षेत्रको जग्गा प्राप्त गर्दा नेपाल सरकार (म.प.) को निर्णय बमोजिम यस विभाग र आयोजना बीच सम्झौता गरिने गरेको र सम्झौता बमोजिमको कार्यान्वयन अवस्थाका सम्बन्धमा अनुगमन गरी अद्यावधिक गर्न वाञ्छनिय रहेको। अन्य प्रयोजनमा गएका उक्त वन क्षेत्रहरुको सम्झौता बमोजिम कार्यान्वयन भए नभएको अवस्थाको बारेमा जानकारी लिनका लागि समय समयमा अनुगमन तथा मूल्यांकन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

**उद्देश्य**

विभिन्न विकास आयोजनाहरुले सम्झौता अनुरुप कार्य गरे नगरेको विषयमा अनुगमन गरी प्रतिवेदन तयारी गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत वर्षभरि अनुगमन गरिने आयोजना संख्याको आधारमा अनुगमन योजना तयार गरिनेछ र सो को आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। समय समयमा आवश्यकता अनुसार आकस्मिक रुपमा अनुगमन समेत गर्न सकिनेछ। अनुगमन पश्चात् संकलन गरिएको विवरणको आधारमा प्रतिवेदन तयार गरिनेछ। प्रतिवेदनको निश्कर्ष अनुरुप आवश्यकताको आधारमा आयोजनाहरुलाई सुझाव तथा निर्देशन दिईनेछ। विनियोजित बजेट स्थलगत भ्रमण, बैठक भत्ता, खाजा खर्च, यातायात खर्च, अन्तक्रिया गोष्ठी, प्रतिवेदन तयारी, अनुगमनका लागि चाहिने समाग्री (जिपिएस आदि) खरिद आदि कार्यमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

अन्य प्रयोजनका लागि उपलब्ध गराइएका वन क्षेत्रहरुको सम्झौता कार्यान्वयनको अवस्थाको बारेमा विवरण सहितको पुस्तिका तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको मौजुदा जनशक्ति तथा डिभिजन वन कार्यालयको सहयोगमा तथा समन्वयमा कार्य सञ्चालन गर्न सकिनेछ।

**अनुगमन योजना**

अनुगमन प्रतिवेदन।

## ४.९ वन डढेलो नियन्त्रणको लागि प्रचार प्रसार सामाग्री प्रकाशन उत्पादन र वितरण

**पृष्ठभूमि**

प्रत्यक वर्ष सुख्खायाममा वन क्षेत्रमा ठुलो मात्रामा डढेलो लाग्ने गरेको र केही वर्ष देखि प्रकोप कै रुपमा बढिरहेको र यसले वन, वन्यजन्तु र जैविक विविधता क्षति पुग्नुका साथै ठूलो मात्रामा प्राकृतिक तथा मानविय क्षति समेत हुने

गरेकोले यसको न्युनिकरण तथा नियन्त्रण गर्न अपरिहार्य देखिएको। वन डढेलोको कारक तत्व मध्ये मानवीय वन डढेलो प्रमुख हो। तसर्थ वन डढेलो रोकथाम गर्न जनसामुदायलाई सचेत गराउन जरुरत पर्दछ। तसर्थ वन डढेलो नियन्त्रणमा वनसंग जोडिएका स्थानीय समुदायलाई जिम्मेवार बनाउन साथै वन डढेलो रोकथाम गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**उद्देश्य**

वन डढेलो नियन्त्रण तथा रोकथामको विषयमा जनचेतना अभिवृद्धि गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- अवधारणापत्र र लागत अनुमान तयार
- पोस्टर. पुस्तिका, श्रव्यदृश्य तयारी
- छपाई वा प्रस्तुति

**अपेक्षित उपलब्धि**

- वन डढेलो व्यवस्थापन र नियन्त्रण सम्बन्धी सान्दर्भिक कानून र नीतिबारे सूचना प्रदान गर्नेछ।
- वनको महत्त्वको र वन डढेलो जोखिमबारे जानकारी प्रदान गर्न उनीहरूको बिचमा सचेतना जगाउनेछ।
- वन डढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि सामुदायिक सहभागिता र समन्वय बढाउनेछ।
- वन डढेलोको कारण, परिणाम र पारिस्थितिक प्रभावको बारेमा मानिसहरूको बुझाइ बढाउनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागका कर्मचारीहरु मार्फत सामग्री तयार गरी प्रचलित कानुन बमोजिम छपाई गरिनेछ।

**अनुगमन योजना**

प्रकाशन भएका सामाग्रीहरु।

## ४.१० राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि)

**पृष्ठभूमि**

वनको संरक्षण र व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समुह तथा व्याक्तिहरुलाई प्रोत्साहित गर्न र समुह तथा व्यक्तिले गरेका कार्यको प्रचार प्रसार गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। विगत देखिनै कार्यान्वयन हुदै आईरहेको यो कार्यक्रमको कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुरुप कार्यविवरण र लागत अनुमान महानिर्देशकवाट स्वीकृत गराई कार्यान्वयन गरिने छ।

**उद्देश्य**

वन तथा वातावरण संरक्षणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका वन समुह, व्यक्ति तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने।

**कार्यान्वयन प्रक्रिया**

राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि) का लागि आवेदन पेश गर्न सूचना प्रकाशन गरिनेछ। संकलित आवेदनहरूको स्वीकृत कार्यविधिको अधिनमा रही मूल्याङ्कन गर्न विज्ञ टोली सहितको मूल्याङ्कन समितिबाट प्राप्त आवेदनहरूको मूल्याङ्कन गरी पुरस्कारको घोषणाको लागि सिफारिस गरिनेछ।

विनियोजित बजेटबाट स्वीकृत कार्यविधि अनुरुप विषयगत पुरस्कारको लागि रकम, स्थलगत अनुगमनका लागि दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, खाजा तथा आवेदनहरुको मूल्याङ्कन फारममा प्रविष्टि तथा सत्यापन परीक्षण गर्ने कार्य, मूल्याङ्कनकर्ता विज्ञको पारिश्रमिक, मूल्याङ्कन समितिको बैठक भत्ता र खाजा खर्च, प्रमाण पत्र निर्माण तथा पुरस्कृत समुहका लागि आतेजाते यातायात तथा दैनिक भ्रमण भत्ता, समारोह आयोजना, प्रतिवेदन तयारी तथा पुरस्कृत समुहहरुको अनुगमन गर्ने कार्य आदिमा बजेट खर्च गर्ने गरी लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

**अपेक्षित उपलब्धि**

वनको संरक्षण र व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समुह तथा व्यक्तिहरु पुरस्कृत हुनेछन् ।

**जनशक्ति व्यवस्थापन**

पुरस्कारको मूल्यांकनका लागि स्वीकृत कार्यविधि अनुरुप मुल्यांकन समिति र विज्ञहरुको छनौट गरिनेछ। मूल्यांकन समितिहरुको बैठक लगायतका कार्यहरु आयोजना गर्न सम्वन्धित शाखामा उपलब्ध जनशक्तिवाट सचिवालय सञ्चालन हुनेछ भने मुल्यांकन समिति र विज्ञहरुको सहयोगका लागि एकजना वन प्राविधिकलाई सेवा करारमा लिन सकिने छ।

**अनुगमन योजना**

पुरस्कृत समुह, व्यक्ति र कर्मचारीको विवरण अभिलेख।

### ४.११ सामुदायिक वन दिवस, सिमसार दिवस, वातावरण संरक्षण दिवस, जैविक विविधता संरक्षण दिवस, भू-संरक्षण दिवस, वन दिवस, पृथ्वी दिवस, लगायतका समारोह

**पृष्ठभूमि**

विभिन्न संरक्षण दिवसहरु मार्फत सरोकारवाला तथा समुदायहरुमा सामुदायिक वन, भू-संरक्षण, वातावरण संरक्षण, वन संरक्षण जस्ता विषयमा सचेतना अभिवृद्धि गर्दै संरक्षण प्रयासमा बढी उत्तरदायी बनाउने यो कार्यक्रमको लक्ष्य रहेको छ ।

**उद्देश्य**

वन तथा वातावरण क्षेत्रको बारेमा आम जन समुदाय एवं सरोकारवाला निकायहरुमा जनचेतना अभिवृद्धि गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ ।

**कार्यान्वयन प्रक्रिया**

- विभिन्न सरोकारवालाहरु माझ संरक्षण सन्देश पुगोस् भन्ने हेतु यस अन्तर्गत निम्मानुसारका क्रियाकलापहरु गर्न सकिनेछ ।

महानिर्देशक

- वन दिवस, जैविक विविधता दिवस, सिमसार दिवस, सामुदायिक वन दिवस, भू-संरक्षण दिवस, वातावरण दिवस लगायतका संरक्षण दिवस समारोह मनाउने,
- संरक्षण प्रचारप्रसार सामग्री उत्पादन तथा वितरण,
- संरक्षण अभियान
- विभिन्न माध्यमवाट संरक्षण सन्देश प्रसारण
- अन्तरक्रिया, गोष्ठी, प्रवचन
- वानस्पतिक तथा संरचनात्मक कार्य
- होर्डिङ्गवोर्ड निर्माण
- स्तम्भ निर्माण
- वृक्षारोपण तथा सरसफाई
- उपयुक्त क्रियाकलाप पहिचान तथा स्थानीय निकायसंगको समन्वयमा स्थल छनौट, सरोकारवाला समूह/समिति/निकायहरुसंगको सहकार्यमा दिवस समारोह आयोजना,
- लागत अनुमान तयारी तथा कार्यान्वयन,
- कार्यक्रम प्रतिवेदन तयारी ।

**अपेक्षित उपलब्धि**

विभिन्न सरोकारवालाहरु माझ सामुदायिक वन, वन संरक्षण, भू-संरक्षण तथा वातावरण संरक्षण प्रति उत्तरदायित्व अभिवृद्धि भई वन तथा जलाधार व्यवस्थापन कार्य प्रभावकारी हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

सम्वन्धित शाखामा उपलब्ध जनशक्ति परिचालन गरी कार्य सम्पन्न गरिने छ ।

**अनुगमन योजना**

वर्षभरि मनाईएको दिवसहरुको संख्याको आधारमा अनुगमन गरिनेछ ।

### ४.१२ सागरनाथ विकास परियोजनामा वन सम्बर्द्धनका क्रियाकलापहरुको स्थलगत अभ्यासको अवलोकन

**पृष्ठभूमि**

वनको दिगो व्यवस्थापनका लागि वन बालीको स्थापना, हुर्काइ, स्याहार-सम्भार, पुनरुत्पादन नियमन, thinning, pruning, regeneration management, harvesting practice, fire line management, coppice management लगायतका वन सम्बर्द्धनका क्रियाकलापहरू व्यवहारिक रूपमा बुझ्न आवश्यक रहन्छ। सागरनाथ विकास परियोजना वन विकास, वृक्षारोपण, उत्पादनमुखी वन व्यवस्थापन तथा वन सम्बर्द्धनका व्यवहारिक अभ्यासहरू अवलोकन गर्न उपयुक्त स्थल भएकाले यस परियोजनामा सञ्चालन भइरहेका वन सम्बर्द्धनका क्रियाकलापहरूको स्थलगत अभ्यास अवलोकन गरी प्राविधिक कर्मचारी, सरोकारवाला तथा सम्बन्धित निकायको क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

**उद्देश्य**

सागरनाथ विकास परियोजनामा सञ्चालन भइरहेका वन सम्बर्द्धनका व्यवहारिक क्रियाकलापहरूको स्थलगत अवलोकन तथा अभ्यासमार्फत प्राप्त सिकाइलाई अन्य वन व्यवस्थापन क्षेत्रमा प्रयोग गर्न सकिने सुझाव तयार गर्ने र दिगो वन व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान, सीप र अनुभव अभिवृद्धि गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनका लागि अवधारणा पत्र, कार्यतालिका तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। कार्यक्रम सञ्चालन गर्दा स्वीकृत बजेट, नेपाल सरकारको नर्म्स, सार्वजनिक खर्चको मापदण्ड, प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिद ऐन/नियमावली तथा सम्बन्धित मार्गदर्शनको परिधिभित्र रही खर्च गरिनेछ। कार्यविधिले पनि स्वीकृत बजेट, नर्म्स, जिल्ला/स्थानीय दररेट तथा प्रचलित कानुनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ। सहभागीको दैनिक भ्रमण खर्च, यातायात/सवारी साधन भाडा वा इन्धन, खाजा/खाना, स्टेशनरी, field safety सामग्री, सहजीकरण खर्च, प्रतिवेदन तयारी लगायतका शीर्षकमा स्वीकृत लागत अनुमानअनुसार खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- दिगो वन व्यवस्थापन र उत्पादनमुखी वन व्यवस्थापनका लागि वन सम्बर्द्धनका व्यवहारिक क्रियाकलापहरूबारे स्थलगत ज्ञान र सीप अभिवृद्धि हुनेछ।
- स्थलगत अवलोकन प्रतिवेदन तयार भई आगामी कार्यक्रम सुधार तथा नीति/कार्यक्रम तर्जुमामा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम विभाग/कार्यालयमा उपलब्ध प्राविधिक जनशक्तिको संयोजनमा सञ्चालन गरिनेछ। आवश्यकता अनुसार सागरनाथ विकास परियोजनाका प्राविधिक कर्मचारी, वन व्यवस्थापन/वन संवर्द्धन विज्ञ, सम्बन्धित डिभिजन वन कार्यालयका कर्मचारी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सहजीकरण तथा प्राविधिक सहयोगका लागि परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

कार्यक्रमको अनुगमन तथा प्रमाणिकरणका लागि निम्न कागजातहरू राखिनेछः

- स्वीकृत अवधारणा पत्र, कार्यतालिका र लागत अनुमान।
- कार्यसम्पन्न प्रतिवेदन।
- खर्चसम्बन्धी बिल, भरपाई तथा अन्य आवश्यक कागजात।

## ४.१३ WCCB गठन भएका जिल्लाहरुमा समन्वय तथा सहजीकरण

**पृष्ठभूमि**

वन्यजन्तु अपराध सम्बन्धमा सरोकारवाला निकायहरु बिच निरन्तर रुपमा सहकार्य र समन्वय स्थापित गर्नको लागि यो कार्यक्रम तय गरिएको हो।

**उद्देश्य**

विभिन्न सरोकारवाला निकायहरु बिच समन्वय एवं सहकार्य स्थापित गरी वन्यजन्तु अपराध नियन्त्रणमा टेवा पुऱ्याउने।

**कार्यान्वयन प्रक्रिया**

WCCB गठन भएको जिल्लामा यस संयन्त्रको विभिन्न सरोकारवाला/सदस्य निकायहरू रहेकाले वन/वन्यजन्तु अपराधका विभिन्न आयाम सम्बन्धमा साझा बुझाइ कायम गर्न सरोकारवाला निकायहरू जस्तैः जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्य सम्बन्धित संस्थाका प्रतिनिधिहरुसंग छलफल र अन्तरक्रिया गरिनेछ। छलफल र अन्तरक्रिया गरिने विषयवस्तुको अवधारणा पत्र तयार गरिनेछ। विनियोजित रकमबाट खाजा, भत्ता, यातायत लगायतका विवरणमा लागत् अनुमान स्वीकृत गरी खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

जिल्लाका विभिन्न निकायहरुसँगको सम्बन्ध विस्तार र सहकार्यबाट वनक्षेवको सुरक्षाको लागि वन अतिक्रमण, वन चोरी कटानी, वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको अवैध व्यापार जस्ता वनजन्य अपराध नियन्त्रणमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति परिचालन मार्फत कार्य सञ्चालन गर्न सकिने छ।

**अनुगमन योजना**

सहभागीको उपस्थिति विवरण, कार्यसम्पन्न प्रतिवेदन, छलफल/बैठकको तस्वीर।

## ४.१४ साईटिस प्रजातिका वन पैदावारको संकलन, ओसारपसार तथा प्रशोधन उद्योगको अनुगमन

**पृष्ठभूमि**

जटामसी साईटिस अनुसूची II मा पर्दछ। जटामसीको संकलन, ओसार पसार अनुमति डिभिजन वन कार्यालयहरुले दिने गरेका छन्। अन्य प्रजातिको हकमा यस विभागबाट संकलन तथा ओसारपसार अनुमति लिइ प्रशोधन गर्न उद्योग सम्म लैजाने गरेका छन्। विभाग तथा डिभिजन वन कार्यालयबाट छोडपूर्जि भई ओसार पसार गरेको अवस्थामा आकस्मिक रुपमा अनुगमन गर्न सकिनेछ। यस्ता उद्योगको अनुगमन गरी के कसरी प्रशोधन गर्ने गरिएको रहेछ भन्ने विवरण लिइने छ।

**उद्देश्य**

जडिबुटी प्रशोधन उद्योगले गर्ने कार्यको अनुगमन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत वर्षभरि अनुगमन गरिने उद्योगहरुको आधारमा अनुगमन योजना तयार गरी अनुगमन कार्य सम्पन्न गरेर प्रतिवेदन समेत तयार गरिनेछ। साथै आकस्मिक रुपमा संकलन तथा ओसार पसारको अनुगमन समेत गर्न सकिनेछ। यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने स्थलगत भ्रमण, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, खाजा खर्च, प्रतिवेदन तयारीमा खर्च गरी यो कार्य सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन पैदावार प्रशोधन उद्योगहरुको विवरण तथा उक्त उद्योगहरुबाट भए गरेको कार्यको बारेमा जानकारी प्राप्त हुनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**जनशक्ति व्यवस्थापन**

विभागको मौजुदा जनशक्तिबाट अनुगमन गरिनेछ।

**अनुगमन योजना**

अनुगमन प्रतिवेदन ।

## ४.१५ EIA/IEE अध्ययन सहजीकरण तथा अनुगमन

**पृष्ठभूमि**

यस विभागबाट समय समयमा विभिन्न संघ संस्थालाई IEE/EIA सहमति तथा सुझावहरु दिने गरिएको छ। त्यस्ता BES/IEE/EIA प्रतिवेदनको कार्यान्वयनको अवस्था बुझ्न अनुगमन गरिने छ। मन्त्रालय तथा अन्य निकायबाट BES/IEE/EIA अध्ययन गर्दा विभागको प्रतिनिधित्व गर्नु पर्ने अवस्थामा पनि आवश्यक सहजीकरण एवं अनुगमन गरिनेछ।

**उद्देश्य**

BES/IEE/EIA प्रतिवेदनको कार्यान्वयनको अवस्थाको बारे अनुगमन तथा सहजीकरण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनको अवस्थाको अनुगमन गरिनेछ। मन्त्रालय तथा अन्य निकायबाट BES/IEE/EIA अध्ययन गर्दा विभागको प्रतिनिधित्व गर्नु पर्ने अवस्थामा सहजीकरण एवं अनुगमन गरिनेछ। अनुगमन पश्चात अनुगमनको क्रममा देखिएका विषयवस्तु समेटी प्रतिवेदन तयार गरिनेछ। आवश्यकताको आधारमा अनुगमनको क्रममा विज्ञलाई समेत समावेस गर्न सकिनेछ। यसमा विनियोजित बजेट अनुगमन खाका तर्जुमा, दैनिक भ्रमण भत्ता, स्थलगत भ्रमण, सवारी साधन भाडामा लिने, इन्धन, बैठक भत्ता, अन्तर्क्रिया खर्च, प्रतिवेदन तयारीमा खर्च गरी यो कार्य सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

समय समयमा हुने अनुगमनले BES/IEE/EIA कार्यान्वयनको अवस्था बुझ्न सकिने छ तथा वातावरणीय अध्ययन प्रतिवेदनको गुणस्तर सुधार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गतका कर्मचारीहरु परिचालन गरी अनुगमन तथा प्रतिवेदन तयार गर्न सकिनेछ। साथै सो कार्यका लागि विषय विज्ञहरुसँग समन्वय गरी आवश्यक राय सुझाव लिन सकिनेछ।

**अनुगमन योजना**

- प्रतिवेदन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## ४.१६ शहरी वृक्षारोपण प्रयोजनार्थ गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने

**पृष्ठभूमि**

शहरी वृक्षारोपण प्रयोजनार्थस अग्ला, स्वास्थ तथा हुर्केका बिरुव हरु आवश्यक पर्ने हुँदा बहुबर्षीय विरुवालाई मात्र सो कार्यमा प्रयोग गर्ने हिसाबले यो कार्यक्रम राखिएको हो। शहरी प्रदुषणको चाप थाम्न सक्ने विरुवा मात्र शहरी वृक्षारोपणमा प्रयोग गरिने छ ।

**उद्देश्य**

शहरी वृक्षारोपण प्रयोजनार्थ स्वास्थ तथा अग्ला बहु बर्षीय विरुवा उत्पादन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

गत आ.ब. का स्वास्थ विरुवा छनौट गरि रूट प्रुन्निंग गरि थप potting mix सहित ठुलो पोली थैलोमा रुपान्तरण गर्ने कार्यका लागि लागत अनुमान तयार र स्वीकृत गरिनेछ । समयानुकुल रूट प्रुन्निंग, गोडमेल, Grading गरी स्वस्थ विरुवा तयार गरिनेछ तथा आवश्यकता अनुसार मलजल गर्ने, केही अति आवश्यक विरुवा आवश्यकता अनुसार उमार्ने र एक स्थानबाट (नर्सरी) अर्को नर्सरीमा ढुवानी कार्य गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

स्वास्थ बहुबर्शिया विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरि अमानतबाट गरिनेछ। आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

उत्पादन तथा वितरण गरिएको स्वस्थ विरुवा ।

## ४.१७ गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने

**पृष्ठभूमि**

शहरी वृक्षारोपण प्रयोजनार्थ अग्ला, स्वस्थ तथा हुर्केका विरुवाहरु आवस्यक पर्ने हुँदा बहु बर्षीय विरुवालाई मात्र सो कार्यमा प्रयोग गर्ने हिसाबले यो कार्यक्रम राखिएको हो । शहरी प्रदुषणको चाप थाम्न सक्ने विरुवा मात्र शहरी वृक्षारोपणमा प्रयोग गरिने छ ।

**उद्देश्य**

शहरी वृक्षारोपण प्रयोजनार्थ स्वास्थ तथा अग्ला बहु बर्षीय विरुवा उत्पादन गर्ने

**कार्यान्वयन प्रक्रिया**

लागत अनुमान तयार र स्वीकृत गरि गत आ.ब. का स्वास्थ विरुवा छनौट गरि रूट प्रुन्निंग गरि थप potting mix सहित ठुलो पोली थैलोमा रुपान्तरण गरिनेछ। नियमित सिचाई कार्यका लागि व्यवस्था गरि समयानुकुल रूट प्रुन्निंग, गोडमेल, Grading गरि स्वास्थ विरुवा तयार गरिनेछ। आवश्यकता अनुसार पक्कि बेड समेत तयारी गरिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

**अपेक्षित उपलब्धि**

स्वस्थ वहुवर्षिय विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

उत्पादन तथा वितरण गरिएको स्वस्थ विरुवा ।

## ४.१८ उन्नत वन विरुवा उत्पादन

**पृष्ठभूमि**

वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र गुणस्तरिय बिउ संकलन गरी उन्नत जातको विरुवा उत्पादन गर्ने लक्ष्यका लागि स्थापना भएको कार्यालय हो। यो केन्द्रले विगत समय देखी नै गुणस्तरिय विउ उत्पादनका लागि आफै वन विउ बगैचा, सिड स्टेण्ड बनाई उन्नत जातको विउ उत्पादन गर्दै आएको छ। अर्को तर्फ उत्पादित वा विभिन्न स्थानबाट संकलित विउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्दै आएको छ। स्थलगत रुपमा विउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न र सो कार्यलाई प्रचार प्रसार गर्न यस केन्द्रले अनुसन्धानमुलक कार्य सञ्चालन गर्न आफ्नै नर्सरी निर्माणको कार्य समेत अगाडी वढाएको छ। निर्माणाधिन नर्सरी पूर्ण रुपमा प्रविधियुक्त हुनासाथ वन विउको अंकरण क्षमता तथा विउको अंकुरण प्रतिशत तथा अन्य विरुवा उत्पादनसंग सम्बन्धीत अनुसन्धानमा आधारित प्रकाशनहरु प्रकाशनमा ल्याउने लक्ष्यका साथ विरुवा उत्पादनका कार्य सञ्चालमा ल्याईएको छ ।यो कार्य अन्तर्गत इन्डोर विरुवा तथा फूल जन्य विरुवा समेत उत्पादन गरिने छ।

यसका साथै विरुवा उत्पादन कार्यले खाली रहेको वन क्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर कर्मचारीहरुको वैठकवाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाती छनौट गर्न सक्नेछ। नर्सरी सञ्चालन गर्दा वीउ स्रोत, समय तालिका आदि समेत खुल्ने गरी कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रजिष्टर राखु पर्नेछ उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

यसमा विभिन्न साइजका पोलिपोटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ। विरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु व्यक्ति विशेष आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

**उद्देश्य**

- गुणस्तरिय विउ संकलन गरी उन्नत जातको रुख विरुवा उत्पादन गर्ने
- वन बिउ वगैचा, सिड स्टेण्डवाट उत्पादित वा विभिन्न स्थानवाट संकलित विउको अंकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्ने

महानिर्देशक

- विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्ने
- स्थलगत रुपमा विउको अंकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्ने सो कार्यलाई प्रचार प्रसार गर्ने

**कार्यान्वयन प्रक्रिया**

नर्सरीमा विरुवा उत्पादन गर्दा नर्सरी निर्माण तथा मर्मत कार्यमा गरिने कार्यहरु मध्ये केही कार्यहरु विरुवा उत्पादन कार्यवाट नै सञ्चालन गर्नु पर्ने देखिन्छ। जस्तै पानी टंकी, नर्सरीमा गत आ.व.मा निर्माण गरिएको घरमा कार्यालय सञ्चालनका लागि विविध सामाग्री खरीद, विद्युतको बिल अनुसारको भुक्तानी आदी कार्य यसै रकमवाट खर्च गरिनेछ। खर्च अनुमान गर्दा स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गरी निम्न कार्यमा खर्च गरिनेछ ।

- वेड निर्माण,
- मल, आवश्यक गुणस्तरको माटो, खरानी तथा पिना खरीद
- बिउ छर्ने कार्य र विउ खरीद, गोडमेल, विरुवा सार्ने लगायतका लागत अनुमान अनुसारका सम्पुर्ण कार्यहरु,
- नर्सरीमा विजुलीको महशुल,
- नर्सरीमा खानेपानी तथा नर्सरी व्यवस्थापनका अन्य कार्यहरु सञ्चाल्न कार्य,
- नर्सरीमा रहेको भवन तथा कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर, खानेपानी, कार्पेट, कम्प्युटर, प्रिन्टर, नर्सरी रजिष्टर छपाई, स्टेसनरी सामाग्री लगायतका अन्य सामाग्री ।
- विरुवा उत्पादन कार्य सञ्चालनार्थ आवश्यक अन्य सबै प्रकारका सामाग्री तथा सेवा खरिद
- विनियोजित बजेट विरुवा उत्पादन कार्यको निरिक्षण गर्ने कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, खाजा आदी कार्यमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने।

**अपेक्षित उपलब्धि**

आवश्यकता अनुसार र लक्ष्य अनुसारको विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

उत्पादन तथा वितरण गरिएको स्वास्थ विरुवा ।

### ४.१९ आधुनिक अनुसन्धानमुलक नर्सरी मर्मत संभार (गेट मर्मत, सेड हाउस थप तथा वेड निर्माण)

**पृष्ठभूमि**

आ.ब. २०७५/०७६ मा स्थापना भई सञ्चालनमा रहेको आधुनिक अनुसन्धानमुलक वन नर्सरी कोहलपुर ७ बाँकेमा स्थापना कालदेखि नै विभिन्न वहुवर्षिय विरुवाहरु उत्पादन भई वितरण भै रहेको छ । नर्सरीमा विरुवा उत्पादनका लागि विभिन्न संरचनाहरु जस्तै ग्रीन हाउस, मदर बेड तथा स्थायी सेड हाउसहरु रहेका छन् । गुणस्तरिय वहुवर्षिय विरुवाहरुको वढ्दो मागसँगै यस केन्द्रले वहुवर्षिय विरुवा वितरणलाई जोड दिएको छ । एक लाख विरुवा उत्पादनको क्षमता रहेको यस नर्सरीमा केही वेडहरु पक्की बनाउनु पर्ने र उक्त वेडहरुमा सेड हाउस थप गर्नु पर्ने साथै नर्सरीको मुल गेट विगतमा हावाहुरी कारणले भाचिएको र साँघुरो समेत भएकोले विरुवा लिन आउने सवारी साधन आवत जावत



महानिर्देशक

गर्न कठिन भएको र नर्सरी क्षेत्र मै डिप बोरिङ्ग गरि पानीको अभावलाई न्यूनिकरण गर्नु पर्ने देखिएकोले यी संरचनाहरु निर्माण गरि नर्सरीको पूर्वाधार विकार गरि बिरुवा उत्पादन कार्यमा टेवा पुग्ने देखिन्छ । यसले गर्दा नर्सरी सरसफाई भइ गुणस्तरिय बिरुवा उत्पादनमा सहयोग पुग्ने देखिन्छ । पर्याप्त बजेट अभावका कारण नर्सरीमा आवश्यक संरचना पूर्णरूपमा सम्पन्न हुन सकेका छैनन् तसर्थ वार्षिक रुपमा नर्सरी मर्मत संभारमा वजेट विनियोजन गरि अधूरो तथा अपुग रहेको संरचनालाई पूर्णता दिनु वर्तमान आवश्यकता हो, जसबाट बिरुवा उत्पादन प्रणाली थप वैज्ञानिक, दिगो र प्रभावकारी हुनेछ। यसै सन्दर्भमा, चालु आर्थिक वर्ष २०८३/८४ मा उक्त नर्सरीमा पुराना कच्ची वेडहरुलाई पक्की गरि सो मा स्थायी सेड हाउस निर्माण गर्ने, मुल गेट नँया हाल्ने र डिप बोरिङ्ग मार्फत पानीको सहज आपूर्ति गर्ने जस्ता कार्यहरु गरिनेछ । वजेटले पुगे सम्म नर्सरी मर्मतका अन्य कार्यहरु समेत गरिनेछ । निर्माण कार्य सम्पन्न पश्चात् नर्सरीमा सिचाईका लागि पानीको नियमित आपूर्ति हुने र बिरुवाहरुमा रोग किरा लाग्ने तथा अन्य गोडमेल कार्य समेतमा सहजिकरण भई बिरुवाको गुणस्तर कायम हुनेछ । यसका साथै आगामी वर्षमा मर्मत खर्च समेत न्यूनिकरण गर्नेछ । वन अनुसन्धान तथा प्रविधि विकाससँग सम्बन्धीत यस्तो पूर्वाधार विकासले भावी पुस्ताका लागि वन नवीकरण तथा प्रजाति संरक्षणमा योगदान पुर्‍याउनुका साथै वन विकासको मार्गचित्र पनि तय गर्नेछ।

**उद्देश्य**

- गुणस्तरीय तथा रोगमुक्त बिरुवा उत्पादनका लागि सेड हाउस निर्माण र वेडको स्तरिकरण गरि अनुसन्धानमुलक वन नर्सरीलाई सुदृढ बनाउने।
- हाल पर्याप्त नरहेको सिचाईको लागि वैकल्पिक पानीको श्रोतको ब्यवस्था हुनेछ ।
- नर्सरीको मुल गेटको निर्माणले सुरक्षा ब्यवस्थामा सहयोग गर्नेछ ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने मुख्य मुख्य कार्यहरु जस्तै पक्की वनाउन बाँकी रहेका सम्पूर्ण वेडहरु निर्माण, मुल गेट स्तरोन्नती र डिप बोरिङ्गका लागि गर्नु पर्ने कार्यको पूर्वएकिन गरिनेछ। सो बाहेक नर्सरीमा गर्नु पर्ने सामान्य मर्मतका कार्यहरुको समेत pre-feasibility गरिनेछ । आवश्यक प्रविधिक सहायता लिई निर्माणको परिमाण, लागत, र आवश्यक सामग्रीको सूची तयार गरिनेछ। स्वीकृत नर्म्स तथा प्रचलित जिल्ला दररेट अनुसार तयार भएको स्वीकृत लागत अनुमान बमोजिम वेड निर्माण, सो मा सेड हाउस निर्माण, सिंचाईको स्थायी व्यवस्था गर्न बोरिङ्ग खन्ने कार्य तथा अन्य सामान्य नर्सरी मर्मत कार्य, रङ्गरोंगन, होर्डिंग बोर्ड राख्ने तथा लागत अनुमान बमोजिमका अन्य आवश्यक कार्यमा खर्च गरिनेछ। निर्माण कार्यको सुपरिवेक्षण गर्ने कर्मचारी तथा अन्य प्राविधिकको खर्च, सवारी साधनको मर्मत, इन्धन, आदि लगायतका कार्यहरुमा खर्च गरिनेछ। नियमानुसार आवश्यक प्रक्रिया अपनाई कामको जिम्मा दिइनेछ। निर्माण कार्य पारदर्शी र गुणस्तरीय बनाउन प्राविधिक निरीक्षण र सुपरिवेक्षण गरिनेछ। निर्माण कार्यको सम्पूर्ण अवधिमा कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको कर्मचारी, इन्जिनियर वा प्राविधिक तथा सम्बन्धित निकायको निरन्तर निरीक्षण, अनुगमन र मूल्यांकन गरिनेछ।

**अपेक्षित उपलब्धि**

नर्सरीमा आवश्यक निर्माण कार्य भई मर्मत संभार पश्चात बिरुवा उत्पादन कार्यमा सहज हुनुका साथै गुणस्तरीय वहुवर्षीय बिरुवा उत्पादन कार्यमा सहयोग पुग्नेछ।



महानिर्देशक

## जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ। मर्मतका कार्यहरु यस केन्द्रको कर्मचारी मार्फत कार्यआदेश दिई वा सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ।

## अनुगमन योजना

तोकिए अनुसारका मर्मत संभारका कार्यहरु भै रहेको अवस्थमा र सम्पन्न पश्चात अनुगमन तथा गुणस्तरियता मापन कार्यलय प्रमुखको सहभागितामा गरिनेछ ।

## ४.२० लोपोन्मुख/संकटापन्न प्रजातिको अध्ययन तथा डेमो प्लट स्थापना

### पृष्ठभूमि

नेपालका वन क्षेत्रमा पाइने केही वनस्पति प्रजातिहरूको अत्यधिक दोहन, वन विनाश, भू-उपयोग परिवर्तन, वन डढेलो, जलवायु परिवर्तन, रोग-किरा तथा विभिन्न प्राकृतिक कारणले क्रमशः लोपोन्मुख तथा संकटापन्न अवस्थामा पुगेका छन्। यस्ता प्रजातिहरूको दीर्घकालीन संरक्षण, अनुसन्धान तथा पुनःस्थापनाका लागि तिनको प्राकृतिक वितरण, अवस्था, वृद्धि, पुनर्जनन, संरक्षण चुनौती तथा व्यवस्थापन सम्बन्धी वैज्ञानिक अध्ययन आवश्यक रहेको छ। यसका साथै लोपोन्मुख तथा संकटापन्न प्रजातिहरूको संरक्षण प्रविधि, वृद्धि अवस्था, अनुकूलन क्षमता तथा व्यवस्थापन अभ्यासलाई प्रदर्शन (Demonstration) गर्न अनुसन्धानमूलक डेमो प्लट स्थापना गर्नु आवश्यक हुन्छ। यस्ता डेमो प्लटहरूले अनुसन्धान, तालिम, प्रविधि हस्तान्तरण, विद्यार्थी अध्ययन, नीति निर्माण तथा संरक्षण व्यवस्थापनमा महत्वपूर्ण आधार प्रदान गर्नेछन्। यस कार्यक्रम अन्तर्गत लोपोन्मुख तथा संकटापन्न वनस्पति प्रजातिहरूको प्राकृतिक अवस्था, वितरण, संरक्षण चुनौती तथा जैविक विशेषताको अध्ययन गरिनेछ। अध्ययनको आधारमा अनुसन्धानमूलक डेमो प्लट स्थापना गरी आवश्यक पूर्वाधार, संरक्षण व्यवस्था, अभिलेखीकरण तथा नियमित अनुगमन गरिनेछ। कार्यक्रम सञ्चालनका क्रममा आवश्यक भ्रमण, नमूना संकलन, तथ्याङ्क संकलन, प्राविधिक सामग्री खरिद, बिरुवा उत्पादन वा संकलन, प्लट स्थापना तथा संरक्षण व्यवस्थापन सम्बन्धी कार्यहरू प्रचलित कानून तथा स्वीकृत कार्यक्रम र लागत अनुमान बमोजिम सम्पन्न गरिनेछ।

### उद्देश्य

- लोपोन्मुख तथा संकटापन्न वनस्पति प्रजातिहरूको अवस्था, वितरण तथा संरक्षण चुनौतीको अध्ययन गर्नु।
- अनुसन्धान तथा संरक्षणका लागि डेमो प्लट स्थापना गरी दीर्घकालीन अभिलेख प्रणाली विकास गर्नु।
- संरक्षण, पुनःस्थापना तथा प्रवर्द्धनका लागि उपयुक्त व्यवस्थापन अभ्यास विकास गर्नु।
- अध्ययन अनुसन्धानका लागि आधार तयार गर्नु।
- जैविक विविधता संरक्षण तथा दिगो वन व्यवस्थापनमा टेवा पुऱ्याउनु।

### कार्यान्वयन प्रक्रिया

कार्यक्रम सञ्चालनका लागि कार्य क्षेत्रभित्रका विभिन्न जिल्लाहरुमा भ्रमण गरी संकटापन्न एवं लोपोन्मुख प्रजातिहरुको बारेमा तथ्यांक संकलन गरिनेछ। तत् पश्चात् प्राथमिकतामा रहेका दुई वा सो भन्दा बढी लोपोन्मुख तथा संकटापन्न



महानिर्देशक

वनस्पति प्रजातिहरूको छनौट गरी अध्ययन क्षेत्रको छनौट गरिनेछ। अध्ययन क्षेत्र छनौट गर्दा एक वा आवश्यकता अनुसार सो भन्दा बढी जिल्लाहरुमा अवस्थित प्राकृतिक वनमा एक वा सो भन्दा बढी संकटापन्न वा लोपोन्मुख प्रजाति छनौट गरी गर्न सकिनेछ। अध्ययन क्षेत्रको स्थलगत निरीक्षण गरी प्रजातिको प्राकृतिक वितरण, संख्या, पुनर्जनन अवस्था, बासस्थान, वातावरणीय अवस्था तथा सम्भावित जोखिम सम्बन्धी तथ्याङ्क संकलन गरिनेछ। आवश्यकताअनुसार GPS लोकेशन, फोटोग्राफ, नमूना तथा अन्य अनुसन्धान सामग्री संकलन गरिनेछ।

अध्ययनबाट प्राप्त नतिजाका आधारमा उपयुक्त प्रजाति तथा स्थान छनौट गरी डेमो प्लटको सिमाना सर्भेक्षण तथा आवश्यक पूर्वाधार तयार गरिनेछ। डेमो प्लट स्थापना गर्दा कुनै एक प्रजातिको वा आवश्यकता अनुसार प्राकृतिक वनमा नै स्थापना गर्नु पर्नेछ। प्राकृतिक वनमा स्थापना गर्न सम्भव नभएमा मात्र वृक्षारोपण गरी प्लट स्थापना गर्न सकिनेछ। यसरी डेमो प्लट स्थापना गर्दा उक्त प्लटमा भएका प्रजाति विवरण, प्लटभित्र अवस्थित सम्बन्धित रुखबिरुवाको तथ्यांक संकलन जस्तै गोलाई, उचाई, GPS लोकेशन, रुख बिरुवाको स्वास्थ्य अवस्था, रोगकिराको अवस्था, सहायक प्रजाति, आदि तथ्यांक संकलन कार्य गरिनेछ। यस कार्यक्रम अन्तर्गत अध्ययन अनुसन्धान कार्य तथा डेमो प्लट स्थापनाका लागि तथ्यांक संकलन कार्यमा फिल्डमा खटिने सम्पूर्ण कर्मचारीहरु तथा प्रतिवेदकको दैनिक भ्रमण भत्ता, मिनरल वाटर, खाजा, आदिमा खर्च गर्न सकिनेछ। साथै फिल्ड कार्यको लागि भाडामा लिनु पर्ने चारपाङ्ग्रे सवारीसाधन, सवारीसाधनमा प्रयोग हुने इन्धन, ज्यामी, फिल्डमा आवश्यक पर्ने फिल्ड गियर, प्रिन्ट तथा फोटोकपी (तथ्यांक संकलन फाराम, प्रतिवेदन तथा अन्य आवश्यक सामग्री), सुचनामुलक होर्डिंग बोर्ड तयार एवं ढुवानी, होर्डिंग बोर्ड स्थलगत रुपमा राख्न आवश्यक पर्ने ज्यामीको खर्च, डेमो प्लटको सिमाना घेराबार वा तारवार तथा स्वीकृत लागत अनुमान बमोजिमका सम्पूर्ण कार्यहरुमा खर्च गर्न सकिनेछ। त्यस्तै फिल्ड कार्य सम्पन्न पश्चात् तथ्यांक कम्प्युटरमा प्रविष्टि फाराम तयारी तथा तथ्यांक प्रविष्टि, तथ्यांक विश्लेषण, जि.आई.एस. बाट नक्शा तयारी, प्रतिवेदन तयारी, प्रकाशन, आदि कार्यमा समेत खर्च गर्न सकिनेछ। कार्यक्रम सञ्चालनका क्रममा आवश्यक प्राविधिक उपकरण, अनुसन्धान सामग्री, मापन उपकरण, सूचना बोर्ड, अभिलेख सामग्री तथा अन्य आवश्यक वस्तुहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत लागत अनुमान बमोजिम खरिद गरिनेछ।

कार्यक्रम सञ्चालनका क्रममा अध्ययन योजना तयारी, प्रजाति छनौट, अध्ययन विधि निर्धारण, प्राविधिक परामर्श, अध्ययन प्रगति समीक्षा तथा अध्ययनबाट प्राप्त नतिजाको विश्लेषण र संरक्षण व्यवस्थापन सम्बन्धी निर्णयका लागि आवश्यकता अनुसार प्राविधिक बैठक, अन्तरक्रिया तथा परामर्श गोष्ठी आयोजना गर्न सकिनेछ। यस्ता कार्यक्रममा सहभागी कर्मचारी, विषय विज्ञ तथा सरोकारवालालाई प्रचलित आर्थिक ऐन, नियमावली तथा स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता, खाजा तथा अन्य आवश्यक खर्च यसै कार्यक्रमबाट गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- लोपोन्मुख तथा संकटापन्न वनस्पति प्रजातिहरूको वैज्ञानिक अध्ययन सम्पन्न हुनेछ।
- प्राथमिकतामा रहेका प्रजातिहरूको वितरण, अवस्था तथा संरक्षण चुनौती सम्बन्धी तथ्याङ्क उपलब्ध हुनेछ।
- अनुसन्धान तथा संरक्षण प्रयोजनका लागि व्यवस्थित डेमो प्लट स्थापना हुनेछ।
- जैविक विविधता संरक्षण तथा लोपोन्मुख प्रजातिको दीर्घकालीन संरक्षणमा टेवा पुग्नेछ।

महानिर्देशक

**जनशक्ति व्यवस्थापन**

कार्यक्रमको नेतृत्व सम्बन्धित कार्यालयका वन अधिकृत वा अनुसन्धानसँग सम्बन्धित प्राविधिक कर्मचारीले गर्नेछन्। अध्ययन, तथ्याङ्क संकलन, प्लट डिजाइन, मापन तथा अभिलेखीकरणका लागि वन प्राविधिक, अनुसन्धान सहायक तथा आवश्यक कर्मचारी परिचालन गरिनेछ। आवश्यकता अनुसार विश्वविद्यालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, वन संरक्षणसँग सम्बन्धित निकाय तथा विषय विज्ञहरूसँग समन्वय र प्राविधिक सहयोग लिन सकिनेछ। डेमो प्लट स्थापना, बिरुवा रोपण, घेराबार तथा नियमित व्यवस्थापनका लागि आवश्यक ज्यामी वा सेवा प्रदायक परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा दीर्घकालीन उपलब्धि सुनिश्चित गर्न नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। अनुगमनका क्रममा विशेष गरी निम्न विषयहरूको समीक्षा गरिनेछः

- अध्ययन कार्य स्वीकृत कार्ययोजना अनुसार सम्पन्न भए/नभएको।
- अध्ययनबाट प्राप्त तथ्याङ्क, अभिलेख तथा प्रतिवेदनको गुणस्तर।
- डेमो प्लटको स्थापना, क्षेत्रफल, लेआउट तथा संरचनाको अवस्था।
- संरक्षण व्यवस्थापन, घेराबार, सूचना बोर्ड तथा अभिलेखीकरणको अवस्था।
- फोटो अभिलेख, GPS विवरण, कार्य सम्पन्न प्रतिवेदन, नापी विवरण तथा खर्च सम्बन्धी (आवश्यक भएमा) कागजातहरूको परीक्षण।

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट लोपोन्मुख तथा संकटापन्न वनस्पति प्रजातिहरूको वैज्ञानिक अध्ययन, दीर्घकालीन संरक्षण, अनुसन्धान, पुनःस्थापना तथा प्रविधि विकासका लागि दिगो आधार तयार हुने अपेक्षा गरिएको छ।

## ४.२१ सतिसालको वन बीउ बगैचा (Simple Level BSO स्थापना )

**पृष्ठभूमि**

नेपालमा पाइने सङ्कटापन्न वनस्पतिहरू मध्ये सतिसाल एक अत्यन्त महत्वपूर्ण प्रजाती हो । यसको प्राकृतित वासस्थानमा अत्यन्त न्यून संख्या रहेको छ । यो विशेषगरि तराई क्षेत्रमा पाइने अत्यन्त महत्वपूर्ण तथा प्रयोगको हिसावले वलियो काठको रुपमा लिइन्छ । नेपालको सिमित क्षेत्रमा प्राकृतिक रुपमा उपलब्ध रहेको यस प्रजातीको नेपालको पश्चिम क्षेत्रमा हालसम्म एकवट पनि वन वीउ वगैचा स्थापना भएको छैन । यस प्रजातीको वीउको माग अत्याधिक रुपमा वन कार्यालयहरुबाट आउने गरेता पनि उन्नत वीउको पर्याप्त मात्रा आपूर्ति हुने सकेको छैन । यस प्रजातीको उचित संरक्षण र आणुवाशिंक संरक्षणका लागि यस क्षेत्र वन वीउ वगैचा स्थापना गर्नु अत्यन्त आवश्यकता महशुस गरि यो कार्यक्रम प्रस्ताव गरिएको हो । वीउको श्रोत पहिचान भएको विरुवाहरु यस केन्द्रको नर्सरीमा उत्पादन भै सकेको हुँदा साधारण स्तरको वन वीउ वगैचा स्थापना गरि भावी दिनमा वीउ श्रोतको गुणस्तरियता यकिन गर्नुका साथै आवश्यक वीउ उत्पादन गर्ने लक्ष्य सहित संरक्षण कार्यमा समेत टेवा पुग्ने गरि यो कार्यक्रम सञ्चालन गरिनेछ । डिभिजन वन कार्यालयसँग सहकार्य गरि सामुदायिक वनको खाली क्षेत्र, सार्वजनिक जग्गा, अतिक्रमण हटाइएको क्षेत्र

आदिको पहिचान गरि उक्त क्षेत्रलाई तारवार गरि सतिसालको विरुवाहरु निश्चित वीउ वगैचा स्थापन गर्ने सिद्धान्तमा आधारित रही यो कार्य सञ्चालन गरिनेछ । यस कार्यका लागि निम्न लिखित क्रियाकलापहरू सञ्चालन गरिनेछः

- सतिसालका विरुवाहरुको उत्पादन (श्रोत पहिचान सहित)
- वन वीउ वगैचा स्थापना गर्ने क्षेत्रको पहिचान तथा आवश्यक छलफल र समन्वय गरि क्षेत्र एकिन गर्ने
- वीउ वगैचा स्थापना योजना तयारी र अभिलेखिकरण
- वन वीउ वगैचा स्थापना गर्ने क्षेत्रको तारबार तथा अन्य कार्यहरु
- वन वीउ वगैचा (Simple level BSO) सिद्धान्त अनुसार वृक्षारोपण र हेरचाह सम्बन्धी ब्यवस्था
- कार्य सम्पन्न भएपश्चात सम्पूर्ण कार्यको अभिलेखिकरण र दस्तावेजिकरण ।

**उद्देश्य**

सङ्कटापन्न प्रजातिको अनुवांशिक संरक्षण कार्यमा टेवा पुर्याउने र वीउको मागलाई भावी दिनमा पूर्ति गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

श्रोत पहिचान भएका क्षेत्रबाट संकलित सतिसालका वीउ नर्सरीमा विरुवा उत्पादन गर्ने र केही विरुवाहरु नर्सरीमा उत्पादन भै सकेको र थप केही क्षेत्रबाट विउहरु संकलन गरि विरुवा उत्पादन गरिनेछ । विरुवा उत्पादन भए पश्चात वीउ वगैचा स्थापन गरिने क्षेत्रमा तारबार कार्यका लागि लागत अनुमान अनुसारको रकम खर्च गरिनेछ । तारवार सम्पन्न भए पश्चात सतिसालका विरुवाहरु रोपण कार्य गर्ने र होडिङ बोर्ड समेत राखिनेछ । यस शिर्षक अन्तर्गत उक्त कार्य सञ्चालनमा खटिएका कर्मचारीहरूको दै.भ्र.भत्ता, ईन्धन र ज्यामीको ज्याला दिन, ढुवानी कार्य गर्नको लागी आवश्यक पर्ने भाडा रकम, प्रतिवेदन तयारी गर्न आवश्यक पर्ने रकम, विरुवा ढुवानी कार्य, तारवार गर्दा लाग्ने खर्च, होडिङ बोर्ड निर्माण आदि कार्यमा खर्च गरिनेछ । प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम नर्मस अनुसार गरिने छ।

**अपेक्षित उपलब्धि**

यस कार्यबाट सङ्कटापन्न प्रजातिको अनुवांशिक संरक्षण कार्यमा टेवा पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

यस केन्द्रमा कार्यरत वन प्राविधिकको नेतृत्वमा कार्यआदेश दिई अन्य कर्मचारी तथा दक्ष ज्यामीको प्रयोग गरिनेछ । तारवार कार्य प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट समेत खरीद गर्न सकिनेछ।

**अनुगमन योजना**

वन वीउ वगैचा स्थापना ।

## ४.२२ वन बीउ भण्डारण/वितरणका लागि कपडा/जुट को थैला तथा अन्य आवश्यक सामग्रीहरु खरिद

**पृष्ठभूमि**

वन बीउको गुणस्तर कायम राख्दै सुरक्षित भण्डारण तथा प्रभावकारी वितरण गर्न उपयुक्त भण्डारण सामग्रीको प्रयोग अत्यन्त आवश्यक हुन्छ। संकलन/खरिद तथा प्रशोधन गरिएका वन बीउलाई प्रजाति अनुसार छुट्टाछुट्टै सुरक्षित रूपमा प्याकेजिङ गरी भण्डारण तथा वितरण गर्न कपडा तथा जुटका थैला, कागजी झोला, ट्याग, लेबल, सिलाइ सामग्री

तथा अन्य आवश्यक प्याकेजिङ सामग्रीहरूको आवश्यकता पर्दछ। यस्ता सामग्रीको प्रयोगले बीउको पहिचान, गुणस्तर संरक्षण, ढुवानी तथा वितरण प्रक्रियालाई व्यवस्थित, सुरक्षित तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। यस कार्यक्रम अन्तर्गत कपडा तथा जुटका थैला लगायत अन्य आवश्यक प्याकेजिङ तथा भण्डारण सामग्रीहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत लागत अनुमान बमोजिम खरिद गरिनेछ।

**उद्देश्य**

- वन बीउको सुरक्षित भण्डारण तथा व्यवस्थित वितरणका लागि आवश्यक सामग्री उपलब्ध गराउने।
- वन बीउको प्याकेजिङ, ढुवानी तथा वितरण प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउने।
- वातावरणमैत्री तथा पुनः प्रयोग गर्न सकिने सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनका लागि वार्षिक आवश्यकताको आधारमा कपडा तथा जुटका थैला, बीउ राख्ने भाडो वा कन्टेनर, बीउ प्याकेजिंग झोला, सिलाइ धागो, डोरी, सिल गर्ने सामग्री तथा अन्य आवश्यक भण्डारण एवं वितरण सामग्रीहरूको परिमाण निर्धारण गरिनेछ। स्वीकृत Specification तथा लागत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानून बमोजिम सामग्री खरिद गरिनेछ। खरिद गरिएका सामग्रीहरूको गुणस्तर, साइज, मजबुती तथा प्रयोगयोग्यता भौतिक रुपमा यकिन गरी मात्र कार्यालय स्टोरमा दाखिला गरिनेछ। यस कार्यक्रम अन्तर्गत प्रयोगशालामा आवश्यक पर्ने विभिन्न केमिकल, बीउ अंकुरण परीक्षणका लागि जर्मिनेशन पेपर तथा लागत अनुमान बमोजिम अन्य आवश्यक सामाग्रीहरु खरिद गर्न सकिनेछ।

संकलन तथा प्रशोधन गरिएका वन बीउलाई प्रजाति अनुसार उपयुक्त थैलामा प्याकेजिङ गरी आवश्यक विवरण सहित लेबलिङ गरिनेछ। आवश्यकताअनुसार वितरण प्रयोजनका लागि साना तथा ठूला आकारका प्याकेजिङ सामग्री प्रयोग गरिनेछ। खरिद गरिएका सम्पूर्ण सामग्रीहरूको अभिलेख अद्यावधिक राखी आवश्यकताअनुसार वन बीउ भण्डारण तथा वितरण कार्यमा प्रयोग गरिनेछ।

**अपेक्षित उपलब्धि**

- वन बीउको सुरक्षित, व्यवस्थित तथा गुणस्तरीय भण्डारण सुनिश्चित हुनेछ।
- वन बीउ वितरण कार्य सरल, व्यवस्थित तथा प्रभावकारी हुनेछ।
- बीउको पहिचान, अभिलेखीकरण तथा ट्रेसबिलिटी प्रणाली सुदृढ हुनेछ।
- भण्डारण तथा ढुवानीका क्रममा हुने बीउको क्षति तथा मिश्रण न्यून हुनेछ।
- वातावरणमैत्री तथा पुनः प्रयोग गर्न सकिने प्याकेजिङ सामग्रीको प्रयोगमा वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम कार्यान्वयनका लागि कार्यालयका वन प्राविधिक तथा अन्य कर्मचारी परिचालन गरिनेछ। खरिद प्रक्रिया प्रचलित सार्वजनिक खरिद कानून बमोजिम खरिद कार्य सम्पन्न गरिनेछ। सामग्रीको प्रयोगयोग्यता परीक्षण, स्टोर दाखिला तथा वितरण व्यवस्थापन सम्बन्धित कर्मचारीबाट गरिनेछ। आवश्यकता अनुसार सामग्री प्याकेजिङ तथा व्यवस्थापनका लागि सहयोगी कर्मचारी वा ज्यामी परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन गरिनेछ। अनुगमनका क्रममा विशेष गरी निम्न पक्षहरूको समीक्षा गरिनेछः

- स्वीकृत लागत अनुमान अनुसार सामग्री खरिद भए/भएको।
- खरिद गरिएका सामग्रीको गुणस्तर तथा प्रयोगयोग्यता।
- स्टोर दाखिला तथा मौज्दात अभिलेखको अवस्था।
- वन बीउ भण्डारण तथा वितरण सामग्रीको गुणस्तर।
- सामग्रीको वितरण तथा उपयोग सम्बन्धी अभिलेख।
- खरिद सम्बन्धी बिल, भरपाई, स्टोर दाखिला, वितरण विवरण तथा कार्य सम्पन्न प्रतिवेदन।

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट वन बीउको सुरक्षित भण्डारण तथा व्यवस्थित वितरण प्रणाली थप सुदृढ भई वन बीउ व्यवस्थापन कार्य अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## ४.२३ अनुसन्धानमुलक वन नर्सरीमा शौचालय निर्माण तथा सिंचाईको लागि पानी टंकी व्यवस्थापन

### पृष्ठभूमि

नर्सरीमा कार्यरत कर्मचारी, प्राविधिक, श्रमिक, बिरुवा लिन आउने व्यक्ति, अध्ययन तथा अवलोकनका लागि आउने विद्यार्थी, अनुसन्धानकर्ता तथा सरोकारवालाहरूका लागि सुरक्षित, स्वच्छ तथा व्यवस्थित शौचालयको व्यवस्था हुनु अत्यावश्यक छ। त्यसैगरी, वन नर्सरीमा उत्पादन हुने बिरुवाको गुणस्तर नियमित तथा पर्याप्त सिंचाइमा निर्भर रहने भएकाले वर्षभरि आवश्यक पानीको उपलब्धता सुनिश्चित गर्न पानी भण्डारण ट्यांकीको व्यवस्था अपरिहार्य हुन्छ। पानी ट्यांकीको व्यवस्थापनबाट सुख्खा मौसममा समेत नियमित सिंचाइ गर्न सकिने, पानीको उचित सञ्चय हुने तथा पानीको दिगो उपयोग सुनिश्चित गर्न सकिनेछ।

यस कार्यक्रम अन्तर्गत अनुसन्धानमूलक वन नर्सरीमा आवश्यकताका आधारमा शौचालय निर्माण, पानी भण्डारण ट्यांकी स्थापना, आवश्यक पाइपलाइन, भल्भ, स्ट्याण्ड, जडान तथा सम्बन्धित सहायक संरचनाहरू निर्माण गरी सञ्चालनयोग्य बनाइनेछ। सम्पूर्ण कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत लागत अनुमान बमोजिम सम्पन्न गरिनेछ।

### उद्देश्य

- अनुसन्धानमूलक वन नर्सरीमा स्वच्छ, सुरक्षित तथा स्वास्थ्यकर आधुनिक शौचालय सुविधा उपलब्ध गराउने।
- नर्सरीमा नियमित तथा पर्याप्त सिंचाइका लागि पानी सञ्चय तथा वितरण प्रणालीको विकास गर्ने।

### कार्यान्वयन प्रक्रिया

कार्यक्रम सञ्चालन गर्नुअघि नर्सरी क्षेत्रको निरीक्षण गरिनेछ। निरीक्षणका क्रममा शौचालय निर्माणस्थल पहिचान तथा धारा तथा पानी ट्यांकी र अन्य आवश्यकताहरुको पहिचान गरिनेछ र सोका आधारमा शौचालय निर्माण तथा पानी ट्यांकी व्यवस्थापन सम्बन्धी विस्तृत लागत अनुमान, डिजाइन तथा प्राविधिक स्पेसिफिकेशन तयार गरी स्वीकृत गरिनेछ। शौचालय निर्माण कार्यमा जग निर्माण, भवन निर्माण, छाना, ढोका, झ्याल, पानी आपूर्ति, सेप्टिक ट्यांकी, सोकपिट, हात धुने व्यवस्था तथा आवश्यक सरसफाइ सामग्रीको व्यवस्थापन गरिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सिंचाइका लागि आवश्यक क्षमताको पानी ट्यांकी खरिद वा निर्माण गरी उपयुक्त स्थानमा जडान गरिनेछ। आवश्यक धारा जडान, पाइपलाइन, भल्भ, फिटिङ, पानी वितरण प्रणाली तथा लागत अनुमान बमोजिमका अन्य आवश्यक संरचनाहरू निर्माण गरी नर्सरीका विभिन्न बेडहरूमा सहज रूपमा सिंचाइ गर्न मिल्ने व्यवस्था गरिनेछ।

निर्माण तथा जडान कार्य सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम निर्माण व्यवसायी वा सेवा प्रदायकमार्फत सम्पन्न गर्न सकिनेछ। निर्माण अवधिमा आवश्यक प्राविधिक सुपरिवेक्षण नियमित रूपमा गरिनेछ। सुपरिवेक्षण कार्यमा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, गाडी भाडा, मिनरल वाटर, खाजा तथा लागत अनुमान बमोजिमका सम्पूर्ण कार्यहरुमा खर्च गर्न सकिनेछ। कार्य सम्पन्न भएपछि अन्तिम प्राविधिक परीक्षण तथा नापजाँच, कार्य स्वीकार तथा सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राखिनेछ।

**अपेक्षित उपलब्धि**

अनुसन्धानमूलक वन नर्सरीमा सुरक्षित, व्यवस्थित तथा प्रयोगयोग्य शौचालय निर्माण हुनेछ। नर्सरीमा वर्षभरि आवश्यक पर्ने सिंचाइका लागि पर्याप्त पानी सञ्चय तथा वितरणको व्यवस्था हुनेछ। बिरुवाको नियमित सिंचाइ सुनिश्चित भई गुणस्तरीय बिरुवा उत्पादनमा वृद्धि हुनेछ। नर्सरीको सरसफाइ, कार्य वातावरण तथा सेवा प्रवाहमा सुधार आउनेछ। अनुसन्धान, तालिम तथा अवलोकन कार्यका लागि आवश्यक आधारभूत पूर्वाधार उपलब्ध हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम कार्यान्वयनका लागि कार्यालयका वन प्राविधिक कर्मचारीको नेतृत्वमा आवश्यक कर्मचारी परिचालन गरिनेछ। लागत अनुमान, डिजाइन, सुपरिवेक्षण तथा प्राविधिक परीक्षण सम्बन्धित प्राविधिकबाट गराइनेछ। निर्माण कार्य आवश्यकता अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायक मार्फत प्रचलित कानून बमोजिम सम्पन्न गरिनेछ। आवश्यकताअनुसार ज्यामी तथा अन्य सहयोगी जनशक्ति परिचालन गरिनेछ।

**अनुगमन योजना**

कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विभिन्न चरणमा नियमित अनुगमन गरिनेछ। अनुगमनका क्रममा निम्न विषयहरूमा विशेष ध्यान दिइनेछः

- स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार निर्माण भएको शौचालय तथा पानी ट्यांकी लगायत पानी वितरण तथा सिंचाइ प्रणालीको सञ्चालन अवस्था
- कार्य सम्पन्न प्रतिवेदन, नापी किताब )Measurement Book), बिल भरपाई, फोटो अभिलेख।

## ४.२४ उन्नत वन विउ संकलन/खरिद/वितरण

**पृष्ठभूमि**

यस कार्यक्रम अन्तर्गत वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रबाट कर्मचारी परिचालन गरी विभिन्न स्थानमा स्थापना गरिएका बिउ बगैचा विउ उत्पादन क्षेत्र तथा निजि जग्गा बाट बिउ संकलन गरिनेछ । विउ केन्द्रवाट स्थापना भएका बिउ बगैंचा, बिउ उत्पादन क्षेत्रबाट मात्र सबै प्रजातीको विउ प्राप्त हुन नसक्ने प्रजातीको हकमा अन्य क्षेत्रवाट समेत बिउ संकलन गरिनेछ। सकेसम्म विउ संकलनको कार्य वन प्राविधिकवाट नै गरिनेछ । यो कार्य को लागि एकमुष्ठ सवारी साधन (चार पाङ्ग्रे) भाडामा लिएर समेत गरिने छ |केही प्रजातीको बिउ निजी जग्गामा रहेको रुखबाट संकलन

महानिर्देशक

गर्नु पर्ने भएकोले निजी जग्गामा रहेको रुखवाट समेत गर्न सकिनेछ। साथै विभिन्न कृषि वन बीउ सहकारी तथा व्यवसायीहरुबाट समेत बिउ खरिद गरी सरकारी निजी तथा गैह्रसरकारी संघ संस्थाहरुलाई (डिभिजन वन कार्यालयहरु भू-संरक्षण कार्यालयहरु, चुरेका कार्यालयहरु, निजी किसांन तथा अन्य संघ संस्था) लाई वितरण गरिनेछ । वन विउ संकलन कार्यको समय प्रजाती अनुसार फरक फरक हुने भएकोले सोही अनुसार खरीद तथा संकलनको व्यवस्था गरिनेछ ।

**उद्देश्य**

- गुणस्तरिय विरुवा उत्पादन गर्न गुणस्तरिय बीउ सरोकारवालाहरुलाई निशुल्क उपलब्ध गराउने ।
- लोपोन्मुख प्रजातीको संरक्षण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

देशको विभिन्न क्षेत्रमा स्थापना भएका वन बिउ बगैंचा तथा विउ उत्पादन क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गर्दै आधुनिक उपकरणहरुको प्रयोग गरी सुरक्षित विधी अपनाई उन्नत बीउ संकलन गरिनेछ। लोपोन्मुख एवं संकटापन्न अवस्थामा रहेका महत्वपुर्ण रुख प्रजातिहरुको स्वस्थानीय तथा परस्थानीय अनुवांशिक संरक्षणका लागि प्रजाति संरक्षण क्षेत्र, वन विउ वगैचा तथा बिउ उत्पादन क्षेत्र स्थापना गरिनेछ। देशको विभिन्न क्षेत्रमा स्थापना भएका वन विउ बगैंचा तथा बिउ उत्पादन क्षेत्रहरुवाट उन्नत बीउ संकलन तथा ढुवानी कार्य हुनेछ। खटिएका कर्मचारीको दै.भ.भत्ता, ज्यामीको ज्याला, खाजा, पानी, इन्धन तथा सवारी साधन भाडा आदी तथा लागत अनुमान बमोजिमका अन्य आवश्यक कार्यहरुमा विनियोजित रकम खर्च गरिनेछ । मान्यता प्राप्त संघ संस्था तथा अन्य विउ आपूर्तिकर्ता एवं तथा व्यवसायीहरुबाट विउ अंकुरण क्षमता राम्रो भएको वन विउहरु खरिद गरिनेछ ।सेवा प्रदायकबाट विउ खरीद गर्दा विउको अंकुरण क्षमताको ६५ प्रतिशत भन्दा बढि अंकुर हुनुपर्नेछ र नभएमा नियमानुसार कालोसूचीमा राख्ने प्रस्ताव गरिनेछ ।जिल्ला दर रेट कायम नभएको प्रजातीहरुको हकमा विक्रेताले पेश गरेको दर रेटलाई आधार मानी प्रचलित कानुन बमोजिम खरिद कार्य गरिने छ । बिउ संकलन तथा खरिद समय तालिका अनुसार गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- उन्नत जातको विउ संकलन भई सरल र सहज किसिमबाट वन बिउ वितरण हुनेछ
- उन्नत जातको विरुवा उत्पादन भई वन विकास कार्यमा टेवा पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- संकलन कार्यका लागि केन्द्रमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा ज्यामीलाई प्रयोग गरिनेछ ।
- वन बिउ खरीद कार्य प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट समेत खरीद गर्न सकिनेछ ।

**अनुगमन योजना**

- संकलित परिमाण,
- स्टोर दाखिला,
- कार्य सम्पादन प्रतिवेदन
- वितरित परिमाण ।

महानिर्देशक

## ४.२५ नव निर्मित BSO पुनः रोपण, विउ परिक्षणार्थ तथा लोपोन्मुख प्रजातिको संरक्षण कार्यको लागि विरुवा उत्पादन

### पृष्ठभूमि

वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र गुणस्तरिय बीउ सङ्कलन गरी उन्नत जातको विरुवा उत्पादन गर्ने लक्ष्यका लागि स्थापना भएको कार्यालय हो। यो केन्द्रले विगत समय देखी नै गुणस्तरिय बीउ उत्पादनका लागि आफै वन बीउ बगैचा, सीड स्टेण्ड बनाई उन्नत जातको बीउ उत्पादन गर्दै आएको छ। अर्को तर्फ उत्पादित वा विभिन्न स्थानबाट सङ्कलित बीउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्दै आएको छ। स्थलगत रुपमा बीउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न र सो कार्यलाई प्रचार प्रसार गर्न यस केन्द्रले अनुसन्धानमुलक कार्य सञ्चालन गर्न आफ्नै नर्सरी निर्माणको कार्य समेत अगाडी वढाएको छ। निर्माणाधिन नर्सरी पूर्ण रुपमा प्रविधियुक्त हुनासाथ वन बीउको अंकरण क्षमता तथा बीउको अंकुरण प्रतिशत तथा अन्य विरुवा उत्पादनसंग सम्बन्धीत अनुसन्धानमा आधारित प्रकाशनहरु प्रकाशनमा ल्याउने लक्ष्यका साथ विरुवा उत्पादनका कार्य सञ्चालमा ल्याईएको छ ।यो कार्य अन्तर्गत इन्डोर विरुवा तथा फूल जन्य विरुवा समेत उत्पादन गरिने छ।

यसका साथै विरुवा उत्पादन कार्यले खाली रहेको वन क्षेत्रमा वृक्षरोपण गर्न, समुदायको जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर कर्मचारीहरुको वैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ। नर्सरी सञ्चालन गर्दा बीउ स्रोत, समय तालिका आदि समेत खुल्ने गरी कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रजिष्टर राखु पर्नेछ उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

यसमा विभिन्न साइजका पोलिपोटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ। विरुवा वितरण गर्दा सबै प्रकारका बनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु व्यक्ति विशेष आदिमा जनसहभागिता परिचालन गरी वृक्षरोपण गर्न अभिप्रेरित गरिनेछ ।

### उद्देश्य

- गुणस्तरिय बीउ सङ्कलन गरी उन्नत जातको रुख विरुवा उत्पादन गर्ने
- वन बीउ बगैचा, सीड स्टेण्डबाट उत्पादित वा विभिन्न स्थानबाट सङ्कलित बीउको अंकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्ने
- विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्ने

### कार्यान्वयन प्रक्रिया

नर्सरीमा विरुवा उत्पादन गर्दा नर्सरी निर्माण तथा मर्मत कार्यमा गरिने कार्यहरु मध्ये केही कार्यहरु विरुवा उत्पादन कार्यबाट नै सञ्चालन गर्नु पर्ने देखिन्छ। जस्तै पानी टंकी, नर्सरीमा आवश्यक सामाग्री खरीद आदी कार्य यसै रकमबाट खर्च गरिनेछ। खर्च अनुमान गर्दा स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गरी निम्न कार्यमा खर्च गरिनेछ।

- बीउ,मल,पोलीथिन, आवश्यक गुणस्तरको माटो, खरानी तथा पिना, कोकोपिट, किटनाशक औषधी, खरीद
- बीउ छर्ने कार्य , गोडमेल, विरुवा सार्ने लगायतका लागत अनुमान अनुसारका सम्पुर्ण कार्यहरुको श्रमिकको ज्याला,

- विरुवा उत्पादन कार्य सञ्चालनार्थ आवश्यक अन्य सबै प्रकारका सामाग्री तथा सेवा खरिद ।

**अपेक्षित उपलब्धि**

आवश्यकता अनुसार र लक्ष्य अनुसारको विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक सङ्घ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

उत्पादन तथा वितरण गरिएको स्वस्थ विरुवा।

## ४.२६ विउ बगैंचाको संरक्षण (हेरालु मार्फत)

**पृष्ठभूमि**

विभिन्न आ.व.हरुमा स्थापना गरिएका वन बीउ बगैचाहरु संरक्षण गर्न १/१ जना बीउ बगैचा हेरालुहरुको व्यवस्था गरिनेछ। यस कार्यक्रम अन्तरगत राखिएका हेरालुले निम्न कार्यहरु गर्नु पर्नेछ ।

- वन बीउ बगैचाहरु संरक्षण,
- मरेको विरुवाको पुनःरोपण,गोडमेल झाडीसफाई, सिचाई, घेरबार ब्यबस्थापन, रोग किरा लागेको खण्डमा बिउ केन्द्र मा खबर गर्ने लगायतका नीजको कार्य विवरणमा तोकिएका अन्य कार्यहरु।

**उद्देश्य**

वन बीउ बगैचाहरुको संरक्षण तथा व्यवस्थापन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

विभिन्न स्थानमा रहेका विउ बगैंचा नियमित रेखदेख गर्न करार सेवामा हेरालु राख्न सम्झौता बमोजिम हेरालुलाई तलब र नियमित अनुगमनमा खटिने कर्मचारीलाई दै.भ्र.भ. मा स्वीकृत लागत अनुमान अनुसार विनियोजित बजेट खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन बिउ वगैचाको संरक्षण, गुणस्तरिय बिउ उत्पादन भई उच्च स्तरिय काठ तथा गैह्रकाष्ठ वन पैदावारहरुको उत्पादन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

बीउ बगैचा हेरालुहरुका अनुगमन तथा निरीक्षण कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा गरिने छ तथा हेरालु छनौट गर्दा गत आ.बा. मा कार्यारत अनुभवी लाई नै स्वीकृत बजेटको आधारमा प्राथमिकताका आधारमा यस आ.व. मा पानी राखिने छ ।

**अनुगमन योजना**

कार्यसम्पादन प्रतिवेदन ।



महानिर्देशक

## ४.२७वन विउ भण्डारण केन्द्र कोल्ड स्टोर व्यवस्थापन (मर्मत सुधार नियमित विद्युत आपूर्ति समेत)

### पृष्ठभूमि

विउ केन्द्रबाट स्थापना गरिएको विभिन्न प्रजातिका वन बीउ बगैचा, बीउ उत्पादन क्षेत्रहरुबाट र विभिन्न नीजि तथा कृषि वन सहकारी संस्था तथा अन्य स्रोतबाट संकलन/खरिद गरिएका विभिन्न प्रजातिहरुको सुरक्षित बीउ भण्डारण तथा वितरण पुर्व गुणस्तर जाँच गर्नका साथै भण्डारण गरिएका बीउको उमार शक्ति कायम राख्नका लागि वन बीउ प्रयोगशाला Seed Lab तथा भण्डारण केन्द्रको Cold Store सञ्चालन मर्मत संभार तथा ब्यवस्थापन गरिनेछ ।यो कार्यक्रम सेवा प्रदायक वा अमानतवाट गरिनेछ । यस कार्यका लागि वन बिउ वितरण गर्नु पुर्व गुणस्तर जाँच गर्नका साथै भण्डारण गरिएका बीउको उमार शक्ति कायम राख्नका लागि वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र मर्मत तथा सञ्चालन गरिनेछ।

### उद्देश्य

संकलित वीउको उचित भण्डारण गर्ने ।

### कार्यान्वयन प्रक्रिया

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि विभिन्न प्रकारको यांन्त्रिक सामाग्री जस्तैः धारा, विद्युत, कम्प्युटरका सामाग्रीहरु, विद्युतिय सामाग्री उपकरण मर्मत तथा खरीद, विद्युत आपुर्तिको भुक्तानी तथा जडान तथा अन्य मर्मत सम्भार तथा बीउको उमार शक्ति परिक्षण र अंकुरण परिक्षणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद जस्तै जर्मिनेशन पेपर खरिद र विभिन्न वन वीउहरुको विवरण सहितको जानकारीमुलक डिस्प्ले बोर्ड तयारी प्रयोगशालामा आवश्यक पर्ने फर्निचरहरुको खरिद तथा मर्मत, विउ भण्डारडका सामाग्रीहरु खरिदमा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

### अपेक्षित उपलब्धि

वन बिउको अंकुरण शक्तिको परिक्षण भई स्वस्थ्य विउ मात्र विरुवा उत्पादन कार्यमा प्रयोग हुनेछ ।

### जनशक्ति व्यवस्थापन

यस केन्द्रमा कार्यरत प्राविधिकको नेतृत्वामा अन्य कर्मचारीको प्रयोग गरिनेछ । आवश्यकता भएमा विशेष सेवाका लागि सेवा प्रदायक संस्था वा व्यक्तिवाट समेत सेवा वा मर्मत सुधार गर्न सकिनेछ ।

### अनुगमन योजना

कोल्ड स्टोर ।

## ४.२८ नर्सरी सञ्चालन तथा व्यवस्थापन खर्च (नर्सरी नाईके पारिश्रमिक वर्ष भरी)

### पृष्ठभूमि

वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरुले आधुनिक अनुसन्धानमूलक स्थायी नर्सरी सञ्चालन गर्दैं आएको छ । नर्सरीमा बिभिन्न प्रजातीका, बिभिन्न उमेरका विरुवाहरु बाहैं महिना हुर्काउदै आईएको छ । यस कार्यका लागि एक जना नर्सरी नाईके राखिएका छन् । उक्त नर्सरी नाईकेलाई यसै शिर्षकवाट बार्षिक रुपमा तलव दिई बार्षिक रुपमा नै नर्सरी सञ्चालन रहनेछ।

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**उद्देश्य**

- गत बर्ष उत्पादित विरुवालाई बहुबर्षे विरुवा बनाउने तथा  नर्सरीको नियमित रेखदेख तथा ब्यवस्थापन गर्ने र नर्सरीको सामान्य मर्मत संभारका कार्यहरु नियमित रुपमा गर्ने ।
- छहारी ब्यबस्थापन , सिचाई, गोडमेल, बिउ संकलन, बिउ प्रोसोधन झाडी सरसफाई लगायतका कार्यहरु गर्ने

**कार्यान्वयन प्रक्रिया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि नर्सरी नाईके, सहायक नर्सरी नाईकेको लागि सम्झौता गरिनेछ। नर्सरी व्यवस्थापनका अन्य आवश्यक कार्यहरु जस्तै नर्सरीको लागि खाने पानीको, ग्यास, अन्य सञ्चालन कार्यमा प्रयोग हुने सामागी खरीद तथा  व्यवस्था, नर्सरी व्यवस्थापन कार्यमा प्रयोग हुने विविध सामाग्री खरीद, शुल्क तथा सामाग्री ढुवानी आदीमा विनियोजित रकम खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

नर्सरीमा वाहैं महिना विभिन्न जातको विरुवा उत्पादन गर्ने कार्य सञ्चालन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

नर्सरी नाईके तथा आवश्कता अनुसार अन्य श्रमिकको प्रयोग गरी गरिनेछ ।

**अनुगमन योजना**

नर्सरीको अवस्था।

### ४.२९ विभिन्न बीउ बगैंचा/बीउ उत्पादन क्षेत्रमा माउ रुख पहिचान तथा सुसुचिकरण

**पृष्ठभूमि**

यस केन्द्र र अन्तर्गत रहेका केन्द्रहरुको मुख्य कार्य नै उन्नत जातको वीउ उपलब्ध गराउनु हो।यस कार्यका लागि यो केन्द्र स्थापना काल देखीनै देशको विभिन्न स्थानमा वन वीउ उत्पादन क्षेत्र र वन वीउ वगैचा स्थापना गरि सकेको छ।स्थापना गरिएका यी वन वीउ उत्पादन क्षेत्र र वन वीउ वगैचाको कुन रुखवाट वीउ संकलन गर्न उपयुक्त छ भनी जानकारी दिन यो कार्यक्रम राखिएको छ ।यस कार्यक्रम अन्तरगत निम्न कार्यहरु गरिनेछ ।

- वीउ संकलन योग्य रूखको पहिचान ।
- वीउ संकलनका लागि पहिचान गरिएका रुखहरुको जानकारी प्रतिवेदन तयार गर्ने र यस केन्द्रको वेभसाइटवाट जानकारी  गराउने।

**उद्देश्य**

उन्नत किसिमको वीउ संकलन योग्य रुखको छनौट गरी वीउ संकलनको सार्वजनिकरण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यका लागि खर्च अनुमान गर्दा कृषि, वन तथा पर्यावरण मन्त्रालय (साबिकको वन तथा भू—संरक्षण मन्त्रालय) को प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम यस कार्यालयमा कार्यरत वन प्राविधिक वाट निम्न कार्यमा खर्च गरिनेछः

- रुख पहिचान गर्न वन प्राविधिकको दै.भ्र.भत्ता,
- माउ रुखको पहिचान, नक्साङ्कन र तथ्याङ्क संकलन गर्न ।
- अवश्यकता अनुसार फिल्डमा ज्यमी/बाहिरी वन प्राविधिकको पारिश्रमिक।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

- स्वीकृत लागत अनुमान अनुसारका अन्य कार्यका लागि

**जनशक्ति व्यवस्थापन**

यस केन्द्रमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा ज्यामीलाई प्रयोग गरी कार्य गरिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यको सञ्चालन कार्यले उन्नत किसिमको वीउ संकलन योग्य रुखको जानकारी भई वीउ संकलन कार्यमा सहयोग पुग्नेछ ।

## ४.३० पुरानो फलफुल बगैंचा, वन विउ बगैंचा, विउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्रहरुको व्यवस्थापन (पुनःरोपण, झाडी सफाई, तारवार मर्मत, सिंचाई, गोडमेल तथा मल हाल्ने समेत)

**पृष्ठभूमि**

उन्नत बीउ, असल काठ भने झै भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम वंश संरक्षण गर्न स्थापना गरिएको बीउ उत्पादन क्षेत्रहरुको फिल्ड अनुगमन निरिक्षण अनुरुप विभिन्न बिउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरिने छ ।यस कार्य अन्तर्गत पुराना वन बिउ उत्पादन क्षेत्रको तारवार मर्मत तथा सम्भार तथा तथ्याङ्क अभिलेखिकरण, नियमित गोडमेल झाडीसफाई तथा पुनरोपण,वन बिउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु गरिने छ ।

**उद्देश्य**

बिउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरि गुणस्तर वीउको उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत पश्चात वन बिउ उत्पादन क्षेत्रको तारवार तथा घेरवार मर्मत सम्भार तथा सुधार कार्य थालनी हुनेछ। यस अन्तर्गत नियमित गोडमेल झाडीसफाई तथा पुनःरोपण, वन बिउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु, तथ्याङ्क अभिलेखिकरणका लागि स्थलगत तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशन सुचनामुलक होर्डिंग बोर्ड राख्न तथा अन्य लागत अनुमानका कार्यहरु हुनेछ। नियमित प्राविधिक सहयोगमा खटिने कर्मचारीको दै.भ्र.भत्ता ईन्धन, हेरालु व्यवस्था, ज्यामीको खर्च, फिल्डमा आवश्यक सामाग्री, औषधी, सवारी साधन भाडा, अनुगमन तथा मुल्याँकन कार्यमा बजेट खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम् वंश संरक्षण गर्ने कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ ।

**अनुगमन योजना**

पुरानो फलफुल बगैंचा, वन विउ बगैंचा, विउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्र ।

महानिर्देशक

## ४.३१ नवनिर्मित वन बीउ बगैचा. बीउ उत्पादन क्षेत्रको तारवार मर्मत, द्वैमासिक रूपमा गोडमेल,झाडी/घाँस सफाई पुनःरोपण,सिंचाई तथा मल हाल्ने समेत (ईमली,नीम, बौधीचित,देवदार,लप्सी,कोईरालो)

**पृष्ठभूमि**

उन्नत बीउ, असल काठ भने झै भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम वंश संरक्षण गर्न स्थापना गरिएको बीउ उत्पादन क्षेत्रहरुको फिल्ड अनुगमन निरिक्षण अनुरुप विभिन्न बीउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरिने छ ।यस कार्य अन्तर्गत पुराना वन बीउ उत्पादन क्षेत्रको तारवार मर्मत तथा सम्भार तथा तथ्याङ्क अभिलेखिकरण, नियमित गोडमेल झाडीसफाई तथा पुनरोपण,वन बीउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु गरिने छ ।

**उद्देश्य**

बीउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरि गुणस्तर वीउको उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रमको अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि निम्नानुसारको कार्यहरु गरिनेछः

- वन बीउ उत्पादन क्षेत्रको तारवार तथा घेरवार मर्मत सम्भार तथा सुधार,
- नियमित गोडमेल झाडीसफाई तथा पुनःरोपण,
- वन बीउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु,
- तथ्याङ्क अभिलेखिकरणका लागि स्थलगत तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन
- सुचनामुलक होर्डिग बोर्ड राख्न तथा अन्य लागत अनुमानका कार्यहरु।

नियमित प्राविधिक सहयोगमा खटिने कर्मचारीको दै.भ्र.भत्ता ईन्धन, अनुगमन तथा मुल्याँकन कार्यमा बजेट खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम् वंश संरक्षण गर्ने कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ ।

**अनुगमन योजना**

पुरानो फलफुल बगैंचा, वन बीउ बगैंचा, बीउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्र

## ४.३२ फिल्ड कर्मचारीका लागि फिल्ड गियर तथा प्रचार प्रसार सामाग्री खरिद तथा वितरण

### पृष्ठभूमि

वन क्षेत्रको दिगो व्यवस्थापन र जैविक विविधताको संरक्षणका लागि गुणस्तरीय बीउ संकलन अत्यन्तै महत्वपूर्ण प्रक्रिया हो। विशेष गरी प्राकृतिक वन क्षेत्रहरूबाट उपयुक्त वंशानुगत गुण भएका, रोगमुक्त, परिपक्व र जीवन्त बीउहरूको छनौट र संकलन गर्न विभिन्न फिल्ड गियर तथा उपकरणहरूको प्रयोग आवश्यक हुन्छ। हालसम्म वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रका कर्मचारीहरुले आफैले बीउ संकलन कार्य गर्दै आएकोमा फिल्ड गियरको अभावले बीउ संकलन कार्य अत्यन्तै अफठ्यारो हुने गरेको छ। अग्ला रूखहरूबाट बीउ संकलन गर्दा विभिन्न फिल्ड गियर र उपकरणको अभावले जनशक्ति सुरक्षामा समेत जोखिम देखिएको छ। साथै, बीउ संकलनका लागि आवश्यक यन्त्र, सामग्री र सुरक्षात्मक पोशाकको अभावले संकलन कार्य प्रभावकारी रुपमा हुन सकिरहेको छैन।

यस सन्दर्भमा, बीउ संकलन कार्यलाई वैज्ञानिक, सुरक्षित, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि फिल्ड गियर खरिद तथा व्यवस्थापन आवश्यक भएको छ। सो उपकरणहरू अन्तर्गत क्यामेरा,  रोप, झोला, हुक, हेल्मेट, सुरक्षा बेल्ट, ह्यान्ड ग्लोभ्स, GPS उपकरण, यन्त्र फिल्डमा लगाउने पोशाक जस्तै ज्याकेट, बुट वा जुत्ता, ट्र्याक शुट, स्लिपिङ ब्याग, रेनकोट) आदि समावेश छन्। यस कार्यक्रमबाट बीउ संकलन कार्य गुणस्तर र सुरक्षित तरिकाले गरी स्वस्थ बीउ संकलन गरी उन्नत बिरुवा उत्पादन कार्यलाई पनि सुदृढ बनाउने अपेक्षा गरिएको छ। साथै प्रचार—प्रसार सामग्री कार्यालयका कार्यक्रम, तालिम, गोष्ठी, प्रदर्शनी, वन दिवस, जनचेतनामूलक अभियान तथा अन्य आवश्यक अवसरमा सम्बन्धित सरोकारवालाहरूलाई वितरण तथा प्रयोग गरिनेछ। आवश्यकताअनुसार प्रचार सामग्रीमा कार्यालयको नाम, लोगो, सम्पर्क विवरण तथा सान्दर्भिक प्राविधिक सूचना समावेश गरिनेछ। सम्पूर्ण वितरण विवरण तथा मौज्दात अभिलेख नियमित रूपमा अद्यावधिक गरिनेछ।

### उद्देश्य

विउ संकलन कार्यमा खटिने टोलिको सुरक्षाको लागि आवश्यक फिल्ड गियर उपलब्ध गराउने।

### कार्यान्वयन प्रक्रिया

प्रचलित कानूनको अधिनमा रही स्पेसिफिकेशन तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। यस शिर्षक अन्तर्गत विनियोजित रकम फिल्डमा आवश्यक पर्ने फिल्ड गियरहरु जस्तै क्यामेरा, ज्याकेट र ट्राउजर, बुट वा जुत्ता, ट्र्याक शुट, स्लिपिङ ब्याग, रेनकोट, छाता, झोला, आदि तथा स्वीकृत लागत अनुमान बमोजिमका सम्पूर्ण सामाग्रीहरु खरिद गर्न खर्च गरिनेछ।

### अपेक्षित उपलब्धि

फिल्ड गियर प्राप्त भई कर्मचारीहरुको सुरक्षा तथा कार्यक्षमता बढ्ने।

### जनशक्ति व्यवस्थापन

प्रचलित नियमानुसार सेवा प्रदायकबाट खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

### अनुगमन योजना

प्राप्त फिल्ड गियर, प्रचार प्रसार सामाग्री, स्टोर दाखिला, आदि

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४.३३ बोधिचित्त काभ्रेमा रहेको BSO सुधार गर्ने कार्य (रिकलानेशन)

**पृष्ठभूमि**

यस केन्द्र अन्तरगत काभ्रेमा रहेको बोधिचित्तको BSO अधिकाशमात्रामा रोपण गरिएका विरूवाहरू विविध कारणले मरेको अवस्था छ । सोही स्थानमा तारवार गर्नु पर्ने र विरूवा मरेको ठाउँमा पुनःरोपण गर्नु पर्ने भएकोले यो कार्यक्रम राखिएको हो। घेरवार गर्ने र सके सम्म श्रावण भाद्र महिनामै पुनःरोपण कार्य सम्पन्न गर्नु उपयुक्त हुनेछ । यस कार्य अन्तर्गत पुराना वन बीउ उत्पादन क्षेत्रको तारवार मर्मत तथा सम्भार तथा तथ्याङ्क अभिलेखिकरण, नियमित गोडमेल झाडीसफाई तथा पुनरोपण तथा संरक्षणका कार्यहरु गरिने छ ।

**उद्देश्य**

बीउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरि गुणस्तर वीउको उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि तपसिलको कार्यहरु गरिनेछः

- वन बीउ उत्पादन क्षेत्रको तारवार तथा घेरवार मर्मत सम्भार तथा सुधार,
- नियमित गोडमेल झाडीसफाई तथा पुनःरोपण,
- वन बीउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु, यस कार्यका लागि हेरालु समेत राख्न सकिने छ ।
- तथ्याङ्क अभिलेखिकरणका लागि स्थलगत तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन
- सुचनामुलक होर्डिग बोर्ड राख्न तथा अन्य लागत अनुमानका कार्यहरु।
- विरूवा खरिद/ ढुवानी

नियमित प्राविधिक सहयोगमा खटिने कर्मचारीको दै.भ्र.भत्ता ईन्धन, अनुगमन तथा मुल्याँकन कार्यमा बजेट खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम् वंश संरक्षण गर्ने कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ ।

**अनुगमन योजना**

पुरानो फलफुल बगैंचा, वन बीउ बगैंचा, बीउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्र

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## ४.३४ पुराना वन विउ बगैंचा, फलफूल बगैंचा, विउ उत्पादन क्षेत्रहरुको नियमित अनुगमन तथा निरिक्षण र प्रतिवेदन

**पृष्ठभूमि**

विउ केन्द्रहरुका कार्यक्षेत्र अन्तर्गत पर्ने पुराना वन बिउ बगैचा, बिउ उत्पादन क्षेत्र तथा फलफुल बगैचाको नियमित अनुगमन तथा स्थलगत निरीक्षण गरिनेछ | विभिन्न शिर्षक अन्तर्गत संचालित कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्न उल्लेखित कार्यक्रम बाट खर्च गरिनेछ |

**उद्देश्य**

वन बिउ बगैचा, बिउ उत्पादन क्षेत्र तथा फलफुल बगैचाको नियमित अनुगमन तथा स्थलगत निरीक्षण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

वर्षभरी गरिने अनुगमनको योजना तयार गरि अवधारणा पत्र, लागत अनुमान स्वीकृत गरिनेछ । यसमा विनियोजित बजेट अनुगमनमा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता ( इन्धन समेत ), फिल्डमा आवश्यक पर्ने सामग्री खरिद फिल्डमा खटिदाको सवारी साधन (जिप/मोटरसाइकल) मर्मत जनशक्ति व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

वन बिउ बगैंचा उत्पादन क्षेत्र तथा फलफुल बगैचाको नियमित अनुगमन तथा स्थलगत निरीक्षण भई तथ्याङ्क आवधिक तथा आगामी दिनमा चाल्नु पर्ने कदमको दिशा बोध हुनेछ ।

**अनुगमन योजना**

प्रतिवेदन ।

## ४.३५ मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन तालिम

**पृष्ठभूमि**

नेपालको वन संरक्षण कार्यमा मिचाहा प्रजातिको चुनौती बढदो रहेको छ। वन क्षेत्रमा मिचाहा प्रजातिको रुपमा फैलिएको वनमारा, निलकाँडा, माईकेनिया लगायतले स्थानीय वनस्पतिको पुनरुत्पादन क्षमतामा ह्रास ल्याएको छ। यसका साथै सुख्खायाममा वन क्षेत्रमा जम्मा हुने पत्करले वन डढेलोको जोखिम बढाउने गरेको छ। मिचाहा प्रजाति र वन डढेलोको प्रकोपलाई कम पार्न वन क्षेत्रबाट मिचाहा प्रजाति र पत्कर संकलन गरी सोको जैविक मलको रुपमा प्रयोग गर्न सक्ने सम्भावना देखिएको र यसबाट नर्सरी लगायत बृक्षारोपण क्षेत्रमा मलको आपुर्तिमा सहज हुने देखिन्छ। तसर्थ मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन गर्न साथै वन डढेलो नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको छ। यो कार्यक्रम प्राप्त प्रस्तावको आधारमा कुनै एक सामुदायिक वन वा समुदायमा आधारित वन व्यवस्थापन समूहद्धारा सञ्चालन गरिनेछ।

**उद्देश्य**

मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्ने।

महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र स्वीकृत गरि सम्बन्धित वन समूह वा सेवा प्रदायक वा कार्यालयका कर्मचारी परिचालन गरि गरिनेछ। यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछः

- सम्बन्धित डिभिजनल वन कार्यालयसँग समन्वय गर्ने
- वन समूह तथा सहभागी छनौट
- तालिममा सहभागिताको लागि आवश्यक डकुमेन्टेशन तयार पार्ने
- तालिम सञ्चालन
- प्रतिवेदन तयार

**अपेक्षित उपलब्धि**

- उपयोगमा नआउने वन वनपैदावरबाट जैविक मल तयार गर्ने ।
- सामुदायिक वनको नर्सरी र वृक्षारोपण स्थलहरूमा स्थानीय रूपमा तयार पारिएको जैविक मलको प्रवर्द्धन गर्ने।
- समुदायमा आधारित वन समूहमा मिचाहा प्रजातिहरूको प्रभाव र तिनीहरूको नियन्त्रण उपायहरू बारे जागरूकता जगाउने।
- मिचाहा प्रजाति व्यवस्थापन र जैविक मलको लागि पत्कर हटाउने कार्यमा समुदायको सहभागिता बढाउने र वन डढेलो रोकथाममा पनि योगदान पुऱ्याउने।

**जनशक्ति व्यवस्थापन**

केन्द्र अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत, सेवा प्रदायकबाट सेवा खरिद गरेर अथवा समूहसँग सोझै सम्झौता गरी प्रचलित नियमानुसार यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- तालिम सञ्चालनको बेलामा कर्मचारीबाट अनुगमन
- सहभागीहरूको उपस्थिति
- प्रतिवेदन ।

## ४.३६ सामुदायिक वन बुलेटिन तयारी तथा प्रकाशन

**पृष्ठभूमि**

विभागले विगतको वर्षमा प्रकाशनमा ल्याएको समुदायमा आधारित वन बुलेटिनमा खोज अनुसन्धान, स्थलगत असल अभ्यास, लेख, रचना, वर्तमान सवाल, आवधिक तथ्यांक जस्ता जानकारीमूलक संदेशहरुले गर्दा उपभोक्ता र सामुदायिक वन सम्बन्धी विषयमा चासी राख्ने सरोकारवाला सामु लोकप्रिय हुँदै गएकोले निरन्तरता दिई अझै समय सापेक्ष बनाउने उद्देश्य रहेको छ। यसको अलावा केन्द्रबाट भए गरेको कार्यहरु समबन्धी नीतिगत विषयहरुको विश्लेषण, समुदायमा आधारित सबै वन व्यवस्थापन पद्धतिहरुसँग सम्बन्धीत लेख/रचनाहरु, अध्ययन प्रतिवेदनहरु र भए गरेका कार्यक्रम, सूचना, तथ्याङ्क र यसको विश्लेषण लगायतका विषय समेत बुलेटिनमा समावेश गर्दै लगिनेछ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**उद्देश्य**

सामुदायिक लगायत समुदायमा आधारित वन व्यवस्थापन सम्बन्धी सुचना तथा संदेश प्रवाह गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनको लागि अवधारणापत्र र लागत अनुमान स्वीकृत गरिनेछ। यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- सम्पादक मण्डल गठन वा सल्लाहकार समिति बनाईनेछ,
- अध्ययन केन्द्रका कर्मचारी परिचालन गरि समूहका सूचना तथा तथ्याङ्क संकलन गरिनेछ,
- लेख, रचना तयारी, संकलन तथा मुल्याङ्कन,
- बुलेटिन तयारी, सम्पादन र छपाई।
- छपाई कार्य लागि प्रचलित नियमानुअनुसार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- नियमित रुपमा समुदायमा आधारित वन बुलेटिन प्रकाशनमा आउनेछ।
- वन समूहले गरेका सफल अभ्यासहरु उजागर हुनेछन,
- समुदायमा आधारित वन व्यवस्थापनको नीतिगत तथा कानूनी बिषयमा सबै तहका सरकारहरुलाई मार्गदर्शन प्राप्त हुनेछ,
- समुदायमा आधारित वन व्यवस्थापनको राष्ट्रिय तथ्याङ्क अध्यावधिक हुने,
- वन तथा वातावरणविज्ञहरुलाई लेख रचना तयार गर्न अभिरुचि गराउदछ,
- बुलेटिन मार्फत बौद्धिक तथ्य सहितको विवरण यस संस्थालाई प्राप्त हुने
- सरोकारवाला सबैंलाई जानकरी तथा सूचना प्रवाह हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

लेख रचना प्राप्त गर्न, तथ्याँक संकलन र व्यवस्थापन गर्न, सामुदायिक वन अध्ययन केन्द्र अन्तर्गतका गतिविधिहरु लेख्ने लगायतका उल्लेखित सबै कार्यहरु गर्न केन्द्रका कर्मचारीहरु संलग्न हुनेछन्, सम्पादक मण्डल वा सल्लाहकार समितिले मुल्याङ्कन तथा सूझाव दिनेछ।

**अनुगमन योजना**

प्रकाशित बुलेटिन स्टोर दाखिला गरि सरोकारवालाहरुलाई वितरण गरिनेछ |

## ४.३७ वन डढेलो नियन्त्रण उपकरण खरिद तथा स्थापना

प्रत्यक वर्ष सुख्खायाममा वन क्षेत्रमा ठुलो मात्रामा डढेलो लाग्ने गरेको र केही वर्ष देखि प्रकोप कै रुपमा बढिरहेको र यसले वन, वन्यजन्तु र जैविक विविधता क्षति पुग्नुका साथै ठूलो मात्रामा प्राकृतिक तथा मानविय क्षति समेत हुने गरेकोले यसको न्युनिकरण तथा नियन्त्रण गर्न अपरिहार्य देखिएको। कार्यालय परिसर वरिपरि वन जंगल रहेकोले आगलागीको जोखिम रहेकोले कार्यालय परिसरमा डढेलो नियन्त्रणका लागि अग्नि नियन्त्रक सामग्रीहरु राख्नुपर्ने देखिएको। स्थानीय वन समूहहरुलाई वन डढेलो नियन्त्रण सम्बन्धी तालिम सञ्चालन गर्नका लागि समेत सामग्री आवश्यक रहेको। वन डढेलो नियन्त्रणमा स्थानीय वन समूहलाई सहभागी बनाई डढेलो रोकथाम गर्न। यस कार्यक्रम



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

अन्तर्गत फायर स्वाटर, रेत, बाटर ब्याकप्याक, हेलमेट, बेल्चा, बाल्टी, पानी संकलन ट्यांकी, फायर ईस्टिङ्गगाईसर, डढेलो अनुगमनको लागि ड्रोन (UAV) लगायतका सामग्रीहरु खरिद गरिनेछ।

**उद्देश्य**

कार्यालय परिसर र स्थानिय सामुदायिक वनमा डढेलो नियन्त्रण तथा रोकथाम गर्ने तथा तालिम सञ्चालन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछः

- अवधारणापत्र र लागत अनुमान तयार
- सेवा प्रदायकबाट सामग्री खरिद तथा स्थापना कार्य गर्ने।
- सामग्रीको उपलब्धता भएमा वन समूहहरुलाई समेत वितरण गरिने,

**अपेक्षित उपलब्धि**

- कार्यालय परिसरमा अग्नि नियन्त्रक सामग्रीहरु उपलब्ध हुने तथा व्यवस्थित हुने,
- कार्यालय परिसरमा डढेलोको जोखिम कम हुने,
- वन डढेलो तालिम सञ्चालनमा सहजिकरण हुने,
- वन डढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि सामुदायिक सहभागिता र समन्वय बढाउनेछ।

**जनशक्ति व्यवस्थापन**

अध्ययन केन्द्रका कर्मचारीहरु परिचालन गरी प्रचलित नियमानुसार सामग्री खरिद गरिनेछ।

**अनुगमन योजना**

खरिद भएका सामग्रीहरु दाखिला गरि नियमित हेरचाह गर्ने।

## ४.३८ MIS सुदृढीकरण

**पृष्ठभूमि**

सामुदायिक वन अध्ययन केन्द्रको वेबमा आधारित अनलाइन सूचना व्यवस्थापन प्रणाली विकास गरिएको छ। यो प्रणाली कागजमा आधारित अभिलेखलाई तुरुन्त र प्रभावकारी तथ्याङ्क प्रविष्टि साथै प्रतिस्थापन गर्ने उद्देश्यले विकास गरिएको हो। यसमा सामुदायिक वन, कबुलयती वन, धार्मिक वन, निजी वन, साझेदारी वन, वन संरक्षण क्षेत्रको तथ्याङ्क प्रविष्टि गर्ने व्यवस्था रहेको छ। गत आ.व. मा वनहरुको तथ्याङ्क डिभिजन वन कार्यालय प्रविष्टि गर्न र एकिकृत सूचना प्रणाली व्यवस्था गर्ने उद्देश्यले विगतमा तालिमको आयोजना गरिएको थियो। तालिमको क्रममा आएका प्रतिकृया र सुझावलाई समावेश गरी यस अनलाइन सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरी वन र वन क्षेत्रसँग सम्वन्धित विवरणलाई वेभमार्फत परिमार्जित रुपमा सरोकारवालाहरुलाई उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**उद्देश्य**

समुदायमा आधारित वन समूह तथा वन क्षेत्रसँग सम्वन्धित डिजिटल राष्ट्रिय तथ्याङ्क तयार गर्न।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**कार्यान्वयन प्रक्रिया**

- लागत अनुमान तथा अवधारणा पत्र तयार तथा स्वीकृत गरिनेछ।
- सेवा प्रदायकबाट सञ्चालन गरिनेछ।
- प्रचलित नियमानुसार सेवा खरिद गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- MIS मा नयाँ फिल्ड वा नयाँ फिचरहरु थपिने
- नेपालभरिको समुदायमा आधारित वन व्यवस्थापनको एकिकृत राष्ट्रिय तथ्याङ्क सङ्कलन हुनेछ।
- सम्बन्धित सरोकारवाला वन बिज्ञ, अनुसन्धानकर्ता, बिद्यार्थीहरुको राष्ट्रिय तथ्याङ्कमा पहुच हुने।
- राष्ट्रियस्तरका प्रतिवेदन तयारका लागि तथ्याङ्क उपलब्ध हुने।

**जनशक्ति व्यवस्थापन**

प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अनुगमन योजना**

भैरहेको सूचना व्यवस्थापन प्रणाली सुदृढ हुनेछ।

## ४.३९ सामुदायिक वन दिवस

**पृष्ठभूमि**

प्रत्येक वर्ष साउन २५ गते सामुदायिक वन दिवस मनाउने गरिएको छ। यस वर्ष पनि विशेष कार्यक्रम गरि मनाउने उद्देश्य रहेको छ। यो कार्यक्रमलाई वन तथा भू-संरक्षण विभागबाट केन्द्रियस्तरमा गरिने सामुदायिक वन दिवस कार्यक्रमसँग समन्वय गरि सञ्चालन गरिनेछ। समारोह व्यवस्थापन, खाजा नास्ता, ब्यानर, स्टेशनरी लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

**उद्देश्य**

सामुदायिक वन दिवस मनाउने |

**कार्यान्वयन प्रक्रिया**

- लागत अनुमान तयारी एवं स्वीकृति
- अध्ययन केन्द्रका कर्मचारी परिचालन गरिनेछ
- यसका लागि सहभागीका

यस अन्तर्गत निम्न कार्यहरु गर्न सकिनेछः

- राष्ट्रियस्तरको प्राज्ञिक वहस
- बिद्यालयस्तरीय निबन्ध/ चित्रलेखा/वादविवाद प्रतियोगिता
- सरोकारवालाहरुसँग अन्तर्क्रिया/प्यानल छलफल
- वृक्षारोपण
- विभिन्न माध्यमवाट संरक्षण सन्देश प्रसारण

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अपेक्षित उपलब्धि**

- सामुदायिक वनका सम्वन्धमा प्रचार प्रसार हुनेछ।
- सामुदायिक वन व्यवस्थापनले पुर्याएको योगदानको सम्मान हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस केन्द्रका जनशक्तिहरुबाट वा अरु सरकारी तथा गैरसरकारी संस्थाहहरु सँगको समन्वयमा यो कार्यक्रम कार्यान्वियन गरिनेछ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- प्रतिवेदन ।

## ४.४० समुदायमा आधारित वन व्यवस्थापन सम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थापन

**पृष्ठभूमि**

नेपालमा सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापनका विभिन्न पद्धतिहरु अवलम्वन गरिदै आएको छ। समुदायमा आधारित वन व्यवस्थापन सम्वन्धी तथ्याङ्क संकलन तथा अध्यावधिक गर्न यो कार्यक्रम राखिएको हो। यसमा प्रदेशस्थित वन मन्त्रालय/निर्देशनालय, डिभिजन वन कार्यालयहरुबाट तथ्याङ्क संकलन गरिनेछ। यस कार्यक्रमबाट समूहहरुले गरेका सफल अभ्यासहरुको फिल्ड अनुगमन समेत गरिनेछ। संकलित तथ्याङ्कलाई यस केन्द्रको वेव साईटमा अध्यावधिक गरिनेछ। विनियोजित बजेटबाट बैठक भत्ता, खाजा खर्च, भ्रमण भत्ता, ईन्धन, सवारी साधन मर्मत, लगायतका कार्यमा खर्च गर्न सकिनेछ। कार्यालयमा प्राप्त भएको तथ्यांकलाई प्रविष्ट गर्ने कर्मचारीलाई समेत खाजा/खाना लगायत नियमानुसार भत्ता उपलब्ध गराउन सकिनेछ।

**उद्देश्य**

समुदायमा आधारित वन व्यवस्थापन सम्वन्धी तथ्याङ्क अध्यावधिक गर्ने तथा MIS को तथ्यांङ्क लाई भेरिफिकेशन गर्ने|

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम सञ्चालनको लागि निम्न बमोजिमको कार्यहरु गरिनेछ।

- अवधारणा पत्र, लागत अनुमान तयारी र स्वीकृत
- फिल्ड भ्रमण तथा अनुगमन गर्ने,
- सम्बन्धित पक्षसँग अन्तरक्रिया तथा छलफल
- प्रदेश वन मन्त्रालय तथा मातहतका कार्यालयहरुसँग समन्वय गर्ने,

**अपेक्षित उपलब्धि**

नेपाल भरिको समुदायमा आधारित वन व्यवस्थापन सम्वन्धी राष्ट्रिय तथ्याङ्क संकलन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

अध्ययन केन्द्रमा उपलब्ध जनशक्तिबाट यो क्रियाकलाप सञ्चालन गरिनेछ।

**अनुगमन योजना**

MIS मा अद्यावधीक गरिएको तथ्याङ्कको भेरिफिकेशन |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## ४.४१ कार्यालय संचालानसँग सम्बन्धी यन्त्र उपकरण तथा मेसिन औजार खरिद

### पृष्ठभूमि

सामुदायिक वन अध्ययन केन्द्र यस वर्ष देखि सिन्धुपाल्चोकको ठोकर्पाबाट सञ्चालन भएकोले नयाँ कार्यालय सञ्चालन सहजीकरणको लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा मेसिन औजार खरिद गर्नुपर्ने आवश्यकता रहेको छ। यस कार्यक्रम अन्तर्गत सोलार बत्ति, रेफ्रिजिरेटर, सिसिटिभि तथा यससँग सम्बन्धित उपकरणहरु, कम्प्युटर, ल्यापटप, ई हाजिरी मशिन, बाटर युरो गार्ड लगायत अन्य मेसिन तथा उपकरणहरु खरिद गरिनेछ।

### कार्यान्वयन प्रक्रिया

- लागत अनुमान, अवधारणा पत्र तयारी तथा स्वीकृति।
- सेवा प्रदायकबाट नियमानुसार खरिद गरिनेछ।

### जनशक्ति व्यवस्थापन

अध्ययन केन्द्रमा मौजुदा जनशक्ति आवश्यकता अनुसार परिचालन गरिनेछ।

### अपेक्षित उपलब्धि

- बिद्युत जाँदा काममा हुने वाधा हट्न जाने ।
- कार्यालय परिसरको सुरक्षा अनुगमन गर्न सहज हुने ।
- कार्यालयको लागि आवस्यक उपकरण उपलब्ध भई काममा सहजता आउने ।

## ४.४२ राष्ट्रिय शहिद तथा निजामती पार्क संरक्षण तथा व्यवस्थापन, गोकर्ण-१, काठमाडौं

### पृष्ठभूमि

राष्ट्रिय शहिद तथा निजामती पार्क, गोकर्ण-१, काठमाडौंको संरक्षण, व्यवस्थापन तथा सौन्दर्यीकरणलाई निरन्तरता दिन नियमित मर्मतसम्भार, हरियाली प्रवर्द्धन तथा वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रहेको छ। पार्क क्षेत्रको दिगो संरक्षण, सार्वजनिक उपयोगिता अभिवृद्धि, पर्यापर्यटन प्रवर्द्धन तथा पार्कको भौतिक र प्राकृतिक संरचनाको व्यवस्थापनका लागि सम्बन्धित व्यवस्थापन समितिमार्फत कार्यक्रम सञ्चालन गरिनेछ।

### उद्देश्य

राष्ट्रिय शहिद तथा निजामती पार्कको संरक्षण, मर्मतसम्भार, व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी पार्क क्षेत्रलाई व्यवस्थित, हरियालीयुक्त र उपयोगी बनाउने।

### कार्यान्वयन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत पार्क क्षेत्रभित्र आवश्यक मर्मतसम्भार, सरसफाइ, संरक्षण, वृक्षारोपण, रोपिएका बिरुवाको हेरचाह, गोडमेल, सिंचाइ, घेराबार मर्मत तथा हरियाली प्रवर्द्धनसम्बन्धी कार्यहरू सञ्चालन गर्न सकिनेछ।

कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय शहिद तथा निजामती पार्कसँग सम्बन्धित व्यवस्थापन समितिले आवश्यक क्रियाकलाप, लागत अनुमान, कार्ययोजना तथा अपेक्षित उपलब्धिसहितको प्रस्ताव वन तथा भू-संरक्षण विभागमा पेश गर्नुपर्नेछ। प्राप्त प्रस्तावको प्राविधिक तथा आर्थिक पक्ष मूल्यांकन गरी उपयुक्त देखिएमा विभागीय निर्णय बमोजिम स्वीकृत लागत अनुमानको आधारमा बजेट उपलब्ध गराइनेछ।

व्यवस्थापन समितिले स्वीकृत प्रस्ताव, लागत अनुमान, प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानून तथा स्वीकृत मापदण्डको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न भएपछि समितिले कार्यसम्पन्न प्रतिवेदन, फोटो, खर्च विवरण, बिल-बिजक तथा आवश्यक कागजातसहितको प्रतिवेदन वन तथा भू-संरक्षण विभागमा पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धि**

- राष्ट्रिय शहिद तथा निजामती पार्कको संरक्षण र व्यवस्थापनमा सहयोग पुग्नेछ।
- पार्क क्षेत्रमा मर्मतसम्भार तथा हरियाली प्रवर्द्धन हुनेछ।
- वृक्षारोपण तथा रोपिएका बिरुवाको संरक्षणमा सहयोग पुग्नेछ।
- पार्कको सौन्दर्य, उपयोगिता र पर्यापर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम सम्बन्धित व्यवस्थापन समितिमार्फत सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभागको प्राविधिक सहजीकरण तथा अनुगमन रहनेछ। समितिले उपलब्ध जनशक्ति वा प्रचलित नियमानुसार आवश्यक सेवा प्रदायक/कामदार परिचालन गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

**अनुगमन योजना**

- समितिबाट पेश भएको प्रस्ताव तथा लागत अनुमान।
- विभागीय निर्णय तथा बजेट उपलब्ध गराइएको विवरण।
- कार्यान्वयन प्रगति विवरण।
- स्थलगत अनुगमन तथा फोटोहरू।
- खर्च विवरण, बिल-बिजक तथा भुक्तानी कागजात।
- कार्यसम्पन्न प्रतिवेदन।



महानिर्देशक

## परिच्छेद ५. जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३१२०६१०२)

नेपालको कमजोर भौगर्भिक अवस्था, भूकम्पीय संवेदनशिलता, जलवायु परिवर्तन जस्ता विभिन्न कारणहरूबाट बर्षेनी हजारौ व्यक्तिको जीउ, धन, सम्पति, लगायत अन्य भौतिक संरचनाहरूको विनास भइरहेको छ । त्यसैगरी पानीढलो जथाभावी छाड्नु, अनुपयुक्त भूउपयोग, अवैज्ञानिक खेती प्रणाली, अव्यवस्थित पशुपालन, वातावरणीय दुष्परिणामको पूर्व अनुमान विना सञ्चालित विकास निर्माण कार्य जस्ता मानवीय क्रियाकलापहरूले भूक्षयको समस्या थप बढ्दै गईरहेको छ । भूक्षयका कारणले खेतीयोग्य जमिन नाश हुनुका साथै भू उत्पादकत्वमा कमी आई खाद्यान्न उत्पादनमा समेत ह्रास आइरहेको छ । यसले जीविकोपार्जनको लागि मूलतः खेतीपाती र स्थानीय प्राकृतिक श्रोतहरूमा आश्रित अधिकांश नेपाली जनताको सामाजिक र आर्थिक अवस्थामा नकरात्मक प्रभाव पारेको छ ।

नेपालका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै जलवायु उत्थानशील तथा पारिस्थितिक सन्तुलन कायम गर्ने र जलाधार क्षेत्रहरूको बैज्ञानिक व्यवस्थापनबाट भूक्षय कम गरि जमिनको उर्वराशक्ति कायम राख्नका साथै विकास निर्माणका पूर्वाधारहरूको संरक्षणमा सघाउ पुर्याउने मुख्य उद्देश्यहरु राखि जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रमको जिम्मेवार निकाय वन तथा भू संरक्षण विभाग अन्तर्गतको जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा, बृहत् जलाधार व्यवस्थापन केन्द्रहरु (कोशी, गण्डकी, कर्णाली र महाकाली) र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी मार्फत क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । यस अन्तर्गत गल्छी/पहिरो नियन्त्रण, पानी मूहान संरक्षण, पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग, संरक्षण पोखरी, सिंचाई पोखरी, रिचार्ज पोखरी निर्माण तथा व्यवस्थापन, सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन, खोला/नदी किनारा संरक्षण, सिंचाई कुलो निर्माण/मर्मत, एकीकृत जलाधार व्यवस्थापन सम्बन्धि नमूना स्थल विकास/निर्माण, एक प्रदेश एक नदी प्रणालीमा बाँस रोपण कार्यक्रम, नदी प्रणालीमा नर्सरी सहित वृक्षारोपण, दिगो भूमी व्यवस्थापन, फेवा संरक्षित जलाधार क्षेत्र एकीकृत कार्यक्रम, बाढि, पहिरो विपद व्यवस्थापन सहजिकरण विशेष कार्यक्रम, कृषि वन प्रवर्द्धन, बहुवर्षिय विरुवा उत्पादन, क्षमता अभिवृद्धि, अध्ययन अनुसन्धान, गोष्ठी/अन्तरक्रिया जस्ता मुख्य मुख्य क्रियाकलापहरु समावेश गरिएका छन् । क्रियाकलाप कार्यान्वियन गर्दा सम्भव भएसम्म स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगलाइ प्राथमिकता दिनुपर्नेछ ।

भू तथा जलाधार व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु सञ्चालनका लागि लागत अनुमान तयार गर्दा साविक वन तथा वातावरण मन्त्रालयको स्वीकृत वन, वनस्पति, वन्यजन्तु तथा भू संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस् २०७०, साविक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट जारी Norms for Rate Analysis of Road and Bridge Works २०७५, तत्कालिन सिंचाई मन्त्रालयबाट जारी Rate Analysis Norms लगायत अन्य स्वीकृत नर्मसहरुको प्रयोग गरिनेछ । साविक वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत सार्वजनिक निर्माण र परामर्श सेवा कार्यका लागि कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम अल्पकालिन प्राविधिक जनशक्ति व्यवस्थापन, सवारी साधनका लागि ईन्धन, सवारी साधन मर्मत, दैनिक भ्रमण भत्ता, फिल्ड अनुगमनको लागि गाडी भाडा, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च, खर्च भएर जाने कार्यालयका सामानहरु, सम्बन्धीत



महानिर्देशक

योजनाको काममा आवश्यक पर्ने सामान र निर्माण औजारहरु, कार्यालयको लागि आवश्यक पर्ने पूँजीगत सामानहरु लगायत अन्य कार्यविधिमा उल्लेखित शिर्षकहरुमा स्वीकृत लागत अनुमान अनुसारको कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं. ७.१.१५ सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च मा व्यवस्था भए बमोजिम विनियोजित बजेट खर्च गरिनेछ ।

## ५.१ गल्छी/पहिरो रोकथाम

### पृष्ठभूमि

गल्छी/पहिरो नियन्त्रणका लागि उपयुक्त Engineering तथा Bioengineering दुवै उपायहरु प्याकेजको रुपमा कार्यान्वयन गरिनेछ । भौगर्भिक/प्राकृतिक पहिरोबाट बस्ती तथा विकासका पूर्वाधारहरुलाई असर नपर्दा सम्म यस्ता पहिरोलाई प्राथमिकतामा राखिने छैन । क्रियाकलाप कार्यान्वयन गर्दा सम्भव भएसम्म स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगलाइ प्राथमिकता दिनुपर्नेछ ।

### उद्देश्य

पहिरोबाट हुने भू-क्षय न्यूनिकरण गर्नुका साथै पहिरो तथा अन्य भूस्खलनबाट यसको तल्लोतटीय र वरिपरिका क्षेत्रमा सिर्जित नकारात्मक असरबाट हुन सक्ने असर र जोखिमहरुको न्यूनिकरण गरी स्थानीय समुदायको जनजीवनलाई सहज बनाउने ।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- चेकड्याम, टेवापर्खाल, पानीभल व्यवस्थापनका लागि संरक्षण पोखरी, पानी निकास संरचना, घेराबार, गह्रा सुधार आदि इन्जिनियरिंग संरचना निर्माण गर्न सकिनेछ ।
- स्थलगत सुदृढीकरण तथा विकासका लागि उपयुक्त भू-उपयोग, वृक्षारोपण, बाँस रोपण, घाँस रोपण, वाटलिङ्ग, भिरालो सुधार (SALT), जैविक घेराबार आदि बायोइन्जिनियरिङ्ग कार्यहरु गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी

गरिनेछ । तर निर्माण सेवा खरिदको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।

- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

पहिरो तथा भूस्खलन क्षेत्रको एकीकृत व्यवस्थापन, भू-क्षय न्यूनिकरण, विकासका संरचना संरक्षण तथा जनधनको क्षति न्यूनिकरण हुनुका साथै स्थानीय समुदायको जीविकोपार्जनमा सुधार भई पहिरो नियन्त्रणको प्रविधि विकास हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- संरचना निर्माण
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.२ पानी मूहान संरक्षण

**पृष्ठभूमि**

पानी मूहान र यसको जलाधार/ मूलाधार क्षेत्रको व्यवस्थापन गर्नका लागि Engineering तथा Bioengineering उपायहरुको उपयोग गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गरिने छ । कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगमा प्राथमिकता दिनुपर्नेछ।

**उद्देश्य**

भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यबाट पानीको उत्पादकत्व र गुणस्तर अभिवृद्धी गरी स्थानीय समुदायमा पानीको सहज आपूर्ति गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

- गल्छी/पहिरो रोकथाम, गह्रा सुधार, Contour Trenching, टेवापर्खाल, छेकबाँध, Diversion Channel, सुरक्षित पानी निकास संरचना निर्माण कार्य, भूमिगत जल पुनर्भरणका कार्यक्रमहरु सञ्चालन, पानी संकलन टयाङ्की निर्माण, पानी वितरण संरचना निर्माण, पोखरी निर्माण कार्य, तारबार, घेराबेरा, पानी व्यवस्थापनको संरचना निर्माण जस्ता कार्यहरु गर्न सकिनेछ ।
- स्थलगत सुदृढीकरण तथा विकासका लागि उपयुक्त भू-उपयोग, वृक्षारोपण, बाँस रोपण, घाँस रोपण, Contour Wattling, जैविक घेराबार आदि बायोइन्जिनियरिङ्ग कार्यहरु गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर निर्माण सेवा खरिदको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

भू तथा जलाधार व्यवस्थापन कार्यबाट पानीमूहान र यसको जलाधार/मूलाधार व्यवस्थित भई पानीको स्वच्छता र उत्पादकत्व अभिवृद्धिबाट स्थानीय समुदायमा पानीको व्यवस्थित आपूर्ति हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.३ संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन

**पृष्ठभूमि**

पोखरी र यसको जलाधार क्षेत्र समेतलाई मध्यनजर गरि आवश्यक Engineering तथा Bioengineering उपायहरुबाट भू-क्षय रोकथाम र पोखरी निर्माण तथा व्यवस्थापन कार्य प्याकेजमा गरिनेछ । क्रियाकलाप कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलब्ध साधन स्रोतहरुको प्रयोगमा जोड दिनुपर्नेछ ।

**उद्देश्य**

वर्षातको भलपानीबाट हुने क्षतिलाई न्यूनीकरण गर्नुका साथै पानीलाई संकलन गरी जल पुनर्भरण तथा सिंचाई र पशुपालनको लागि सदुपयोग गर्ने ।



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- संरक्षण पोखरी निर्माण तथा सुधार, गल्छी रोकथाम, चेकड्याम, टेवापर्खाल निर्माण, भल तर्काउने र सुरक्षित भल व्यवस्थापन, भू उपयोग, पानी वितरण संरचना निर्माण, प्रदर्शन स्थल निर्माण तथा विकास, बायोइन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण, भूमिगत जल पुनर्भरण, पानी पुनर्भरण वा रिचार्ज पोखरी निर्माण, पर्यापर्यटन प्रवर्द्धन आदि कार्यहरु गर्न सकिनेछ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर निर्माण सेवा खरिदको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

वर्षातको अनियन्त्रित पानीको व्यवस्थापनबाट भू-क्षय रोकथामका साथै पानीको बहुआयामिक उपयोग हुन गई स्थानीय समुदायको जीविकोपार्जनमा सुधार हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

महानिर्देशक

## ५.४ सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन

### पृष्ठभूमि

वर्षा अथवा भूमिगत जलस्रोतबाट निर्मित प्राकृतिक वा मानव निर्मित स्थायी वा अस्थायी प्रकृतिका वर्षैभरी जलभण्डार भएको क्षेत्र र सो वरिपरिको कृषिक्षेत्र, पानी जमेको दलदल क्षेत्रको सरक्षण तथा व्यवस्थानपनका लागि स्थानीय समुदायको सहभागितामा आवश्यक सम्पूर्ण Engineering तथा Bioengineering उपायहरु प्याकेजको रुपमा प्रयोग गरिनेछ । रामसारमा सूचिमा सूचिकृत तालहरुको थिग्रिकरण नियन्त्रण तथा संरक्षणका क्रियाकलापहरु प्याकेजमा सञ्चालन गर्न सकिनेछ ।

### उद्देश्य

सिमसार क्षेत्र तथा तालतलैया क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्दै जैविक विविधता संरक्षण, पारिस्थितिकीय सन्तुलन कायम, पानी आपूर्ति, माछापालन, कृषि, वन, पर्यापर्यटन प्रवर्द्धन मार्फत स्थानीय जनताको जिविकोपार्जनमा सुधार गर्ने ।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- सिमसारको जलाधार क्षेत्रको सरसफाई, संरक्षण, व्यवस्थापन कार्य, भूमिगत जल पुनर्भरण, इनलेट आउटलेट निर्माण, समोच्च खाडल, बण्ड निर्माण, दह/ताल संरक्षण र थिग्रीकरण व्यवस्थापन कार्य, बायोइन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण तथा फलफूल रोपण, घेराबेरा तथा तारबार, भूस्खलन रोकथाम, तटबन्ध निर्माण, पर्यापर्यटन प्रवद्धनका कार्यहरु जस्ता कार्यहरु गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर निर्माण सेवा खरिदको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

महानिर्देशक

**अपेक्षित उपलब्धि**

सिमसार/तालतलैया क्षेत्रको संरक्षण तथा व्यवस्थापनबाट वातावरणीय स्वच्छता कायम हुनुका साथै विभिन्न क्रियाकलाप मार्फत रोजगारी सिर्जना भइ स्थानीय समुदायको जीविकोपार्जनमा उल्लेख्य सुधार हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.५ खोला/नदी किनार संरक्षण तथा तटबन्धन

**पृष्ठभूमि**

प्राकृतिक, मानवीय, जलवायु परिवर्तनजन्य कारणहरुबाट वर्षेनी धनजनको ठूलो क्षति पुर्याउने बाढी, नदी किनार कटान तथा अन्य भूस्खलनहरुको असरबाट सिर्जित समस्या समाधान गर्न वातावरणमैत्री रुपबाट नदी किनारको दुवै छेउमा वायोईन्जिनियरिङ्ग सहितको संरचना निर्माण गरी खोला/नदी खहरे किनारा संरक्षण गर्ने साथसाथै हरियाली प्रवर्द्धन गरिनेछ ।

**उद्देश्य**

अनियन्त्रित र अव्यवस्थित खोला कटानबाट कृषियोग्य जमिनको संरक्षण, सार्वजनिक संरचना, बस्ती, विकासका पूर्वाधारहरु आदिको संरक्षण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- खोलाकिनार सुदृढीकरण कार्य, खोलाकिनार तटबन्ध, खहरे रोकथाम, नदी कटान नियन्त्रण, सेल्टरबेल्ट ग्रीनबेल्ट निर्माण, बाँध निर्माण, बायोइन्जिनियरिग संरचना निर्माण, स्पर, डाईक, चेकडयाम निर्माण, संरक्षण आयमूलक कार्यक्रम, वृक्षारोपण जस्ता कार्यहरु गर्न सकिनेछ ।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर निर्माण सेवा खरिदको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धित उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

खोला कटानबाट हुने क्षति न्यूनीकरण भइ कृषियोग्य जमिनको संरक्षण, सार्वजनिक संरचना, बस्ती, विकासका पूर्वाधारहरुको संरक्षण तथा विपद् न्यूनीकरणमा टेवा पुग्नुका साथै भूमि उत्पादकत्व अभिवृद्धी हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- संरचना निर्माण
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्विरहरु
- लाभान्वित घरधुरी/सख्या ।

## ५.६ सिंचाई कुलो निर्माण/मर्मत

**पृष्ठभूमि**

वर्षैभरी सिंचाई सेवा उपलब्ध गराउन, सिंचाइ प्रणालीको विकास एवं व्यवस्थापनमा जनसहभागीता मूलक पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्न एवं जलजन्य प्रकोपका कारण पानीका स्रोत तथा जमिनमा परेको असरलाई कम गर्दै सिंचाइको पर्याप्त सुबिधा नभएको स्थानमा सानो स्रोतको पानी किफायती तवरले धेरै जग्गा सिंचित गरी उत्पादन बढाउन सिंचाई कुलो निर्माण/मर्मत गरिनेछ ।

**उद्देश्य**

सिंचाईको लागि पानीको सहज उपलब्धता सुनिश्चित गर्दै कृषि बालिको उत्पादकत्व बढाउने ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- आवश्यक संरक्षणका उपायहरु Contour Trench, गह्रा सुधार, Contour Bund, स-साना गल्छी पहिरो नियन्त्रण, चेकड्याम, टेवापर्खाल निर्माण, वायोइन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण, भल तर्काउने र सुरक्षित भल व्यवस्थापन, हयुम पाइप, एच डी पाइप एवं कुलो मर्मत तथा सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर निर्माण सेवा खरिदको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

सिंचाइको सुविधा उपलब्ध भइ धेरै जग्गा सिंचित भई कृषी उत्पादनमा वृद्धि हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या
- सिंचित क्षेत्रफल ।

## ५.७ बहुवर्षिय विरुवा उत्पादन

**पृष्ठभूमि**

वन तथा फलफूल प्रजातिका विरुवा उत्पादन गर्न स्थापना भएको र सञ्चालनमा रहेका नर्सरीहरुको गुणस्तर नियमन गर्दै वन तथा फलफूलका बेर्ना र विरुवाको माग र आपूर्ति व्यवस्थित तथा गुणस्तर नियमन गर्न नर्सरीमा विरुवा

उत्पादन गर्दा स्थानीय आवश्यक्ता तथा व्यवसायिक महत्वका विरुवालाई ध्यान दिई जात, संख्या र साइज खुल्ने गरि विरुवा उत्पादन गरिनेछ । नर्सरीको मर्मत सुधार, उपयुक्त प्रजाति छनौट, विभिन्न प्रजातिका बीउ संकलन र खरीद, विरुवा उत्पादन, विरुवा वितरण विरुवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापनको कार्य गरिनेछ । नर्सरीमा विरुवा उत्पादन कार्य बहुवर्षिय हुने भएको हुँदा ठूलो प्रजातिका विरुवा उत्पादनका लागि प्रजाति अनुसारको साईजको पोलीब्याग प्रयोग गरिनेछ ।

**उद्देश्य**

संरक्षणका लागि आवश्यक र उपयुक्त विरुवाहरु तथा स्थानीय समुदायको चाहना समेतलाई मध्यनजर गरी विविध प्रजातिका विरुवाहरु उत्पादन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय जनताहरुको मागलाई प्राथमिकता दिई विरुवा उत्पादनका लागि प्रजाति छनौट गरिनेछ ।
- प्रजाति छनौटका आधारमा विरुवा उत्पादनका लागि स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम बीउ खरिद र विरुवा उत्पादन गरिनेछ ।
- विरुवा उत्पादन अन्तर्गत वेड निर्माण, आवश्यक गुणस्तरको बीउ, माटो, मल, खरानी, पिना खरीद, पोलिब्याग खरिद, बिउ छर्ने, विरुवा सार्ने, गोडमेल, नर्सरीमा सिंचाई तथा नर्सरी व्यवस्थापनका अन्य कार्यहरु गरिनेछ ।
- कार्यालयको प्राविधिक कर्मचारीको सुपरिवेक्षणमा नर्सरी नाईकेद्धारा नर्सरीको रेखदेख तथा व्यवस्थापन गरिनेछ।
- खरिद सामाग्रीको बिल भर्पाई, ज्यामीको डोरहाजिर, नर्सरी नाईकेको डोरहाजिर/सम्झौता र कार्य सम्पन्न प्रतिवेदनका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- प्रजाति अनुसार विरुवा उत्पादन, वितरण र नर्सरीमा बाँकी रहेको विरुवाहरुको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**अपेक्षित उपलब्धि**

विभिन्न प्रजातिका गुणस्तरीय विरुवा उत्पादन तथा वितरण भई रोपण हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक मार्फत निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

- प्रजाति अनुसार उत्पादन संख्या
- विरुवा वितरण रजिष्टर
- नर्सरीमा बाँकी रहेको विरुवा संख्या
- नर्सरी हेरालुको डोर हाजिर ।

महानिर्देशक

## ५.८ गोरेटो बाटो सुधार

**पृष्ठभूमि**

गल्छी बन्न सक्ने सम्भावना भएको, माथिल्लो र तल्लो भिरालोबाट हुने क्षयीकरणको जोखिममा रहेको र मानिस तथा गाईवस्तुको सामान्य आवतजावतका लागि सहज नभएको पदमार्गको संरक्षण तथा सुधारका लागि उपयुक्त जैविक (Vegetative) तथा संरचनागत (Structural) उपायहरु प्याकेजको रुपमा कार्यान्वयन गर्ने कार्यलाई गोरेटो बाटो सुधार भनिन्छ । पदमार्ग र यसको स्थायित्वमा असर पार्ने माथिल्लो तथा तल्लो भिरालो भागलाई एक कार्य एकाइ (Working Unit) का रुपमा लिई सम्पूर्ण कार्य एकाइभरि आवश्यक पर्ने उपायहरु लागू गर्नु नै गोरेटो बाटो सुधार हो ।

**उद्देश्य**

अव्यवस्थित पदमार्गबाट हुने भू-क्षय न्यूनिकरण गर्नुका साथै पदमार्गलाई दिगो संरक्षण गरी पदमार्ग निर्माण तथा सुधार गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको पदमार्गको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- स्वीकृत मापदण्ड तथा प्रचलित जिल्ला दररेटअनुसार सर्भे, डिजाइन, ड्रइङ र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समूह/समिति वा निर्माण व्यवसायी मार्फत कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार पदमार्ग निर्माण/सुधार, **Regrading** वा **Rerouting**, डाइभर्सन च्यानल, सुरक्षित पानी निकास, ढुंगाका खुड्किला तथा अन्य आवश्यक संरचनागत कार्यहरू गरिनेछ।
- **Regarding/Rerouting** गरिएका क्षेत्रमा आवश्यक जैविक (Vegetative) तथा संरचनागत (Structural) संरक्षण उपायहरू तथा पदमार्गको दिगोपनाका लागि आवश्यक साना संरचनाहरू निर्माण/संरक्षण गरिनेछ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- संरचनाको सञ्चालन, संरक्षण तथा नियमित मर्मत-सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

**अपेक्षित उपलब्धि**

पदमार्गबाट हुने भू-क्षय न्यूनिकरण हुनुका साथै स्थानीय समुदायको दैनिक आवागमन तथा जीविकोपार्जनमा सहजता आउने र पदमार्ग सुधार तथा संरक्षणको प्रविधि विकास हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा कानुन अनुसार प्रचलित निर्माण सेवा खरिद विधिमार्फत क्रियाकलाप कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना,



महानिर्देशक

- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु,
- लाभान्वित घरधुरी/संख्या ।

## ५.९ दिगो भूमी व्यवस्थापन

### पृष्ठभूमि

दिगो भूमी व्यवस्थापन भन्नाले बालीनालीको उत्पादनमा सहयोग पुऱ्याउने माटोसम्बन्धी विभिन्न अभ्यास तथा कार्यहरुलाई जनाउँछ; जुन सामान्यतया भविष्यमा पनि दिगो उत्पादन कायम राख्ने उद्देश्यले योजना गरिएको हुन्छ । दिगो माटो व्यवस्थापन (SSM) लाई दिगो भूमि व्यवस्थापन (SLM) को मुख्य अंशको रुपमा लिई माटोको स्वास्थ्य, उर्वराशक्ति र सहनशीलता अभिवृद्धि गर्ने गरी क्रियाकलाप कार्यान्वयन गरिनेछ ।

### उद्देश्य

साना किसान तथा विपन्न समूहहरुले अपनाएको उत्पादन प्रविधिमा सुधार गरी दिगो माटो व्यवस्थापन, आवश्यक सामग्री र बजार पहुँचमार्फत आय तथा जीविकोपार्जनमा सुधार गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन, माटो परीक्षण तथा सम्भाव्यता अध्ययन पछि स्थान छनौट गरिनेछ ।
- स्वीकृत मापदण्ड तथा प्रचलित दररेटअनुसार योजना, डिजाइन र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम उपभोक्ता समूह/समिति वा सहकारीमार्फत कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार Contour Farming, Cover Crop, हरियो मल, दलहनसहित बालीचक्र, Agroforestry, Conservation Tillage, वर्षाको पानी संकलन, ड्रिप सिँचाइ, मल्चिङ तथा अन्य दिगो माटो-पानी व्यवस्थापन प्रविधि लागू गरिनेछ।
- एकीकृत शत्रुजीव व्यवस्थापन (IPM), कम्पोष्ट मलको प्रयोग तथा रासायनिक मल/विषादीको न्यूनिकरणलाई प्रोत्साहन गरिनेछ। साथै किसानलाई तालिम, प्रदर्शन, प्राविधिक सहयोग तथा जैविक उत्पादनको बजारीकरणका लागि आवश्यक समन्वय गरिनेछ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- कार्यक्रमको दिगोपना तथा नियमित अनुगमनको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समिति वा किसान समूहलाई दिइनेछ।

### अपेक्षित उपलब्धि

माटोको उर्वराशक्ति तथा स्वास्थ्यमा सुधार, भू-क्षय न्यूनिकरण, रासायनिक मलको प्रयोगमा कमी हुनुका साथै किसानको आम्दानी वृद्धि र जीविकोपार्जनमा सुधार भई दिगो कृषि प्रणालीको विकास हुनेछ ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा किसान समूहमार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।



महानिर्देशक

**अनुगमन योजना**

- सम्झौता पत्र
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित किसान/घरधुरी संख्या
- उत्पादनमा भएको वृद्धि/सुधार

## ५.१० जल पुनर्भरण संरचना निर्माण

**पृष्ठभूमि**

भूमिगत पानी पुनर्भरण (Groundwater Recharge) भनेको सतही पानीको वहावलाई न्यूनीकरण गरी संचित भएका पानी भूमिगत पानीको स्रोतमा मिसिने जलचक्रीय प्रक्रिया हो । यो प्रक्रिया सामान्यतया विरुवाका जराभन्दा तलको भेडोज क्षेत्र (Vadose Zone) मा हुने गर्दछ र यसलाई प्रायः भूमिगत जलसतहसम्म पुग्ने प्रवाहको रुपमा व्यक्त गरिन्छ। पुनर्भरण प्राकृतिक रुपमा (जलचक्रमार्फत) र मानव सिर्जित प्रक्रियामार्फत (अर्थात "कृत्रिम जल पुनर्भरण") दुवै तरिकाले हुन्छ, जसमा वर्षातको पानीलाई भूमिगत सतहतर्फ डोर्‍याइन्छ। जल पुनर्भरणका सम्भावित खुला क्षेत्रमा उपयुक्त इन्जिनियरिङ्ग तथा बायोइन्जिनियरिङ्ग उपायहरु प्याकेजको रुपमा कार्यान्वयन गरी जल पुनर्भरण संरचना निर्माण गरिनेछ ।

**उद्देश्य**

वर्षाको पानी संकलन गरी भूमिगत जल पुनर्भरण गर्दै बाढी, भू-क्षय र पानी जम्ने समस्यालाई न्यूनीकरण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन तथा सम्भाव्यता अध्ययन पछि स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस क्रियाकलाप अन्तर्गत संरक्षण पोखरी निर्माण, Contour Trench/खाल्डो निर्माण, डाइभर्सन च्यानल निर्माण, संरक्षण वृक्षारोपण जस्ता हरियाली प्रवर्द्धन कार्यहरु लगायतका जैविक तथा इन्जिनियरिङ्ग संरचना निर्माण गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धित कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ ।



महानिर्देशक

- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

भूमिगत जलभण्डारको पुनर्भरणमा वृद्धि, बाढी तथा भू-क्षय जोखिममा कमी, सतही पानी जम्ने समस्याको न्यूनिकरण हुनुका साथै दिगो जल स्रोत व्यवस्थापनको प्रविधि विकास हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिदमार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना,
- पानी स्रोतमा पानीको मात्रा,
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु,
- लाभान्वित घरधुरी/संख्या,

## ५.११ सडक पाखो संरक्षण

**पृष्ठभूमि**

सडक पाखो संरक्षण भन्नाले सडकलाई भू-क्षयबाट जोगाई स्थायित्व कायम राख्न सडकको तल्लो तथा माथिल्लो भिरालो भागमा लागू गरिने वनस्पतिजन्य (Vegetative) तथा संरचनागत (Structural) उपायहरुलाई जनाउँछ । सडकको स्थायित्वमा असर पार्ने भिरालो भागलाई एक कार्य एकाइ (Working Unit) का रुपमा लिई एकाइभरि आवश्यक पर्ने वनस्पतिजन्य तथा संरचनागत उपायहरु प्याकेजको रुपमा लागू गरिनेछ । Bioengineering का प्रविधिलाई प्राथमिकतामा राखी योजना तर्जुमादेखि कार्यान्वयन, मर्मत सम्भार र लाभ बाँडफाँटसम्म अधिकतम जनसहभागिता सुनिश्चित गर्दै सञ्चालन गरिनेछ ।

**उद्देश्य**

सडकको भिरालो भागमा हुने भू-क्षय न्यूनीकरण गरी दिगो र स्थायी सडक कायम गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित सडक खण्डको स्थलगत अवलोकन तथा सम्भाव्यता अध्ययन पछि स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको स्वीकृत मापदण्ड तथा प्रचलित जिल्ला दररेटअनुसार सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम उपभोक्ता समूह/समिति वा निर्माण सेवामार्फत कार्यान्वयन गरिनेछ।

महानिर्देशक

- आवश्यकता अनुसार गल्छी नियन्त्रण, भिरालो व्यवस्थापन, सडकछेउको पानी निकास तथा **Cross Drainage** सुधार, जैविक तथा संरचनागत भू-संरक्षण, वृक्षारोपण, घाँस रोपण, कम खर्चिलो बायोइन्जिनियरिङ तथा **Silvi-pasture** व्यवस्थापन एवं चरिचरण नियन्त्रणका कार्यहरू सञ्चालन गर्न सकिनेछ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- संरचनाको सञ्चालन, संरक्षण तथा नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

**अपेक्षित उपलब्धि**

सडक भिरालोबाट हुने भू-क्षय न्यूनिकरण हुनुका साथै सडकको स्थायित्व कायम रहने, सडक पूर्वाधार संरक्षण हुने र भिरालो स्थिरीकरणको प्रविधि विकास हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिदमार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातका तस्विरहरु,
- लाभान्वित घरधुरी/संख्या ।

## ५.१२ संरक्षण समोच्च खाडल

**पृष्ठभूमि**

संरक्षण समोच्च खाडल भनेको पहाडी भिरालो भागमा समोच्च रेखा (Contour) अनुरुप र पानीको बहावसँग perpendicular हुने गरी खनिएको साना खाल्डो अथवा नाली हो । डाँडाको उपल्लो तटबाट बगेर आउने पानी यस्ता ट्रेन्चमा रोकिई Retention Time बढ्ने हुंदा भूमीगत पानीको स्रोतमा पुनर्भरण हुने गर्दछ। ट्रेन्च खन्ने क्रममा भिरालोको माथिल्लो भागलाई घाँस, झाडी तथा अन्य वनस्पतिजन्य संरचनामार्फत क्षयीकरणबाट जोगाइनेछ। कार्यान्वयन अधिकतम जनसहभागितामार्फत गरिनेछ ।

**उद्देश्य**

- कृषि, गाईवस्तु तथा घरायसी प्रयोजनका लागि वर्षाको पानी सञ्चय गर्ने र पानीको परिमाण तथा वेग नियन्त्रण गरी सतही बहाव घटाई वाष्पीकरणमा सहयोग पुऱ्याउने ।
- भू-क्षय न्यूनिकरण गरी उर्वर माटोका कणहरु संरक्षण गर्ने र जल सन्तुलन तथा कृषि उत्पादकत्व सुधारका लागि भूमिगत जलस्तर वृद्धि गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन तथा सम्भाव्यता अध्ययन पछि स्थान छनौट गरिनेछ ।

- स्वीकृत मापदण्ड र प्रचलित जिल्ला दररेटका आधारमा सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम उपभोक्ता समूह/समिति वा निर्माण सेवामार्फत कार्यान्वयन गरिनेछ।
- पानी पुनर्भरण, भू-क्षय नियन्त्रण तथा पानीको बहुउपयोगका लागि आवश्यकता अनुसार समोच्च रेखा अनुरूप ट्रेन्च, नाली वा पुनर्भरण खाल्डा निर्माण गरिनेछ।
- संरचनाको आकार, दूरी तथा डिजाइन स्थानीय भू-बनोट, माटो र हावापानी अनुसार निर्धारण गरिनेछ।
- खनिएको माटोको स्थिरीकरणका लागि घाँस, झाडी तथा अन्य वनस्पतिजन्य एवं कम खर्चिला भू-संरक्षण प्रविधि (आवश्यकता अनुसार SALT समेत) प्रयोग गरिनेछ।
- नियमित प्राविधिक अनुगमन गरिनेछ र कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- संरचनाको सञ्चालन, संरक्षण तथा नियमित मर्मत-सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

**अपेक्षित उपलब्धि**

वर्षाको पानी सञ्चय भई कृषि, गाईवस्तु तथा घरायसी प्रयोजनमा उपयोग हुने, भू-क्षय न्यूनिकरण तथा उर्वर माटो संरक्षण हुने, भूमिगत जलस्तरमा वृद्धि भई जल सन्तुलन तथा कृषि उत्पादकत्व सुधार हुनुका साथै पानी संरक्षणको प्रविधि विकास हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समितिमार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातका तस्विरहरु,

## ५.१३ पानी मुहान संरक्षण तथा बहुउद्देश्यीय उपयोग

**पृष्ठभूमि**

यस क्रियाकलाप अन्तर्गत पानीका मुहान (मूल, कुवा, पोखरी आदि) तथा तिनका मूलाधार क्षेत्रको संरक्षण र बहुउद्देश्यीय पानी उपयोगलाई एकीकृत रूपमा कार्यान्वयन गरिनेछ। मुहान संरक्षण भन्नाले मुहानको दिगोपना र उचित उपयोगका लागि मूलाधार क्षेत्रमा संरचनागत तथा वनस्पतिजन्य संरक्षण उपायहरू लागू गर्नु हो। बहुउद्देश्यीय पानी उपयोग भन्नाले सिँचाइ, खानेपानी, जलविद्युत तथा पारिस्थितिक प्रणाली संरक्षणका लागि जल स्रोतको समन्वित र दिगो उपयोग गरी जलवायु परिवर्तन तथा जलजन्य जोखिम (खडेरी, बाढी आदि) प्रति सहनशीलता अभिवृद्धि गर्नु हो।

**उद्देश्य**

- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमार्फत पानीको गुणस्तर र नियमितता सुधार गर्ने ।

महानिर्देशक

- सीमित उपलब्ध पानीको बहुउपयोग अभिवृद्धि गरी बहुउपयोगकर्ताहरुबीच समतामूलक वितरण सुनिश्चित गर्दै पानीको उत्पादकत्व वृद्धि गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

पानीको मुहान, यसको जलाधार क्षेत्र तथा वितरण प्रणालीलाई कार्य एकाइ (Working Unit) का रूपमा लिई वनस्पतिजन्य तथा संरचनागत जलाधार व्यवस्थापनका उपायहरू एकीकृत रूपमा कार्यान्वयन गरिनेछ। उपलब्ध पानीको अनुकूलतम उपयोगका लागि योजना छनौटदेखि कार्यान्वयन, मर्मत-सम्भार र लाभ बाँडफाँडसम्म स्थानीय समुदाय, उपभोक्ता समूह तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन तथा सम्भाव्यता अध्ययन पछि स्थान छनौट गरिनेछ ।
- स्वीकृत मापदण्ड तथा प्रचलित जिल्ला दररेटअनुसार सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम उपभोक्ता समूह/समिति वा निर्माण सेवामार्फत कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार पानी सञ्चय तथा वितरण संरचना (ट्यांकी, पोखरी, वितरण सञ्जाल, डाइभर्सन च्यानल, सुरक्षित निकास, चेकड्याम आदि) तथा Contour Terracing, Contour Trenching, Contour Bunding, वृक्षारोपण र घाँस रोपण लगायत जैविक तथा संरचनागत संरक्षण कार्यहरू गरिनेछ।
- मुहान क्षेत्रको संरक्षणका लागि घेराबार, प्रदूषण नियन्त्रण, उपयुक्त भू-उपयोग उपचार तथा आवश्यक पूर्वाधार विकास गरिनेछ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- संरचनाको सञ्चालन, संरक्षण तथा नियमित मर्मत-सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

**अपेक्षित उपलब्धि**

पानी मुहानको सुधार भई जल स्रोतको दिगो रुपमा पानीको उपलब्धता बढाईनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा निर्माण सेवा खरिद मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातका तस्विरहरु,
- लाभान्वित घरधुरी/संख्या ।

महानिर्देशक

## 5.14 Rainwater Harvesting

### पृष्ठभूमि

Rainwater Harvesting (वर्षाको पानी सञ्चय) भन्नाले वर्षातको पानीलाई व्यर्थ बग्न नदिई स्थानीय स्तरमै संकलन, सञ्चय तथा पुनः प्रयोग गर्ने प्रविधिलाई जनाउँछ। सञ्चित पानी करेसाबारी, गाईवस्तु, सिँचाइ तथा आवश्यक प्रशोधनपछि घरायसी प्रयोजनमा समेत उपयोग गर्न सकिन्छ। छाना, सडक किनारा तथा अन्य सतहबाट पानी संकलन गर्ने, इनार तथा ह्यान्डपम्प पुनर्भरण, पर्कोलेसन पिट, ट्रेन्च तथा साना बाँध/बन्डी निर्माणमार्फत भूमिगत पानी पुनर्भरणलाई समेत प्रवर्द्धन गर्न सकिनेछ। स्थानीय बासिन्दालाई वर्षाको पानी सञ्चयसम्बन्धी सीप तथा ज्ञान हस्तान्तरण गर्दै स्थानीय सरकारसँगको समन्वयमा प्रदर्शन प्रणाली स्थापना गरिनेछ।

### उद्देश्य

वर्षाको पानीको उचित व्यवस्थापन गरी पानीको उपलब्धता बढाउने, भूमिगत जल संरक्षण गर्ने र भू-क्षय कम गर्दै घरायसी पानीको आवश्यकता पूरा गर्न सहयोग गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित स्थानको स्थलगत अवलोकन तथा जलउपलब्धताको अध्ययन पछि स्थान छनौट गरिनेछ ।
- स्वीकृत मापदण्ड तथा प्रचलित जिल्ला दररेटअनुसार सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम उपभोक्ता समूह/समिति वा निर्माण सेवामार्फत कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार फेरो-सिमेन्ट, चिनाई वा पोलिथिन ट्यांकी निर्माण, जलग्रहण क्षेत्र सुधार, पर्कोलेसन पिट, ट्रेन्च तथा अन्य पुनर्भरण संरचना निर्माण गरिनेछ।
- सञ्चित पानीको प्रभावकारी उपयोगका लागि बागवानी, फूलखेती लगायत जीविकोपार्जनमुखी गतिविधि तथा आवश्यक जनचेतना र समन्वय कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- संरचनाको सञ्चालन, संरक्षण तथा नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

### अपेक्षित उपलब्धि

पानीको बढ्दो माग परिपूर्ति हुने, सतही बहाव तथा सडकमा पानी जम्ने समस्या न्यूनिकरण हुने, भूमिगत जलस्तरमा वृद्धि हुनुका साथै भू-क्षय र भूमिगत पानीको प्रदुषण घट्ने र वर्षाको पानी सञ्चयको प्रविधि विकास हुनेछ ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समितिमार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातका तस्विरहरु,
- लाभान्वित घरधुरी/संख्या ।

## ५.१५ क्षतिग्रस्त भूमि पुनरुत्थान

**पृष्ठभूमि**

नेपालमा अव्यवस्थित भू–उपयोग, वन विनाश, सडक निर्माण, प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका कारण धेरै स्थानमा भूमि क्षतिग्रस्त हुँदै गएको छ। यसले माटो कटान, पहिरो, पानीका मुहान सुक्ने, कृषि उत्पादन घट्ने र वातावरणमा नकारात्मक असर पर्ने समस्या बढाएको छ। त्यसैले क्षतिग्रस्त भूमिको संरक्षण, सुधार र पुनःउपयोगका लागि स्थानीय आवश्यकता अनुसार पुनरुत्थानका कार्यहरू सञ्चालन गर्न आवश्यक भएको छ।

**उद्देश्य**

क्षतिग्रस्त भूमिको संरक्षण, सुधार र पुनरुत्थान गरी माटो तथा जल संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, कृषि उत्पादनमा वृद्धि, वातावरणीय सन्तुलन कायम तथा स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउने ।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा सम्भावित क्षतिग्रस्त भूमिको स्थलगत अवलोकन तथा सम्भाव्यता अध्ययन पछि स्थान छनौट गरिनेछ ।
- स्वीकृत मापदण्ड तथा प्रचलित जिल्ला दररेटअनुसार सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम उपभोक्ता समूह/समिति वा निर्माण सेवामार्फत कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार Contour Terracing, Trenching, Bunding, वृक्ष, झाडी तथा घाँस रोपण, Micro-gully Control, Contour Wattling, Check Dam, Toe Wall लगायत जैविक तथा संरचनागत भू-संरक्षण कार्यहरू गरिनेछ।
- आवश्यकतानुसार बिरुवा उत्पादन/खरिद तथा वितरण, क्षेत्र संरक्षणका लागि घेराबार, र उपयुक्त अवस्थामा Aerial Seeding समेत गर्न सकिनेछ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- संरचनाको सञ्चालन, संरक्षण तथा नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

**अपेक्षित उपलब्धि**

क्षयीकृत भूमिको पुनर्स्थापना भई भू-क्षय न्यूनिकरण हुने, पारिस्थितिक कार्यप्रणाली पुनर्स्थापना हुने, माटो तथा पानीको गुणस्तरमा सुधार हुनुका साथै जैविक विविधता प्रवर्द्धन भई दिगो भू-उपयोगको प्रविधि विकास हुनेछ ।



महानिर्देशक

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समितिमार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- निर्मित संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातका तस्विरहरु,
- लाभान्वित घरधुरी/संख्या ।

## ५.१६ जलवायु समानुकूलन तथा एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल निर्माण तथा विकास

**पृष्ठभूमि**

जलवायु परिवर्तनका कारण बढ्दो बाढी, पहिरो, भूक्षय, पानीका मुहान सुक्ने, सिमसार क्षेत्रको ह्रास तथा कृषि उत्पादनमा परेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न जलवायु समानुकूलनमा आधारित एकीकृत जलाधार व्यवस्थापनको अवधारणा प्रभावकारी माध्यमको रूपमा स्थापित गर्न जलाधार संरक्षण, जैविक तथा भौतिक संरक्षण संरचनाको एकीकृत प्रयोग, प्रकृतिमा आधारित समाधान (Nature-based Solutions), पानी मुहान संरक्षण, हरियाली प्रवर्द्धन तथा समुदायमा आधारित व्यवस्थापनका असल अभ्यासहरूलाई एउटै स्थानमा प्रदर्शन तथा सिकाइको केन्द्रका रूपमा विकास गर्न आवश्यक देखिएको छ।

**उद्देश्य**

- जलवायु समानुकूलनमा आधारित एकीकृत जलाधार व्यवस्थापनको नमूना (Demonstration Site) निर्माण तथा विकास गर्ने।
- जलाधार संरक्षण, भूक्षय नियन्त्रण, पानी संरक्षण तथा प्रकृतिमा आधारित समाधानका असल अभ्यासहरूको प्रदर्शन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालन हुने सम्भावित जलाधार/उपजलाधार/सूक्ष्म जलाधार क्षेत्रको स्थलगत अवलोकन गरी स्थानीय पालिका प्रतिनिधि र स्थानीय समुदायको समन्वय तथा सहकार्यमा उपयुक्त स्थान छनौट गरिनेछ।
- छनौट गरिएको स्थानमा प्रदर्शनी स्थल निर्माण तथा विकासका लागि अवधारणा पत्र, सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन बमोजिम उपभोक्ता समिति/समूह वा सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ।
- प्रदर्शनी स्थलमा आवश्यकता र स्थानीय अवस्था अनुसार देहायका कार्यहरू सञ्चालन गर्न सकिनेछः
  - जलवायु समानुकूलन तथा एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी सूचना तथा प्रदर्शन सामग्री स्थापना।
  - वन संरक्षण, वृक्षारोपण तथा बहुवर्षीय घाँस विकास।
  - पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण तथा वर्षा पानी संकलन संरचना निर्माण, सिमसार संरक्षण तथा व्यवस्थापन, गोरेटो बाटो सुधार तथा पानी निकास व्यवस्थापन, पहिरो तथा गल्छी नियन्त्रण,

महानिर्देशक

खोला तथा खहरे किनार संरक्षण लगायत अन्य जलाधार व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन ।

- ➢ जैविक तथा भौतिक संरक्षण संरचना (Bio-engineering तथा Engineering Measures) निर्माण, कृषि वन (Agroforestry), प्रकृतिमा आधारित समाधान तथा जलवायु अनुकूल अभ्यासहरूको प्रदर्शन।
- ➢ सूचना बोर्ड, अवलोकन मार्ग तथा आवश्यक पूर्वाधार निर्माण।

- क्रियाकलाप सञ्चालनको क्रममा गुणस्तर सुनिश्चित गर्न सम्बन्धित कार्यालयबाट नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल भर्पाई तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- निर्माण सम्पन्न भएपछि प्रदर्शनी स्थलको सञ्चालन तथा नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समिति वा स्थानीय निकायसँग समन्वय गरी सुनिश्चित गरिनेछ।

**अपेक्षित उपलब्धि**

जलवायु समानुकूलन तथा एकीकृत जलाधार व्यवस्थापनको नमूना प्रदर्शनी स्थल स्थापना तथा विकास भई अन्य जलाधार क्षेत्रमा अनुकरण गर्न सकिने नमूना विकास हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी, आवश्यकता अनुसार विषय विज्ञ, परामर्शदाता तथा सेवा प्रदायकको सहयोगमा कार्यक्रम कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग तथा अन्य सम्बन्धित निकायका प्राविधिक जनशक्तिको प्राविधिक सहयोग लिन सकिनेछ।

**अनुगमन योजना**

- निर्माण तथा विकास गरिएको प्रदर्शनी स्थल।
- स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण प्रतिवेदन।
- छलफल तथा समन्वय बैठकका माइन्युटहरू।
- क्रियाकलाप कार्यान्वयन अघि, कार्यान्वयनको क्रममा तथा सम्पन्न पश्चात्का तस्बिरहरू।
- कार्य सम्पन्न प्रतिवेदन।

## ५.१७एक प्रदेश एक नदी प्रणालीमा बाँस रोपण कार्यक्रम, नदी प्रणालीमा नर्सरी सहित वृक्षारोपण

**पृष्ठभूमि**

नेपालका नदी तथा खोला किनारा क्षेत्रहरूमा बढ्दो कटान, बाढी, भूक्षय, नदी किनारको अस्थिरता तथा जैविक विविधताको ह्रासका कारण नदी प्रणालीको संरक्षण तथा व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। नदी किनार तथा तटीय क्षेत्रमा उपयुक्त प्रजातिका बहुउपयोगी बाँस रोपणले नदी किनार स्थिरीकरण, भू संरक्षण, जलाधार संरक्षण, कार्बन सञ्चिति वृद्धि तथा जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याउँछ। साथै स्थानीय स्तरमै गुणस्तरीय बाँसको विरुवाको उपलब्धता सुनिश्चित गर्न नदी प्रणालीमा बाँसको नर्सरी स्थापना/स्तरोन्नती तथा सञ्चालन गर्न आवश्यक देखिएको छ।हाल कार्यालयमा सञ्चालनमा रहेको नर्सरी/डिभिजन वन कार्यालयको नर्सरी/भू तथा जलाधार व्यवस्थापन

कार्यालयमा रहेको नर्सरी वा समुदायद्धारा सञ्चालित नर्सरीमा बाँसको कलमी/विरुवा उत्पादन कार्य गर्न सकिनेछ । नर्सरीमा बाँसको कलमी/विरुवा हुर्कन समय लाग्ने हुँदा चालु आर्थिक वर्षमा बाँस रोपण कार्यका लागि प्रचलित नियमानुसार खरिद प्रक्रिया मार्फत सञ्चालन गर्न सकिनेछ ।

**उद्देश्य**

- नदी किनार संरक्षण, भूक्षय नियन्त्रण तथा जलाधार संरक्षणमा टेवा पुऱ्याउने।
- नदी प्रणालीमा हरियाली प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा जलवायु समानुकूलनलाई प्रोत्साहन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- कुनै एक प्रदेशमा नदी प्रणालीको संरक्षण आवश्यक्ता, भूक्षयको अवस्था तथा प्राविधिक उपयुक्तताका आधार र स्थानीय पालिका प्रतिनिधि तथा स्थानीय समुदायको समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन हुने उपयुक्त नदी तथा क्षेत्र छनौट गरिनेछ।
- स्थलगत सर्वेक्षण, प्रजाति छनौट, नर्सरी स्थापना/स्तरोन्नति, रोपण योजना, डिजाइन (आवश्यक भएमा) तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- नर्सरी स्थापना/स्तरोन्नती तथा बाँसका विरुवा उत्पादन कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम कार्यालयको प्राविधिक जनशक्ति वा उपभोक्ता समूह/समिति मार्फत सञ्चालन गर्न सकिनेछ।
- नदि किनारामा बाँस रोपण कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम उपभोक्ता समिति/समुह, सामुदायिक संस्था, स्थानीय तह, सेवा प्रदायक मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
- यस अन्तर्गत आवश्यकता अनुसार देहायका कार्यहरू सञ्चालन गर्न सकिनेछः
    - बाँस प्रजातिको नर्सरी स्थापना/स्तरोन्नती तथा सञ्चालन।
    - नदी किनार, बगर तथा तटीय क्षेत्रमा वृक्षारोपण।
    - बाँस रोपण तथा संरक्षण।
    - घेराबेरा, तारबार तथा संरक्षण संरचना निर्माण।
    - सिंचाइ, मलजल, गोडमेल, संरक्षण तथा पुनःरोपण।
    - जैविक तथा बायोइन्जिनियरिङ्ग प्रविधिबाट नदी किनार स्थिरीकरण।
    - सूचना बोर्ड स्थापना तथा प्रदर्शनी क्षेत्र विकास।
    - स्थानीय तह, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय लगायत अन्य सरोकारवालाहरुको सहकार्य र समन्वय ।
    - समुदाय परिचालन, अभिमुखीकरण तथा क्षमता विकास।
    - आवश्यकता अनुसार अन्य नदी संरक्षण तथा वृक्षारोपणसँग सम्बन्धित कार्यहरू।
- क्रियाकलाप सञ्चालनका क्रममा नियमित प्राविधिक सुपरिवेक्षण तथा स्थलगत अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, नापी किताब (संरचना भएमा), कार्य सम्पन्न प्रतिवेदन, तस्बिर, बिल, भर्पाई तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- नदी प्रणालीको दीगो संरक्षण तथा जलवायु उत्थानशील व्यवस्थापनमा सहयोग पुग्नेछ।
- स्थानीय समुदायको सहभागिता तथा नदी संरक्षणप्रतिको अपनत्व अभिवृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको समन्वयमा कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार वन प्राविधिक, नर्सरी विशेषज्ञ, बायोइन्जिनियरिङ्ग विज्ञ, स्थानीय तह, उपभोक्ता समिति तथा अन्य सरोकारवाला निकायको सहयोग परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- स्थापना तथा सञ्चालन भएका नर्सरीको संख्या,
- उत्पादन तथा रोपण गरिएका बाँसको संख्या,
- वृक्षारोपण क्षेत्रफल तथा बाँस रोपण क्षेत्र,
- विरुवाको जीवित दर (Survival Rate),
- स्थलगत अनुगमन प्रतिवेदन,
- कार्य सम्पन्न प्रतिवेदन तथा तस्बिर अभिलेख।

## ५.१८ बाढी, पहिरो विपद् व्यवस्थापन सहजीकरण विशेष कार्यक्रम

**पृष्ठभूमि**

नेपालको भौगोलिक बनावट, जलवायु परिवर्तनका प्रभाव तथा मनसुनी वर्षाका कारण प्रत्येक वर्ष बाढी, पहिरो, भूक्षय, नदी कटान तथा अन्य जलजन्य विपद्का घटनाहरू बढ्दै गएका छन्। यस्ता विपद्ले जनधनको क्षति, सार्वजनिक पूर्वाधारको विनाश, जलाधार प्रणालीमा प्रतिकूल प्रभाव तथा स्थानीय समुदायको जीविकोपार्जनमा गम्भीर असर पुऱ्याउने गरेको छ। विपद्पछिको तत्काल क्षति मूल्याङ्कन, जोखिम न्यूनीकरण, संरक्षण तथा पुनर्स्थापनाका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित निकायहरू बीच समन्वय तथा सहजीकरण आवश्यक हुन्छ। आपतकालिन व्यवस्थापन सम्बोधनका लागि आवश्यक सामग्री समेत खरिद गर्न सकिनेछ ।

**उद्देश्य**

अधिक वर्षाको कारण बाढी/पहिरोबाट प्रभावित भएका व्यक्तिगत घरबस्ती, विकासका पूर्वाधार तथा कृषियोग्य जमिनको संरक्षणको लागि तुरुन्तै गर्न सकिने सुरक्षात्मक क्रियाकलापहरु सञ्चालन गरी जनधनको सुरक्षा गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- बाढी, पहिरो वा अन्य जलजन्य विपद्को सूचना वा निवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयबाट आवश्यक प्राविधिक टोली परिचालन गरिनेछ।
- प्रभावित क्षेत्रमा सरोकारवाला निकाय, स्थानीय तह, सुरक्षा निकाय, समुदाय तथा सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहजीकरणमा स्थलगत अनुगमन गरी क्षति विवरण, जोखिमको अवस्था तथा तत्काल आवश्यक पुनर्स्थापना तथा संरक्षण कार्यको पहिचान गरिनेछ।

- छनौट गरिएको स्थानमा बाढी, पहिरो तथा नदी कटान नियन्त्रणका लागि उपयुक्त जैविक तथा भौतिक संरक्षण कार्यको लागि सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन बमोजिम उपभोक्ता समिति/समूह वा सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ।
- यस कार्य अन्तर्गत भूस्खलन रोकथाम उपायको लागि चेकड्याम, टेवापर्खाल जस्ता इन्जिनियरिंग संरचना निर्माण, पानीभल व्यवस्थापनका लागि संरक्षण पोखरी निर्माण, पानी निकास संरचना निर्माण, स्थल सुदृढिकरण तथा विकासका लागि उपयुक्त भूउपयोग, विरुवा तथा घाँस रोपण, समोच्च रेखामा वाटलिङ्ग, भिरालो सुधार, बायोइन्जिनियरिङ्ग संरचना निर्माण तथा पशुचौपाया रोकथामका लागि घेराबेरा निर्माण, भू-क्षय नियन्त्रण, पहिरो नियन्त्रण, बाढी पहिरो जस्ता जलजन्य विपद् व्यवस्थापनका लागि आवश्यक तारजाली सामग्री सहित प्राविधिक सहयोग गर्न सकिनेछ ।
- यस कार्यक्रम सञ्चालन गर्दा स्थानीय रुपमा उपलब्ध साधन स्रोतहरुको उपयोगमा प्राथमिकता दिनुपर्नेछ।
- क्रियाकलाप सञ्चालनको क्रममा गुणस्तर सुनिश्चित गर्न सम्बन्धित कार्यालयबाट नियमित प्राविधिक अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल भर्पाई तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।
- निर्माण सम्पन्न भएपछि नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समिति वा स्थानीय निकायसँग समन्वय गरी सुनिश्चित गरिनेछ।

**अपेक्षित उपलब्धि**

- स्थानीय समुदायको तत्काल समस्याको समाधान भई जनधनको सुरक्षा हुनेछ।
- स्थानीयस्तरमा भू-संरक्षण तथा जलाधार संरक्षणका स्थानीय स्रोतमा आधारित प्रविधिको विस्तार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, सम्बन्धित स्थानीय तह, विषय विज्ञ, परामर्शदाता तथा अन्य सरोकारवाला निकायका प्राविधिक जनशक्ति परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- क्रियाकलाप सञ्चालन गरिएको स्थान।
- स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण प्रतिवेदन।
- छलफल तथा समन्वय बैठकका माइन्युटहरू।
- क्रियाकलाप कार्यान्वयन अघि, कार्यान्वयनको क्रममा तथा सम्पन्न पश्चात्का तस्बिरहरू।
- कार्य सम्पन्न प्रतिवेदन।

## ५.१९ एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा

### पृष्ठभूमि

नेपालको भौगोलिक बनावट, जलवायु परिवर्तनका प्रभाव, अव्यवस्थित भूमि उपयोग, वन विनाश तथा प्राकृतिक प्रकोपका कारण जलाधार क्षेत्रमा भूक्षय, पहिरो, नदी कटान, पानीका मुहान सुक्ने, जैविक विविधतामा ह्रास तथा कृषि उत्पादनमा कमी जस्ता समस्या बढ्दै गएका छन्। यस्ता समस्याहरूको दिगो समाधानका लागि जलाधारलाई प्राकृतिक (Hydrological) एकाइका रूपमा लिई एकीकृत रूपमा योजना तर्जुमा तथा कार्यान्वयन गर्नु आवश्यक छ।

जलाधार व्यवस्थापनका कार्यक्रमहरू वैज्ञानिक तथ्य, स्थानीय आवश्यकता तथा सरोकारवालाको सहभागिताका आधारमा सञ्चालन गर्न जलाधार, उपजलाधार वा सूक्ष्म जलाधारको वस्तुस्थिति विश्लेषण गरी प्राथमिकतायुक्त एकीकृत जलाधार व्यवस्थापन योजना तयार गर्नु आवश्यक हुन्छ। भूक्षय, पहिरो, गल्छी, नदी कटान, पानीका मुहान, सुख्खाग्रस्त क्षेत्र तथा अन्य संवेदनशील क्षेत्रहरूको पहिचान गरी संरक्षण तथा व्यवस्थापनका प्राथमिकतायुक्त कार्यक्रम निर्धारण गरिनेछ।

### उद्देश्य

जलाधार, उपजलाधार वा सूक्ष्म जलाधारको प्राकृतिक, सामाजिक, आर्थिक तथा भौगोलिक अवस्थाको विश्लेषण गरी एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार तोकिएको जलाधार, उपजलाधार वा सूक्ष्म जलाधार छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यालयमा उपलब्ध जनशक्तिबाट वा आवश्यक भएमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम परामर्शदाता वा विशेषज्ञ सेवा खरिद गर्न सकिनेछ।
- कार्यालयको प्राविधिक जनशक्ति परिचालन गरी सम्बन्धित क्षेत्रको स्थलगत सर्वेक्षण, सामाजिक-आर्थिक तथा जैविक-भौतिक अवस्थाको अध्ययन, तथ्याङ्क सङ्कलन तथा आवश्यक नक्साङ्कन गरिनेछ।
- अध्ययनका क्रममा भूक्षय, पहिरो, गल्छी, नदी कटान, पानीका मुहान, सुख्खा क्षेत्र, भूमि उपयोग, वन, कृषि, बस्ती तथा अन्य प्राकृतिक स्रोतहरूको अवस्था पहिचान गरी अभिलेखीकरण गरिनेछ।
- स्थानीय तह, वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, महिला समूह, उपभोक्ता समिति तथा अन्य सरोकारवालासँग आवश्यक छलफल, अन्तरक्रिया तथा परामर्श गरी स्थानीय आवश्यकता, समस्या र सम्भावित समाधानहरूको पहिचान गरिनेछ।
- प्राप्त तथ्याङ्क, नक्साङ्कन तथा सरोकारवालाबाट प्राप्त सुझावका आधारमा संरक्षण, पुनर्स्थापना, जीविकोपार्जन, जलस्रोत संरक्षण तथा उत्पादनमूलक कार्यक्रमहरू समेटिएको एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरिनेछ।
- योजनामा समावेश कार्यक्रमहरूलाई प्राविधिक आवश्यकता, जोखिमको स्तर, लागत, अपेक्षित प्रतिफल तथा उपलब्ध स्रोत-साधनका आधारमा प्राथमिकताक्रम निर्धारण गरिनेछ।
- स्वीकृत बजेटको सीमाभित्र रहेका प्राथमिकताप्राप्त कार्यक्रमहरू सम्बन्धित स्थानीय तह तथा स्थानीय समुदायसँग समन्वय र सहकार्य गरी कार्यान्वयन गरिनेछ।

महानिर्देशक

- बजेट अभावका कारण तत्काल कार्यान्वयन हुन नसकेका कार्यक्रमहरू आगामी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी क्रमशः कार्यान्वयन गरिनेछ।

**अपेक्षित उपलब्धि**

- जलाधार, उपजलाधार वा सूक्ष्म जलाधारस्तरको वैज्ञानिक आधारमा एकीकृत जलाधार व्यवस्थापन योजना तयार हुनेछ।
- भूक्षय, पहिरो, गल्छी, नदी कटान, पानीका मुहान तथा अन्य संवेदनशील क्षेत्रहरूको तथ्याङ्कसहित नक्साङ्कन र अभिलेखीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

योजना तर्जुमा कार्यालय प्रमुखको समन्वयमा कार्यालयको प्राविधिक कर्मचारीहरुबाट वा सेवा प्रदायक मार्फत सञ्चालन गरिनेछ। आवश्यक परेमा विभागको प्राविधिक जनशक्ति समेत परिचालन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- योजना तर्जुमा गरिएको जलाधार/उपजलाधारको संख्या।
- स्थलगत अध्ययन तथा सरोकारवालासँग सम्पन्न भएका अन्तरक्रिया/कार्यशालाको विवरण।
- GIS आधारित नक्सा तथा तथ्याङ्कको तयारी।
- मस्यौदा तथा अन्तिम एकीकृत जलाधार व्यवस्थापन योजना प्रतिवेदन।
- सहभागीहरूको उपस्थिति, बैठकका माइन्युट तथा तस्बिर सहितको प्रतिवेदन।

## ५.२० जलवायु उत्थानशील कृषि वन प्रवर्द्धन कार्यक्रम

**पृष्ठभूमि**

जलवायु परिवर्तनका कारण कृषि उत्पादन, वन प्रणाली, माटोको उर्वराशक्ति, जलस्रोत तथा स्थानीय समुदायको जीविकोपार्जनमा प्रतिकूल असर पर्दै गएको छ। कृषि तथा वन प्रणालीलाई एकीकृत रूपमा व्यवस्थापन गरी उत्पादन, उत्पादकत्व, जैविक विविधता संरक्षण, कार्बन सञ्चिति अभिवृद्धि तथा जलवायु परिवर्तनका प्रभावहरूप्रति समुदायको अनुकूलन क्षमता विकास गर्न कृषि वन (Agroforestry) प्रणाली प्रभावकारी माध्यमको रूपमा स्थापित हुँदै आएको छ।

जलवायु उत्थानशील कृषि वन प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय भौगोलिक तथा जलवायु अनुकूल बहुउपयोगी रैथाने तथा आर्थिक महत्वका वनस्पति, फलफूल, घाँस, जडिबुटिजन्य तथा कृषि बालीको एकीकृत विकास गरी कृषि तथा वनजन्य उत्पादन प्रणालीलाई जलवायु उत्थानशील, वातावरणमैत्री तथा दिगो बनाइनेछ।

**उद्देश्य**

- जलवायु उत्थानशील कृषि वन प्रणालीको विकास तथा विस्तार गर्दै कृषि, वन र पशुपालन प्रणालीलाई एकीकृत रूपमा प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि, माटो तथा जल संरक्षण, कार्बन सञ्चिति तथा जैविक विविधता संरक्षणमा योगदान पुऱ्याउने।
- स्थानीय समुदायको जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा तथा आयआर्जनमा सुधार ल्याई जलवायु परिवर्तनका प्रभावहरूप्रति कृषक समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने।



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालनका लागि उपयुक्त क्षेत्र तथा लाभग्राही कृषक, कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, सहकारी वा अन्य स्थानीय संस्थाको छनौट सम्बन्धित कार्यालयले तोकेको मापदण्डका आधारमा गरिनेछ।
- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार वा स्थलगत प्राविधिक अध्ययन गरी कार्ययोजना तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम उपभोक्ता समिति, कृषक समूह, सहकारी संस्था वा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम कार्यान्वयन गर्न सकिनेछ।
- कृषि वन प्रणालीको स्थापना तथा विस्तार गरी बहुउपयोगी तथा रैथाने वृक्ष, फलफूल, घाँस एवं औषधिजन्य प्रजातिको रोपण, नर्सरी स्थापना तथा गुणस्तरीय विरुवा उत्पादन, साथै कृषि वन प्रणालीको संरक्षण, मर्मतसम्भार तथा पुनःरोपण गर्न सकिनेछ।
- जलवायु अनुकूल कृषि प्रविधि तथा संरक्षणमुखी खेती प्रणालीको प्रवर्द्धन, माटो तथा पानी संरक्षणका जैविक एवं भौतिक उपायहरूको अवलम्बन, वर्षा पानी संकलन, सूक्ष्म सिंचाइ तथा जल व्यवस्थापन संरचना निर्माण, कम्पोष्ट तथा जैविक मलसहित वातावरणमैत्री कृषि अभ्यासको प्रवर्द्धन, साथै कृषकको क्षमता अभिवृद्धिका लागि तालिम, अन्तरक्रिया, अवलोकन भ्रमण तथा प्राविधिक परामर्श सञ्चालन गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयनको क्रममा नियमित प्राविधिक सुपरिवेक्षण तथा अनुगमन गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक प्रतिवेदन, लाभग्राही विवरण, तस्विर, बिल, भर्पाई तथा अन्य आवश्यक कागजातका आधारमा भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- जलवायु उत्थानशील कृषि वन प्रणालीको स्थापना तथा विस्तार भई कृषि तथा वनजन्य उत्पादन, उत्पादकत्व र आयआर्जनमा वृद्धि हुनुका साथै माटो तथा जल संरक्षण, भूक्षय नियन्त्रण, कार्बन सञ्चिति तथा जैविक विविधता संरक्षणमा सकारात्मक योगदान पुग्नेछ।
- हरियाली प्रवर्द्धन भई कृषक तथा स्थानीय समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि हुने तथा जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षामा सुधार आउनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयको प्राविधिक कर्मचारीको समन्वयमा कार्यक्रम कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार कृषि, वन, जलाधार व्यवस्थापन, कृषि वन, माटो संरक्षण, बागवानी तथा जीविकोपार्जन विषयका प्राविधिक, विषय विज्ञ तथा परामर्शदाताको सेवा परिचालन गर्न सकिनेछ। स्थानीय तह, कृषक समूह, सहकारी संस्था तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ।

**अनुगमन योजना**

- कार्यक्रम सञ्चालन भएका क्षेत्र तथा लाभग्राहीको विवरण।
- स्थापना गरिएको कृषि वन प्रणालीको क्षेत्रफल (हेक्टर)।
- रोपिएका विरुवाको संख्या तथा जीवित दर।
- तालिम, अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रमको विवरण।
- स्थलगत प्राविधिक अनुगमन प्रतिवेदन।
- कार्य सम्पन्न प्रतिवेदन, फोटो तथा अभिलेख।



महानिर्देशक

## ५.२१ ग्रामिण सडकमा हरित प्रविधिको नमूना प्रदर्शन

### पृष्ठभूमि

ग्रामीण क्षेत्रमा सडक पूर्वाधारको तीव्र विस्तारसँगै सडक निर्माणका कारण पहिरो, भूक्षय, गल्छी, सतही बहाव तथा जैविक विविधतामा नकारात्मक असर बढ्दै गएको छ। यस्ता समस्याको न्यूनीकरणका लागि जैविक तथा भौतिक संरक्षण संरचनाको प्रयोग, बायोइन्जिनियरिङ्ग प्रविधि तथा प्रकृतिमा आधारित समाधान (Nature-based Solutions) को नमूना प्रदर्शन गरी ग्रामीण सडक तथा सडकपाखोको दिगो व्यवस्थापन गर्न आवश्यक देखिएको छ।

### उद्देश्य

- ग्रामीण सडकबाट हुने भूक्षय, पहिरो तथा सतही बहाव न्यूनीकरण गरी सडक तथा आसपासका बस्ती र प्राकृतिक स्रोतको संरक्षण गर्ने।
- बायोइन्जिनियरिङ्ग तथा हरित प्रविधिको नमूना प्रदर्शन गरी स्थानीय तह तथा समुदायमा प्रविधिको विस्तार र प्रयोगलाई प्रोत्साहन गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार भूक्षय तथा पहिरोको जोखिम भएका ग्रामीण सडक क्षेत्र छनौट गरिनेछ।
- स्थलगत अध्ययन, तथ्याङ्क सङ्कलन तथा सरोकारवालासँगको समन्वयका आधारमा सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम उपभोक्ता समिति/समूह वा सेवा प्रदायकमार्फत कार्यान्वयन गर्न सकिनेछ।
- यस क्रियाकलाप अन्तर्गत सडकसँग सम्बन्धित जैविक तथा भौतिक संरक्षण कार्यहरू, बायोइन्जिनियरिङ्ग प्रविधिबाट सडक पाखो संरक्षण तथा हरियाली प्रवर्द्धन, टेवा पर्खाल, चेकड्याम, पानी निकास तथा रनअफ व्यवस्थापन संरचना निर्माण, स-साना पहिरो उपचार, गल्छी नियन्त्रण तथा भिरालो भूमिमा अम्रिसो, घाँस तथा अन्य उपयुक्त प्रजातिको वृक्षारोपण लगायतका अन्य कार्यहरु सञ्चालन गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका क्रममा नियमित प्राविधिक सुपरिवेक्षण तथा स्थलगत अनुगमन गरिनेछ।
- कार्यसम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, नापी किताब (संरचना भएमा), कार्यसम्पन्न प्रतिवेदन, तस्बिर तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।

### अपेक्षित उपलब्धि

- ग्रामीण सडक तथा सडकपाखोमा हरित प्रविधिको नमूना प्रदर्शन स्थल विकास हुनेछ।
- भूक्षय, पहिरो तथा सतही बहाव न्यूनीकरण भई सडक तथा आसपासका बस्ती र पूर्वाधारको संरक्षणमा सहयोग पुग्नेछ।
- बायो-इन्जिनियरिङ्ग प्रविधिको स्थानीय तह तथा समुदायमा विस्तार भई अन्य क्षेत्रमा समेत अनुकरण गर्न सकिने नमूना विकास हुनेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, स्थानीय तह, विषय विज्ञ, बायोइन्जिनियरिङ्ग विशेषज्ञ, उपभोक्ता समिति तथा अन्य सरोकारवाला निकायको प्राविधिक सहयोग परिचालन गर्न सकिनेछ।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

**अनुगमन योजना**

- हरित प्रविधि प्रदर्शन गरिएका ग्रामीण सडक क्षेत्र तथा लम्बाइ।
- निर्माण भएका जैविक तथा भौतिक संरक्षण संरचनाको विवरण।
- वृक्षारोपण तथा संरक्षण गरिएको क्षेत्र र बिरुवाको जीवित दर।
- स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण प्रतिवेदन।
- कार्यसम्पन्न प्रतिवेदन तथा कार्य अघि, कार्यान्वयनको क्रममा र सम्पन्न पश्चात्का तस्बिरहरू।

## ५.२२ पानी मुहान संरक्षण नमूना प्रदर्शनी स्थल

**पृष्ठभूमि**

जलवायु परिवर्तन, अनियन्त्रित भू-उपयोग, वन विनाश तथा बढ्दो पानीको उपयोगका कारण परम्परागत पानीका मुहानहरूको बहाव घट्दै जानु, मुहान सुक्नु तथा पानीको गुणस्तरमा ह्रास आउनु प्रमुख चुनौतीका रूपमा देखिएको छ। पानीका मुहानको जलाधार क्षेत्रमा पानी संरक्षण, पुनर्भरण तथा स्रोत संरक्षणका उपायहरू एकीकृत रूपमा अवलम्बन गरी बहुउपयोगी पानीका मुहानको दिगो व्यवस्थापन तथा नमूना प्रदर्शनी स्थलको विकास गर्न आवश्यक देखिएको छ।

**उद्देश्य**

- बहुउपयोगी पानीका मुहानको संरक्षण तथा प्रभावकारी व्यवस्थापनमार्फत खानेपानी, घरायसी प्रयोग तथा सिँचाइका लागि दिगो पानी आपूर्ति सुनिश्चित गर्ने।
- स्थानीय ज्ञान, प्रविधि तथा समुदायको सहभागितामा पानीमुहान संरक्षण तथा पुनर्भरणका नमूना अभ्यासहरूको विकास र प्रवर्द्धन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही संरक्षणको उच्च आवश्यकता भएका पानीका मुहान तथा जलाधार क्षेत्रहरूलाई प्राथमिकताका आधारमा छनौट गरिनेछ ।
- स्थलगत सर्वेक्षण गरी अवधारणा पत्र, सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम उपभोक्ता समिति/समूह वा सेवा प्रदायकमार्फत कार्यान्वयन गर्न सकिनेछ।
- समोच्च खाडल (Contour Trench/Bund), Recharge Pit, Runoff Harvesting Structure लगायतका पानी पुनर्भरण संरचना निर्माण, मुहान क्षेत्रको संरक्षणका लागि तारबार, सेड तथा अन्य संरक्षण संरचना निर्माण, इन्टेक, पानी ट्यांकी, पाइपलाइन तथा आवश्यक पानी आपूर्ति संरचना निर्माण, मुहान संरक्षणका लागि उपयुक्त प्रजातिको वृक्षारोपण तथा जैविक संरक्षण कार्य सञ्चालन, सूचना बोर्ड स्थापना तथा नमूना प्रदर्शनी स्थल विकास लगायतका अन्य कार्यहरु सञ्चालन गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका क्रममा नियमित प्राविधिक सुपरिवेक्षण तथा स्थलगत अनुगमन गरिनेछ।



महानिर्देशक

- कार्यसम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, नापी किताब (संरचना भएमा), कार्यसम्पन्न प्रतिवेदन, तस्बिर तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- पानीमुहान संरक्षण तथा पुनर्भरणका नमूना प्रदर्शनी स्थल स्थापना तथा विकास हुनेछ।
- भूमिगत जल पुनर्भरण, पानीका परम्परागत मुहानहरूको संरक्षण तथा दिगो पानी आपूर्तिमा सुधार हुनेछ।
- स्थानीय समुदायमा पानीमुहान संरक्षणसम्बन्धी प्रविधि तथा असल अभ्यासहरूको विस्तार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, स्थानीय तह, खानेपानी तथा सिँचाइ सम्बन्धी निकाय, विषय विज्ञ, उपभोक्ता समिति तथा अन्य सरोकारवाला निकायको प्राविधिक सहयोग परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- स्थापना तथा विकास गरिएका पानीमुहान संरक्षण नमूना प्रदर्शनी स्थलहरूको संख्या।
- निर्माण भएका पानी पुनर्भरण तथा संरक्षण संरचनाको विवरण।
- संरक्षण तथा पुनर्भरण गरिएको पानीमुहान क्षेत्र तथा वृक्षारोपणको विवरण।
- स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण प्रतिवेदन।
- कार्यसम्पन्न प्रतिवेदन तथा कार्यअघि, कार्यान्वयनको क्रममा र सम्पन्न पश्चात्का तस्बिरहरू।

### 5.23 Bathymetric Survey and Sedimentation Studies

**पृष्ठभूमि**

नेपालका ताल, जलाशय, नदी तथा अन्य जलस्रोतहरूमा समयसँगै थिग्रिकरणको समस्या बढ्दै गएको छ। यसले जलाशयको भण्डारण क्षमता घट्ने, सिंचाइ, खानेपानी, जलविद्युत् तथा अन्य जलस्रोतमा आधारित पूर्वाधारको कार्यक्षमतामा असर पर्ने समस्या देखिएको छ। जलवायु परिवर्तन, भू-क्षय तथा नदी प्रणालीमा भइरहेको परिवर्तनले पनि थिग्रिकरण दरलाई थप प्रभाव पारेको छ।

यस अवस्थामा जलाशयको गहिराइ, क्षमता तथा थिग्रिकरणको अवस्था यथार्थ रूपमा मूल्याङ्कन गर्न बाथिमेट्रिक सर्वेक्षण (Bathymetric Survey) र सेडिमेन्टेशन अध्ययन नियमित रूपमा सञ्चालन गर्नु आवश्यक छ। प्राप्त तथ्याङ्कले जलाशय तथा जलस्रोतको दिगो व्यवस्थापन, संरक्षण, मर्मतसम्भार तथा भविष्यका योजना र निर्णय प्रक्रियालाई वैज्ञानिक आधार प्रदान गर्दछ।

**उद्देश्य**

जलाशयको गहिराइ, क्षमता र थिग्रिकरणको अवस्था अध्ययन गरी संरक्षण तथा दिगो व्यवस्थापनका लागि आवश्यक योजना बनाउन सहयोग गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- विगतमा गरेका अध्ययन प्रतिवेदन अध्ययन/विश्लेषण गरिनेछ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

- कार्यक्रम संचालानार्थ कार्य विवरण र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गरिने छ।
- कार्यालयका मौजुदा जनशक्ति वा कर्मचारीहरुको सहजीकरणमा सेवा प्रदायक मार्फत कार्य सम्पादन गरिनेछ।
- कार्यालयमा मौजुदा सुचीमा सुचीकृत भएका सेवा प्रदायकहरुबाट नियमानुसार प्रस्ताव आह्वान गरिनेछ। प्रस्ताव मूल्याङ्कन गरी छनौट भएका सेवा प्रदायकसँग सम्झौता गरि कार्य सम्पादन गरिनेछ।
- प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरण गरी प्राप्त राय सुझावहरुलाई समेटी कार्यलयमा प्रतिवेदन पेश गरिनेछ ।
- कर्मचारीहरुको समन्वय र सहजीकरणमा सेवा प्रदायकले फिल्ड कार्य गरी तथ्याङ्क विश्लेषणका आधारमा मस्यौदा प्रतिवेदन कार्यालयमा प्रस्तुतीकरण गरिनेछ र प्रस्तुती उपर प्राप्त पृष्ठपोषण समावेश गरी प्रतिवेदन पेश गरिनेछ।
- अन्तिम प्रतिवेदन सहित आधिकारिक विल बमोजिम सम्झौता अनुसारको अन्तिम रकम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- सर्भे भएको जलाशय/ तालको नक्सा, तस्बिर र थिग्रिकरणको तथ्याङ्क सहितको प्रारम्भिक विवरण समेटिएको प्रतिवेदन तयार भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यक्ता अनुसार प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- अद्यावधिक bathymetric map,
- जलाशय/तालको वर्तमान storage capacity को विवरण,
- थिग्रिकरणको कुल परिमाण तथा वार्षिक दरको विश्लेषण,
- नीति निर्माण तथा योजना कार्यान्वयनका लागि भरपर्दो आधारभूत तथ्याङ्क।

### 5.24 Livehedge Fencing Demontration Site Establishment

**पृष्ठभूमि**

वन क्षेत्र, जलाधार क्षेत्र, कृषि भूमि तथा सार्वजनिक क्षेत्रहरूको संरक्षणका लागि जैविक बार (Live Hedge Fencing) प्रभावकारी तथा वातावरणमैत्री प्रविधि हो। यस प्रविधिले माटो तथा पानी संरक्षण, पशुजन्य क्षति न्यूनीकरण, भूक्षय नियन्त्रण, हरियाली प्रवर्द्धन तथा जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याउँछ। उपयुक्त प्रजातिको छनौट, रोपण तथा व्यवस्थापनका असल अभ्यासहरूको प्रदर्शन गरी स्थानीय तह तथा समुदायमा प्रविधिको विस्तार गर्न जैविक बार नमूना प्रदर्शनी स्थल स्थापना आवश्यक देखिएको छ।

**उद्देश्य**

जैविक बार प्रविधिको प्रवर्द्धन गरी माटो र पानी संरक्षण, भूक्षय तथा पशुबाट हुने क्षति नियन्त्रणमा सहयोग गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अनुसार उपयुक्त स्थान छनौट गरी अवधारणा पत्र, सर्भे, डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।



महानिर्देशक

- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम कार्यालयको प्राविधिक जनशक्ति, उपभोक्ता समिति/समूह वा सेवा प्रदायकमार्फत कार्यान्वयन गर्न सकिनेछ।
- आवश्यकता अनुसार देहायका कार्यहरू सञ्चालन गर्न सकिनेछः
    - उपयुक्त प्रजातिको छनौट तथा जैविक बार स्थापना,
    - बिरुवा उत्पादन, रोपण, घेराबेरा तथा आवश्यक संरक्षण संरचना निर्माण,
    - सिंचाइ, गोडमेल, मलजल, छाँटाइ तथा मर्मत सम्भार,
    - सूचना बोर्ड स्थापना तथा नमूना प्रदर्शनी स्थल विकास,
    - अध्ययन-अवलोकन, अनुभव आदान-प्रदान तथा समुदायमा प्रविधि विस्तारसम्बन्धी कार्यक्रम सञ्चालन।
- क्रियाकलाप सञ्चालनका क्रममा नियमित प्राविधिक सुपरिवेक्षण तथा स्थलगत अनुगमन गरिनेछ।
- कार्यसम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन, तस्बिर तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- जैविक बार (Live Hedge Fencing) नमूना प्रदर्शनी स्थल स्थापना तथा विकास हुनेछ।
- स्थानीय तह तथा समुदायमा जैविक बार प्रविधिको विस्तार तथा अनुकरणीय नमूनाको विकास हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, स्थानीय तह, विषय विज्ञ, उपभोक्ता समिति, सेवा प्रदायक तथा अन्य सरोकारवाला निकायको प्राविधिक सहयोग परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- स्थापना भएका जैविक बार नमूना प्रदर्शनी स्थलहरूको संख्या।
- रोपिएका बिरुवाको संख्या तथा जीवित दर (Survival Rate)।
- स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण प्रतिवेदन।
- कार्यसम्पन्न प्रतिवेदन तथा कार्यअघि, कार्यान्वयनको क्रममा र सम्पन्न पश्चात्का तस्बिरहरू।

### 5.25 Watershed Demonstration Model Establishment

**पृष्ठभूमि**

जलाधार व्यवस्थापनको अवधारणा, जलचक्र, भू-आकृति, भूमि उपयोग, पानीको बहाव तथा प्राकृतिक स्रोत व्यवस्थापनका विषयहरूलाई सरल र प्रभावकारी रूपमा बुझाउन दृश्यात्मक माध्यमको आवश्यकता पर्दछ। संघीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, कुलेखानीमा जलाधारको नमूना प्रदर्शन मोडेल (Sand Model/3D Model) स्थापना गरी विद्यार्थी, कृषक, अनुसन्धानकर्ता, उपभोक्ता समूह तथा अन्य सरोकारवालालाई जलाधार व्यवस्थापनसम्बन्धी अवधारणा सहज रूपमा बुझाउन तथा अध्ययन अवलोकनको केन्द्रका रूपमा विकास गर्न आवश्यक देखिएको छ।



महानिर्देशक

### उद्देश्य

जलाधार व्यवस्थापनको अवधारणा, जलचक्र, भू-आकृति तथा प्राकृतिक स्रोत व्यवस्थापन बारे दृश्यात्मक रूपमा जानकारी प्रदान गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार जलाधार नमूना प्रदर्शन मोडेल स्थापना गरिने मोडेलको प्रकार निर्धारण गरिनेछ।
- अवधारणा पत्र, डिजाइन, ड्रइङ, प्राविधिक विवरण तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम कार्यालयको प्राविधिक जनशक्ति वा सेवा प्रदायकमार्फत कार्यान्वयन गर्न सकिनेछ।
- आवश्यकता अनुसार Sand Model, 3D Model वा अन्य उपयुक्त प्रदर्शन मोडेल निर्माण, सूचना सामग्री स्थापना तथा व्याख्यात्मक विवरण समावेश गरिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक निरीक्षण, कार्यसम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।

### अपेक्षित उपलब्धि

विद्यार्थी, कृषक, अनुसन्धानकर्ता तथा अन्य सरोकारवालाले जलाधारको अवधारणा, भू-आकृति, जलचक्र, भूमि उपयोग तथा प्राकृतिक स्रोत व्यवस्थापनबारे सहज रूपमा जानकारी प्राप्त गर्नेछन्।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, स्थानीय तह, विषय विज्ञ, उपभोक्ता समिति, सेवा प्रदायक तथा अन्य सरोकारवाला निकायको प्राविधिक सहयोग परिचालन गर्न सकिनेछ।

### अनुगमन योजना

- स्थापना भएका जलाधार नमूना प्रदर्शन मोडेलको संख्या।
- कार्यसम्पन्न प्रतिवेदन तथा कार्य सम्पन्न भएका तस्बिरहरू।

## 5.26 Research/ Demonstration Plot Management

### पृष्ठभूमि

संघीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, कुलेखानी अन्तर्गत स्थापना गरिएका अनुसन्धान तथा प्रदर्शनी प्लटहरू जलाधार व्यवस्थापन, भू-क्षय नियन्त्रण, माटो तथा पानी संरक्षण, जलवायु अनुकूलन तथा प्रकृतिमा आधारित समाधानका प्रविधिहरूको परीक्षण, अध्ययन, अनुसन्धान तथा प्रदर्शनका लागि महत्वपूर्ण आधार हुन्। यस्ता प्लटहरूको नियमित सञ्चालन, मापन, अभिलेख व्यवस्थापन तथा मर्मत सम्भार गरी अनुसन्धान तथा सिकाइलाई निरन्तरता दिन आवश्यक देखिएको छ।

### उद्देश्य

- अनुसन्धान तथा प्रदर्शनी प्लटहरूको नियमित सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने।



महानिर्देशक

- जलाधार व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान, प्रविधि परीक्षण तथा अनुभव आदानप्रदानलाई प्रवर्द्धन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार अनुसन्धान तथा प्रदर्शनी प्लटहरुमा सञ्चालन गरिने आवश्यक क्रियाकलापहरू निर्धारण गरिनेछ।
- प्लट सञ्चालनका लागि आवश्यक यन्त्र, उपकरण, औजार तथा सामग्री खरिद गरी आवश्यकता अनुसार स्थानीय जनशक्ति परिचालन गरिनेछ।
- आवश्यकता अनुसार भू-क्षय मापन प्लट स्थापना, नमूना सङ्कलन, नियमित मापन, तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गरिनेछ।
- प्लट स्थापना, सञ्चालन, मर्मत सम्भार तथा सुधारका लागि आवश्यक सर्भे, डिजाइन, लागत अनुमान तथा कार्ययोजना तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम कार्यालयको प्राविधिक जनशक्ति वा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम निर्माण व्यवसायी वा सेवा प्रदायकमार्फत कार्यान्वयन गर्न सकिनेछ।
- आवश्यकता अनुसार अध्ययन अवलोकन, अनुभव आदानप्रदान, वृक्षारोपण, सरसफाइ, सूचना बोर्ड स्थापना तथा अन्य अनुसन्धानसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।
- कार्य सम्पन्न भएपछि प्राविधिक निरीक्षण, तथ्याङ्क अद्यावधिक, कार्यसम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजातका आधारमा अभिलेखीकरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

- अनुसन्धान तथा प्रदर्शनी प्लटहरूको स्थापना, नियमित सञ्चालन तथा व्यवस्थापन हुनेछ।
- जलाधार व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधि परीक्षणका लागि विश्वसनीय तथ्याङ्क तथा अभिलेख उपलब्ध हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, बृहत् जलाधार व्यवस्थापन केन्द्र, विश्वविद्यालय, अनुसन्धान संस्था, विषय विज्ञ तथा सेवा प्रदायकको प्राविधिक सहयोग परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- सञ्चालन भएका अनुसन्धान तथा प्रदर्शनी प्लटहरूको संख्या।
- मर्मत तथा सुधार सम्पन्न भएका प्लटहरूको विवरण।
- स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण प्रतिवेदन।
- कार्यसम्पन्न प्रतिवेदन, तथ्याङ्क अभिलेख तथा तस्बिरहरू।

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## ५.२७ एकीकृत जलाधार व्यवस्थापन सम्बन्धि नमूना स्थल विकास/निर्माण

### पृष्ठभूमि

भू तथा जलाधार संरक्षण सम्बन्धी क्रियाकलापहरु जैविक तथा भौतिक संरचनाहरुको प्रयोग गरी एकीकृत रुपमा तोकीएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन गरी प्रदर्शनी स्थल स्थापना गरिनेछ। स्थापना भएको प्रदर्शनी स्थलमा जलाधार व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान कार्य गर्न सकिनेछ । सो प्रदर्शन स्थलको सिकाई अन्य स्थानहरुमा अनुकरण गर्न सकिनेछ ।

### उद्देश्य

जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि एकीकृत भू तथा जलाधार व्यवस्थापनको प्रदर्शनी स्थल स्थापना गर्ने।

### कार्यान्वयन प्रक्रिया

- कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् स्थान छनौट गरिनेछ । आवश्यकता अनुसार विभागमा रहेका प्राविधिक जनशक्तिको समेत प्राविधिक सहयोग लिन सकिनेछ ।
- छनौट गरिएको स्थानमा प्रदर्शनी स्थल निर्माणका लागि अवधारणा पत्र तयार, कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा सेवा प्रदायक मार्फत गरिनेछ ।
- एकीकृत जलाधार व्यवस्थापनको लागि वन संरक्षण तथा वृक्षारोपण, खेतबारी संरक्षण, सडक तथा पूर्वाधार संरक्षण, पानी मुहान तथा संरक्षण पोखरी निर्माण/मर्मत, सिमसार व्यवस्थापन, गोरेटो सुधार, भलपानी व्यवस्थापन, खोला किनारा तथा खहरे नियन्त्रण, पहिरो नियन्त्रण, बायो इन्जिनियरिङ प्रविधिको प्रयोग, कृषि वन प्रवर्द्धन आदी कार्यहरु सञ्चालन गर्न सकिनेछ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापी किताब, कार्य स्वीकार/ सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल भर्पाई, डोर हाजिर लगायतका कागजात बमोजिम अन्तिम रकम भूक्तानी गरिनेछ । सेवा प्रदायकको हकमा आधिकारिक बिल बमोजिम अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ।
- कार्यालयबाट प्रदर्शनी स्थलको व्यवस्थापन र विकासका लागि नियमित रुपमा अनुगमन कार्य गरिनेछ ।
- कार्यालयबाट क्रियाकलाप सम्पन्न पश्चात् तस्विर सहितको प्रतिवेदन तयार गर्नुपर्नेछ ।

### अपेक्षित उपलब्धि

जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि एकीकृत भू तथा जलाधार व्यवस्थापनको प्रदर्शनी स्थल स्थापना भएको हुनेछ।

महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार विषय विज्ञ वा सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

### अनुगमन योजना

- निर्माण भएको प्रदर्शन प्लट
- छलफलका माईनुटहरु
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्विरहरु
- प्रतिवेदन ।

## 5.28 Video Documentation of success stories and best practices in soil conservation and watershed management

### पृष्ठभूमि

नेपालको भौगोलिक बनावट, उच्च भू-क्षय संवेदनशीलता तथा जलाधारमा आधारित जीविकोपार्जन प्रणालीका कारण माटो संरक्षण तथा जलाधार व्यवस्थापन अत्यन्त महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित भएको छ। विभिन्न सरकारी, गैरसरकारी तथा सामुदायिक तहबाट सञ्चालन गरिएका कार्यक्रमहरूले खोला/नदी कटान नियन्त्रण, भू-क्षय न्यूनीकरण, जलस्रोत संरक्षण, जलाधार व्यबस्थापन तथा जीविकोपार्जन सुधारमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन्। यी सफलता, सिकाइ तथा उत्कृष्ट अभ्यासहरूलाई प्रभावकारी रूपमा अभिलेखीकरण तथा प्रचारप्रसार गर्न Video Documentation उपयोगी माध्यम हो। यसले ज्ञान आदानप्रदान, प्रविधि विस्तार तथा सफल अभ्यासहरूको पुनरावृत्तिमा सहयोग पुऱ्याउँछ।

### उद्देश्य

भू-संरक्षण तथा जलाधार व्यवस्थापनका सफल अभ्यास र सिकाइलाई अभिलेखीकरण, प्रचारप्रसार र ज्ञान आदान प्रदानमार्फत प्रवर्द्धन गर्ने।

### कार्यान्वयन प्रक्रिया

- कार्यक्रम संचालानार्थ कार्य विवरण र स्वीकृत नर्मस प्रचलित विधि अनुसार लागत अनुमान तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयका मौजुदा जनशक्ति वा कर्मचारीहरुको सहजीकरणमा सेवा प्रदायक मार्फत कार्य सम्पादन गरिनेछ।
- कार्यालयमा मौजुदा सुचीमा सुचीकृत भएका सेवा प्रदायकहरुबाट नियमानुसार प्रस्ताव आह्वान गरिने छ। प्रस्ताव मूल्याङ्कन गरी छनौट भएका सेवा प्रदायकसँग सम्झौता गरि कार्य सम्पादन गरिने छ।
- प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरण गरी प्राप्त राय सुझावहरुलाई समेटी कार्यलयमा प्रतिवेदन पेश गरिनेछ ।
- कर्मचारीहरुको समन्वय र सहजीकरणमा सेवा प्रदायकले फिल्ड कार्य गरी तथ्याङ्क विश्लेषणका आधारमा मस्यौदा प्रतिवेदन कार्यालयमा प्रस्तुतीकरण गरिनेछ र प्रस्तुती उपर प्राप्त पृष्ठपोषण समावेश गरी प्रतिवेदन पेश गरिनेछ।
- अन्तिम Video र प्रतिवेदन सहित आधिकारिक बिल बमोजिम सम्झौता अनुसारको अन्तिम रकम भुक्तानी गरिनेछ।



महानिर्देशक

### अपेक्षित उपलब्धि

भू-संरक्षण तथा जलाधार व्यवस्थापनका सफल अभ्यासहरूको दस्तावेजीकरण गरी ज्ञान प्रवर्द्धन, विस्तार र योजना निर्माणमा सहयोग पुगेको हुनेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यक्ता अनुसार प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ ।

### अनुगमन योजना

- Final documentary/video तथा प्रतिवेदन

## 5.29 Training on Climate Change Data processing, Time Series Analysis and Hydrological Modeling

### पृष्ठभूमि

जलवायु परिवर्तनका कारण वर्षा, तापक्रम, बाढी, सुख्खा तथा जलस्रोत प्रणालीमा उल्लेखनीय प्रभाव परिरहेको छ। प्रभावहरूको वैज्ञानिक विश्लेषणका लागि Climate Change Data Processing, Time Series Analysis तथा Hydrological Modeling अत्यन्त महत्वपूर्ण उपकरणहरू हुन्। जलाधार व्यवस्थापन, जलस्रोत योजना तथा विपद् जोखिम न्यूनीकरणमा तथ्यमा आधारित निर्णय गर्न सम्बन्धित प्राविधिक जनशक्ति, बिधार्थी तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको छ ।

### उद्देश्य

जलवायु तथ्याङ्क विश्लेषण, समय शृङ्खला अध्ययन र जलविज्ञान मोडेलिङसम्बन्धी सीप विकास गरी जलवायु अनुकूल योजना र व्यवस्थापनमा सहयोग गर्ने।

### कार्यान्वयन प्रक्रिया

- कार्यक्रम संचालानार्थ कार्य विवरण र स्वीकृत नर्मस प्रचलित विधि अनुसार लागत अनुमान तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयका मौजुदा जनशक्तिबाट सहभागीहरूको छनौट, Training module, schedule तथा resource materials तयार, प्रशिक्षक तथा आवश्यक software/tools व्यवस्थापन वा कर्मचारीहरुको सहजीकरणमा सेवा प्रदायक मार्फत कार्य सम्पादन गरिनेछ।
- कार्यालयमा मौजुदा सुचीमा सुचीकृत भएका सेवा प्रदायकहरुबाट नियमानुसार प्रस्ताव आह्वान गरिनेछ। प्रस्ताव मूल्याङ्कन गरी छनौट भएका सेवा प्रदायकसँग सम्झौता गरि कार्य सम्पादन गरिनेछ।
- प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरण गरी प्राप्त राय सुझावहरुलाई समेटी कार्यलयमा प्रतिवेदन पेश गरिनेछ ।
- कर्मचारीहरुको समन्वय र सहजीकरणमा सेवा प्रदायकले फिल्ड कार्य गरी तथ्याङ्क विश्लेषणका आधारमा मस्यौदा प्रतिवेदन कार्यालयमा प्रस्तुतीकरण गरिनेछ र प्रस्तुती उपर प्राप्त पृष्ठपोषण समावेश गरी प्रतिवेदन पेश गरिनेछ।
- अन्तिम प्रतिवेदन सहित आधिकारिक भरपाई बमोजिम सहभागीलाई भत्ता, विल बमोजिम भुक्तानी वा सम्झौता अनुसारको अन्तिम रकम भुक्तानी गरिनेछ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अपेक्षित उपलब्धि**

जलवायु तथ्याङ्क विश्लेषण, समय शृङ्खला अध्ययन र जलविज्ञान मोडेलिङ सम्बन्धी सीप विकास गरी जलवायु अनुकूल योजना र व्यवस्थापनमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यक्ता अनुसार प्रचलित नियमानुसार सेवा प्रदायकबाट Training Coordinator, Climate Change Expert, Hydrologist / Modeling Expert, Training Assistant आदि बाट तालिम सञ्चालन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- सहभागीहरुको माईनुटिङ्ग ।

## ५.३० भू संरक्षण दिवस/ सिमसार दिवस

**पृष्ठभूमि**

वन तथा वातावरण संरक्षणका लागि प्राकृतिक स्रोतको संरक्षण गर्न स्थानीय समुदाय, सरोकारवाला निकाय तथा विद्यार्थीलगायत सबै पक्षको सक्रिय सहभागिता आवश्यक हुन्छ। भू-संरक्षण दिवस तथा विश्व सिमसार दिवस लगायतका संरक्षण दिवसहरू मनाई संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धि, संरक्षणमैत्री व्यवहारको विकास तथा समुदायलाई संरक्षण अभियानमा सक्रिय रूपमा सहभागी गराउन कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्देश्य**

- भू-संरक्षण, जलाधार व्यवस्थापन, सिमसार तथा वातावरण संरक्षणको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने।
- सरोकारवाला निकाय, शैक्षिक संस्था तथा स्थानीय समुदायको सहभागिता र संरक्षणप्रतिको उत्तरदायित्व अभिवृद्धि गर्ने।

**कार्यान्वयन प्रक्रिया**

स्वीकृत वार्षिक कार्यक्रम अनुसार संरक्षण दिवस मनाउन कार्यक्रम सञ्चालन हुने स्थान र क्रियाकलाप छनौट गरिनेछ।

- स्थानीय तह, शैक्षिक संस्था, सामुदायिक वन उपभोक्ता समूह, उपभोक्ता समिति तथा अन्य सरोकारवालासँग समन्वय गरी कार्यक्रमको कार्ययोजना तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम कार्यालयको प्राविधिक जनशक्ति मार्फत सञ्चालन गरिनेछ ।
- आवश्यकता अनुसार देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः
- भू-संरक्षण दिवस तथा विश्व सिमसार दिवसका अवसरमा समारोह, र्‍याली तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन,
- अन्तरक्रिया, गोष्ठी, विद्यालयस्तरीय कार्यक्रम जस्तै निबन्ध, चित्रकला तथा वक्तृत्व प्रतियोगिता सञ्चालन।
- संरक्षणसम्बन्धी सूचना, प्रकाशन, श्रव्यदृश्य सामग्री तथा प्रचारप्रसार सामग्री उत्पादन, वितरण तथा विभिन्न सञ्चार माध्यमबाट सन्देश प्रसारण।



महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

- वृक्षारोपण, सरसफाइ, सिमसार तथा जलाधार संरक्षण अभियान, जैविक तथा संरचनात्मक संरक्षण कार्य तथा अन्य समुदायमा आधारित संरक्षण गतिविधि सञ्चालन।
- सूचना बोर्ड, होर्डिङ बोर्ड तथा संरक्षण सन्देशमूलक सामग्री स्थापना।
- कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन, सहभागी विवरण, तस्बिर तथा अन्य आवश्यक कागजात तयार गरी अभिलेखीकरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

- भू-संरक्षण, सिमसार, जलाधार तथा वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि हुनेछ।
- स्थानीय समुदाय तथा सरोकारवालाको संरक्षणप्रतिको सहभागिता र उत्तरदायित्व वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम कार्यालयका प्राविधिक कर्मचारीको समन्वयमा सञ्चालन गरिनेछ। आवश्यकता अनुसार वन तथा भू-संरक्षण विभाग, स्थानीय तह, शैक्षिक संस्था, सामुदायिक संस्था, उपभोक्ता समूह तथा अन्य सरोकारवाला निकायको प्राविधिक तथा व्यवस्थापकीय सहयोग परिचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- सम्पन्न भएका संरक्षण दिवस तथा जनचेतनामूलक कार्यक्रमहरूको संख्या।
- सहभागीको उपस्थिति, बैठकका माइन्युट तथा तस्बिर सहितको प्रतिवेदन।

## ५.३१ जलाधार स्तरीय कार्यक्रम कार्यान्वयन गोष्ठी

**पृष्ठभूमि**

एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय, सहकार्य र सूचना आदानप्रदान आवश्यक हुन्छ। जलाधार क्षेत्र प्राकृतिक (Hydrological Unit) आधारमा व्यवस्थापन हुने भएकाले विभिन्न निकायहरूद्वारा सञ्चालन हुने कार्यक्रमहरूबीच समन्वयको अभाव हुँदा दोहोरोपन, स्रोतको प्रभावकारी उपयोग तथा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्छ।

यस सन्दर्भमा सम्बन्धित प्रदेशका भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू, स्थानीय तहका जनप्रतिनिधि तथा प्राविधिक कर्मचारीहरू, सम्बन्धित प्रादेशिक मन्त्रालय तथा निर्देशनालयहरूको सहभागितामा जलाधार स्तरीय कार्यक्रम कार्यान्वयन गोष्ठी सञ्चालन गरी वार्षिक कार्यक्रम, कार्यान्वयन रणनीति, भूमिका तथा जिम्मेवारी स्पष्ट गर्ने, अन्तरनिकाय समन्वय अभिवृद्धि गर्ने तथा कार्यक्रमको गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक छ ।

**उद्देश्य**

- जलाधार क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी, समन्वयात्मक तथा गुणस्तरीय कार्यान्वयन सुनिश्चित गर्दै प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायहरूबीच समन्वय, सहकार्य, सूचना आदानप्रदान र साझा समझदारी अभिवृद्धि गर्ने।
- कार्यक्रम कार्यान्वयनमा दोहोरोपन न्यूनीकरण गरी उपलब्ध स्रोत, साधन तथा बजेटको प्रभावकारी परिचालन सुनिश्चित गर्नुका साथै जलाधार व्यवस्थापन सम्बन्धी समस्या, चुनौती र समाधानका उपायहरूको पहिचान गर्ने।

महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

- गोष्ठी सञ्चालनका लागि अवधारणा पत्र र लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।
- गोष्ठीमा सम्बन्धित प्रदेशका भू तथा जलाधार व्यवस्थापन कार्यालय, स्थानीय तहका प्रमुख/उपप्रमुख वा प्रतिनिधि, सम्बन्धित प्रादेशिक मन्त्रालय, निर्देशनालय, सरोकारवाला निकाय तथा आवश्यकतानुसार अन्य सम्बन्धित संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- सम्भव भएसम्म सरकारी कार्यालयको हल वा आवश्यक्ता अनुसार सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सेवा प्रदायक मार्फत होटलमा वा भाडाको हलमा गोष्ठी सञ्चालन गरिनेछ ।
- गोष्ठीमा वार्षिक स्वीकृत कार्यक्रम, बजेट तथा कार्ययोजनाको प्रस्तुतीकरण, जलाधार क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूको भौगोलिक क्षेत्र, कार्यक्षेत्र तथा जिम्मेवारी बारे छलफल, कार्यक्रम कार्यान्वयनमा देखिन सक्ने दोहोरोपन, चुनौती तथा समन्वयका विषयमा अन्तरक्रियात्मक छलफल गरिनेछ।
- कार्यक्रमको गुणस्तर, समयसीमा, प्राविधिक मापदण्ड तथा प्रतिफल अभिवृद्धिका उपायहरूबारे सुझाव संकलन गरिनेछ।
- छलफलबाट प्राप्त सुझाव तथा निर्णयहरू समेटी निर्णय पुस्तिका तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय, सहकार्य, सूचना आदानप्रदान तथा साझा समझदारी अभिवृद्धि भई जलाधार व्यवस्थापनका कार्यक्रमहरूको गुणस्तरीय, प्रभावकारी र समयमै कार्यान्वयन सुनिश्चित हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यक्ता अनुसार प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको गोष्ठी सम्पन्न प्रतिवेदन

## ५.३२ क्रियाकलाप पार्श्वचित्र तयारी

**पृष्ठभूमि**

कार्यालयद्वारा सम्पन्न गरिएका वार्षिक स्वीकृत क्रियाकलापहरुको एकमुष्ठ रुपमा प्रगति सहितको विस्तृत विवरणहरुको संगालो प्रकाशन गरिनेछ ।

**उद्देश्य**

सम्पादित सम्पूर्ण क्रियाकलापहरुको विस्तृत विवरण संकलन गरी वार्षिक रुपमा अभिलेख तयारी गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

- क्रियाकलाप कार्यान्वयनका लागि कार्यालयको मौजुदा कर्मचारीहरु मार्फत स्वीकृत वार्षिक क्रियाकलापहरुको एकमुष्ठ रुपमा प्रगति सहितको विस्तृत विवरणहरुको संगालो तयार गरिनेछ ।
- कार्यक्रम सञ्चालनार्थ स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयका मौजुदा जनशक्तिबाट तथ्याङ्क संकलन, विश्लेषण कार्य गरिनेछ र कर्मचारीहरुको सहजिकरणमा सेवा प्रदायक मार्फत पार्श्वचित्र प्रकाशन कार्य गरिनेछ ।
- कार्यालयमा प्रकाशित पार्श्वचित्रको स्टोर दाखिला गर्नुपर्नेछ ।
- प्रकाशित प्रतिवेदन, सेवा प्रदायकको आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।

**अपेक्षित उपलब्धि**

वार्षिक रुपमा सम्पन्न सम्पूर्ण क्रियाकलापहरुको अद्यावधिक अभिलेख तयार भई जलाधार सूचना प्रणालीको विकासमा सहयोग पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- प्रकाशित पार्श्वचित्र ।

## ५.३३ बेसिन स्तरीय जलाधार कार्यक्रमको प्रभाव मूल्यांकनको लागि अध्ययन/अनुसन्धान

**पृष्ठभूमि**

बृहत् जलाधार व्यवस्थापन केन्द्रहरूबाट बेसिन/सबबेसिन/जलधार स्तरमा सञ्चालन भएका जलाधार व्यवस्थापन कार्यक्रमहरूको प्रभाव, उपलब्धि तथा दिगोपनाको वस्तुगत मूल्याङ्कन गर्नु आवश्यक रहेको छ। यस अध्ययन/अनुसन्धानबाट कार्यक्रमले भू-संरक्षण, जलस्रोत संरक्षण, वातावरणीय सुधार तथा स्थानीय जीविकोपार्जनमा पारेको प्रभाव विश्लेषण गरी प्राप्त निष्कर्षलाई भू तथा जलाधार व्यवस्थापन सम्बन्धी योजना, नीति निर्माण तथा आगामी कार्यक्रमहरूको प्रभावकारी तर्जुमा र कार्यान्वयनमा उपयोग गर्न सहयोग पुग्दछ ।

**उद्देश्य**

कार्यक्रमको प्रभावकारिता, दिगोपना तथा सुधारका लागि आवश्यक सुझाव सहित अध्ययन प्रतिवेदन तयार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अनुसार अध्ययन गरिने बेसिन/सबबेसिन/जलधार क्षेत्र छनौट गरिनेछ।
- अध्ययनको कार्यक्षेत्र, कार्यविधि तथा मूल्याङ्कन सूचकहरू समेटिएको अवधारणा पत्र वा Terms of Reference (ToR) र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम कार्यालयको प्राविधिक जनशक्ति वा आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम परामर्शदाता/विज्ञमार्फत सञ्चालन गर्न सकिनेछ।
- सम्बन्धित स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँग समन्वय गरी स्थलगत अवलोकन, सर्वेक्षण, अन्तर्वार्ता, समूह छलफल तथा आवश्यक तथ्याङ्क सङ्कलन गरिनेछ।

- प्राप्त तथ्याङ्कको विश्लेषण गरी कार्यक्रमको प्रभाव, उपलब्धि, चुनौती, सिकाइ तथा सुधारका सुझाव सहित अन्तिम प्रतिवेदन तयार गरिनेछ।
- अन्तिम प्रतिवेदन तथा अन्य सम्बन्धित कागजातका आधारमा कार्यसम्पन्न गरी भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

बेसिन स्तरीय जलाधार कार्यक्रमको प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भई कार्यक्रमको प्रभावकारिता, दिगोपना, चुनौती तथा असल अभ्यासहरूको विश्लेषणसहित आगामी जलाधार व्यवस्थापन योजना, नीति तथा कार्यक्रम तर्जुमाका लागि प्रमाणमा आधारित सुझाव प्राप्त हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ । साथै आवश्यक भएमा विभाग, स्थानीय तहबाट प्राविधिक सहयोग लिन सकिनेछ ।

**अनुगमन योजना**

- स्थलगत अध्ययन तथा सरोकारवालासँग सम्पन्न भएका अन्तरक्रिया/छलफलको विवरण।
- सहभागीहरूको उपस्थिति, बैठकका माइन्युट तथा तस्बिर सहितको प्रतिवेदन।

## ५.३४ सुक्खा र खडेरी क्षेत्रको पहिचान तथा नक्सांकन

**पृष्ठभूमि**

जलवायु परिवर्तन, अनियमित वर्षा, पानीका मुहान सुक्दै जानु तथा भू-उपयोगमा आएको परिवर्तनका कारण नेपालका विभिन्न क्षेत्रमा सुक्खा तथा खडेरीको समस्या बढ्दै गएको छ। यस्ता क्षेत्रहरूको वैज्ञानिक पहिचान तथा नक्साङ्कन गरी प्राथमिकताका आधारमा संरक्षण, पुनर्भरण तथा जलस्रोत व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

**उद्देश्य**

- सुक्खा तथा खडेरी प्रभावित क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन गर्ने।
- जलाधार व्यवस्थापन तथा जलवायु अनुकूलनका कार्यक्रम सञ्चालनका लागि प्राथमिकतायुक्त क्षेत्र निर्धारण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अनुसार अध्ययन क्षेत्र छनौट गरिनेछ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र वा Terms of Reference (ToR) र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- कार्यक्रम कार्यालयको प्राविधिक जनशक्ति वा आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम परामर्शदाता/विज्ञमार्फत सञ्चालन गर्न सकिनेछ।
- स्थलगत सर्वेक्षण, उपलब्ध तथ्याङ्क, GIS तथा रिमोट सेन्सिङ प्रविधि र स्थानीय जानकारीका आधारमा सुक्खा तथा खडेरी प्रभावित क्षेत्रहरूको पहिचान गरिनेछ।
- आवश्यकता अनुसार स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँग छलफल गरी तथ्याङ्क प्रमाणीकरण गरिनेछ।
- प्राप्त तथ्याङ्कको विश्लेषण गरी सुक्खा तथा खडेरी प्रभावित क्षेत्रहरूको नक्साङ्कन तथा प्राथमिकीकरण गरिनेछ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- अध्ययन सम्पन्न भएपछि प्रतिवेदन, नक्सा तथा अन्य आवश्यक अभिलेख तयार गरी कार्यालयमा सुरक्षित राखिनेछ।

**अपेक्षित उपलब्धि**

- सुक्खा तथा खडेरी प्रभावित क्षेत्रहरूको तथ्याङ्कसहित नक्साङ्कन हुनेछ।
- जलाधार संरक्षण तथा जलवायु अनुकूलन कार्यक्रमका लागि प्राथमिकतायुक्त क्षेत्र पहिचान हुनेछ।
- योजना तर्जुमा तथा स्रोत परिचालनका लागि प्रमाणमा आधारित आधार तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम कार्यालयका प्राविधिक कर्मचारीबाट सञ्चालन गरिनेछ। आवश्यकता अनुसार विभाग, स्थानीय तह, विषय विज्ञ वा परामर्शदाता संस्थाको प्राविधिक सहयोग लिन सकिनेछ।

**अनुगमन योजना**

- स्थलगत अध्ययन तथा सरोकारवालासँग सम्पन्न भएका छलफलको विवरण।
- अन्तिम अध्ययन प्रतिवेदन तथा तस्बिर अभिलेख।

## ५.३५ राष्ट्रियस्तरको पहिरोहरूको Time Series विश्लेषण

**पृष्ठभूमि**

कोशी, गण्डकी, कर्णाली तथा महाकाली बृहत् जलाधार क्षेत्रका २ हेक्टरभन्दा ठूला पहिरोहरूको पहिचान तथा अभिलेखीकरण कार्य विभागबाट सम्पन्न भइसकेको छ। तर ती पहिरोहरू कुन समयावधिमा उत्पन्न भए, समयसँगै तिनको विस्तार वा परिवर्तन कसरी भयो भन्ने विषयमा व्यवस्थित Time Series विश्लेषण उपलब्ध छैन। ऐतिहासिक , विद्यमान अभिलेख तथा GIS प्रविधिको प्रयोगबाट ठूला पहिरोहरूको समयक्रमगत परिवर्तनको विश्लेषण गरी राष्ट्रिय स्तरको अभिलेख अद्यावधिक गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

**उद्देश्य**

नेपालको जलाधार क्षेत्र अन्तर्गत छनौट गरिएको सब-बेसिन अन्तर्गतका ठूला पहिरोहरूको Time Series विश्लेषण गरी अभिलेख अद्यावधिक गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- विभागबाट विगतमा तयार गरिएका ठूला पहिरोहरूको अभिलेख, अध्ययन प्रतिवेदन, GIS डाटाबेस तथा उपलब्ध तथ्याङ्क संकलन गरी आधार सामग्रीको रूपमा प्रयोग गरिनेछ।
- आवश्यक कार्यविवरण तथा लागत अनुमान स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम कार्यक्रम कार्यान्वयनका गरिनेछ।
- ऐतिहासिक तथा हाल उपलब्ध Satellite Imagery को प्रयोग गरी छनौट गरिएको सब-बेसिन भित्र पहिचान भएका ठूला पहिरोहरूको समयक्रमगत परिवर्तन (उत्पत्ति, विस्तार, स्थायित्व वा अन्य परिवर्तन) विश्लेषण गरिनेछ।
- विश्लेषणका आधारमा प्रत्येक लक्षित पहिरोको स्थान, क्षेत्रफल, सम्भावित उत्पत्ति अवधि तथा समयक्रमगत परिवर्तन समेटिएको GIS आधारित डेटाबेस तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- जलाधार क्षेत्रको ठूला पहिरोहरूको अद्यावधिक Time Series अभिलेख तयार हुनेछ।
- ठूला पहिरोहरूको समयक्रमगत परिवर्तन (Temporal Change) सम्बन्धी GIS आधारित डेटाबेस तयार हुनेछ।
- विभाग तथा मातहतका निकायहरूलाई पहिरो व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमामा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोगमा जनशक्तिको परिचालन गर्दै ज्ञान र सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सेवा लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- छलफल तथा अन्तरक्रियाका माईनुटहरु
- फिल्ड भ्रमण तथा फिल्ड अनुगमनका प्रतिवेदनहरु
- प्रारम्भिक प्रतिवेदन, GIS डाटाबेस तथा विश्लेषण।
- अन्तिम प्रतिवेदन, GIS Database तथा डिजिटल अभिलेख ।

### 5.36 Predictive Landslide Susceptibility Modelling and Risk Mapping

**पृष्ठभूमि**

नेपालमा वर्षायाम, भिरालो भू-बनोट, कमजोर भूगर्भीय अवस्था, अव्यवस्थित सडक निर्माण, अनियन्त्रित भू-उपयोग तथा अपर्याप्त ढल निकासका कारण पहिरोको जोखिम निरन्तर बढ्दै गएको छ। यसले बस्ती, कृषि भूमि, सडक, खानेपानी तथा अन्य पूर्वाधारमा क्षति पुर्‍याउँदै आएको छ। उपलब्ध ऐतिहासिक पहिरो अभिलेख तथा भौगोलिक-वातावरणीय कारकहरूको GIS आधारित विश्लेषणबाट भविष्यमा पहिरो जाने सम्भावना बढी रहेका क्षेत्रहरूको पूर्वानुमान गर्न सकिने भएकाले पहिरो व्यवस्थापनलाई वैज्ञानिक र जोखिम केन्द्रित बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

**उद्देश्य**

उपलब्ध ऐतिहासिक पहिरो अभिलेख तथा तथ्याङ्कको विश्लेषण गरी छनौट गरिएको सब-बेसिन (Sub-basin) का सम्भावित पहिरो संवेदनशील क्षेत्रहरूको नक्सांकन (Susceptibility Mapping) तथा जोखिम नक्सांकन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- विभाग तथा सम्बन्धित निकायमा उपलब्ध पहिरो अभिलेख, DEM, भू-उपयोग, वर्षा, सडक, भू-बनोट तथा अन्य आवश्यक Spatial तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिनेछ।
- उपलब्ध तथ्याङ्कलाई GIS प्रविधिमार्फत विश्लेषण गरी पहिरो संवेदनशीलता (Landslide Susceptibility) तथा जोखिम (Risk) नक्सा तयार गरिनेछ।
- आवश्यकताअनुसार उपलब्ध तथ्याङ्क तथा नतिजाको प्राविधिक समीक्षा गरिनेछ।
- आवश्यक कार्यविवरण तथा लागत अनुमान स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम कार्यक्रम कार्यान्वयनका गरिनेछ।

**अपेक्षित उपलब्धि**

- सम्भावित पहिरो संवेदनशील क्षेत्रहरूको नक्सा तयार हुनेछ।



महानिर्देशक

- पहिरो जोखिम (Landslide Risk) नक्सा तथा GIS आधारित डिजिटल डेटाबेस तयार हुनेछ।
- उच्च जोखिमयुक्त क्षेत्रहरूको प्राथमिक पहिचान हुनेछ।
- पहिरो व्यवस्थापन, भू-संरक्षण, जैविक-इन्जिनियरिङ्ग तथा जोखिम न्यूनीकरण कार्यक्रमको प्राथमिकता निर्धारणमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोगमा जनशक्तिको परिचालन गर्दै ज्ञान र सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सेवा लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- कार्यक्रम कार्यान्वयन प्रगतिको नियमित अनुगमन
- फिल्ड भ्रमण तथा फिल्ड अनुगमनका प्रतिवेदनहरु
- प्रारम्भिक तथा अन्तिम प्रतिवेदन, GIS डाटाबेस र नक्साहरू

## ५.३७ Springshed को डेमो प्लट स्थापना/सुदृढीकरण

**पृष्ठभूमि**

वर्तमान समयमा जलवायु परिवर्तन, वनको अतिक्रमण, अत्याधिक भू-उपयोग तथा स्रोतहरूको असन्तुलित उपयोगका कारण प्राकृतिक जलस्रोतहरू सुक्दै गइरहेका छन्। विशेष गरी पहाडी क्षेत्रमा अवस्थित मूलाधार (Springshed) हरूमा देखिएको जलस्तर घट्दै जानु चिन्ताजनक बन्दै गएको छ। यस समस्याको दीर्घकालीन समाधानको लागि मूलाधार व्यवस्थापन एक प्रभावकारी उपायको रूपमा स्थापित हुँदै गएको छ। डेमो प्लट स्थापना/सुदृढीकरण कार्यक्रमको माध्यमबाट स्रोत संरक्षण, पुनर्भरण प्रवर्द्धन तथा दिगो जल व्यवस्थापन प्रविधिको प्रदर्शन गरिनुका साथै अनुसन्धान तथा सिकाइको रूपमा प्रयोग गरिनेछ, जसले अन्य स्थानमा पनि अनुकरणीय अभ्यासको विकास गर्न मद्दत गर्नेछ।

**उद्देश्य**

- स्थापना भएका मूलाधार (Springshed) को डेमो प्लट स्तरोन्नति अथवा नयाँ डेमो प्लट स्थापना गर्ने,
- डेमो प्लटको सिकाइले समुदायस्तरमा मूलाधार व्यवस्थापनसँग सम्बन्धी चेतना अभिवृद्धि गर्ने,
- प्रविधि प्रदर्शनसँगै प्रयोगात्मक अनुसन्धानको आधार निर्माण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

भू तथा जलाधार संरक्षणका उपयुक्त प्रविधि अपनाई प्रचलित ऐन, नियम, मापदण्ड तथा कार्यविधिअनुसार कार्यक्रम उपभोक्ता समूहको सक्रिय सहभागितामा सञ्चालन गरिनेछ। आवश्यकतानुसार सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ भने विभागबाट नियमित प्राविधिक सहयोग र अनुगमन गरिनेछ:

- सम्भावित मूलाधार क्षेत्रको पहिचान, प्रारम्भिक अवस्था अध्ययन (Baseline Survey), पानी मुहानको बहाव (Water Discharge) तथा आवश्यक हाइड्रोलोजिकल अध्ययन गरी स्थान छनौट गरिनेछ।
- छनौट गरिएको क्षेत्रको समस्या, लाभग्राही र आवश्यक कार्यक्रम पहिचान गरी नक्सा, डिजाइन सहितको अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- प्रचलित कानुन बमोजिम उपभोक्ता समूहसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

महानिर्देशक

- डेमो प्लट स्थापना गरी आवश्यकता अनुसार जल पुनर्भरण पोखरी, Gabion Check Dam, Dry Wall, घाँस तथा वृक्षारोपण (Bio-engineering), पानी संकलन तथा निकास व्यवस्थापन लगायत उपयुक्त भू तथा जलाधार संरक्षणका कार्यहरू गर्न सकिनेछ।
- डेमो प्लटलाई अनुसन्धान तथा सिकाइ केन्द्रका रूपमा विकास गर्दै प्रभावकारिता मूल्याङ्कन, माटो, पानी, पुनर्भरण दर, भू-क्षय तथा वनस्पति विकास सम्बन्धी तथ्याङ्क संकलन र सुधारात्मक उपायहरूको परीक्षण गर्न सकिनेछ।
- समुदायस्तरमा मूलाधार व्यवस्थापन सम्बन्धी जनचेतना, तालिम तथा लाभ मूल्याङ्कन गरिनेछ।
- कार्य प्रगतिका आधारमा प्रचलित कानुन बमोजिम एकमुष्ट वा किस्ताबन्दी रूपमा भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- मूलाधार (Springshed) को डेमो प्लट स्तरोन्नति वा नयाँ डेमो प्लट स्थापना भई स्प्रिङ्गशेड व्यवस्थापन प्रविधिको प्रदर्शन, प्रभावकारिता मूल्याङ्कन तथा अनुसन्धान र तथ्याङ्क संकलनका लागि आधार तयार हुनेछ।
- पानीको उपलब्धतामा सुधार, स्थानीय समुदायमा मूलाधार व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि तथा अन्य उपयुक्त क्षेत्रमा अनुकरणीय अभ्यास विस्तारका लागि आधार तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको अधिकतम उपयोग गरी प्रचलित कानुन बमोजिम उपभोक्ता समूहसँग सम्झौता गरी यस कार्यक्रम सञ्चालन गरिनेछ ।

**अनुगमन योजना**

- निर्माण भएको प्रदर्शन प्लट
- छलफलका माईनुटहरु
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्विरहरु
- प्रतिवेदन ।

## ५.३८ बाढी पहिरो जस्ता जलजन्य प्रकोपबाट हुने क्षतिको विवरण संकलन

**पृष्ठभूमि**

जलजन्य प्रकोपहरू विशेषगरी बाढी र पहिरो विश्वभर सबैभन्दा धेरै देखिने, दोहोरिने र क्षति पुऱ्याउने प्राकृतिक प्रकोपहरू हुन्। विश्व स्वास्थ्य संगठन (WHO) र आपतकालीन घटना डाटाबेस (EM-DAT) का अनुसार बाढी तथा पहिरोका कारण वार्षिक रूपमा हजारौं मानिसको मृत्यु हुने, लाखौं विस्थापित हुने, र अर्बौं डलर बराबरको क्षति हुने गरेको देखिन्छ। नेपालको सन्दर्भमा हेर्दा, देशको भौगोलिक बनावट, भूगर्भीय संवेदनशीलता, कमजोर पूर्वाधार, तथा मनसुनमूलक जलवायु प्रणालीका कारण नेपाल अत्यन्त उच्च जोखिमयुक्त मुलुकमा पर्दछ। नेपाल प्राकृतिक प्रकोपको ग्लोबल इन्डेक्सअनुसार वातावरणीय खतराका हिसाबले ४ औं संवेदनशील देश हो, भूकम्पीय जोखिममा ११औं र बाढी प्रकोपमा १४औं स्थानमा छ। नेपालका हिमाली, पहाडी र तराई क्षेत्रहरूमा बाढी र पहिरोको असर हरेक वर्ष देखिन्छ। यी प्रकोपहरूले सडक, पुल, विद्युत् प्रणाली, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था तथा कृषिक्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने गर्छन्। यस पृष्ठभूमिमा, बाढी तथा पहिरो लगायतका जलजन्य प्रकोपपछि त्यसबाट भएको क्षति तथा



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

नोक्सानीको तत्काल विवरण संकलन गरी अभिलेखिकरण गर्ने र असर मूल्यांकनका आधारमा यसको व्यवस्थापन र पुनरुत्थान गर्न आवश्यक योजना तर्जुमा गर्न सहयोग पुर्याउन सके भविष्यमा यस्ता प्रकोपहरूबाट हुने प्रतिकुल असर न्युनिकरण गर्न समेत सहयोग पुग्दछ ।

**उद्देश्य**

सबैभन्दा प्रभावित क्षेत्रको अनुगमन गरी, जनधन र भौतिक संरचनामा भएको क्षतिको पहिचान गर्न तत्कालीन आवश्यकता र जोखिमको आकलन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृती गरिनेछ ।
- स्थलगत अनुगमन तथा विवरण संकलनको लागि आवश्यक चेकलिस्ट, डेटा फारमहरू, र निर्देशनहरू तयार गरिनेछ।
- सरोकारवालाहरु तथा स्थानिय बासिन्दासँग अन्तरक्रिया, एवं तथ्याङ्क संकलन गरिनेछ।
- यस अन्तर्गत पत्र पत्रिकाहरुबाट घटना विववरण संकलन, आवश्यकता अनुसार प्रभावित क्षेत्रको स्थलगत सर्वेक्षण गरी प्रतिवेदन संकलन, सरोकारवालाहरूसँग अन्तरक्रिया/छलफल लगायत अन्य कार्यहरु गर्न सकिनेछ।
- प्रतिवेदन तयारी चरणमा सिफारिसहरू सहितको प्रभावित क्षेत्रको प्रारम्भिक प्रतिवेदन तयार गरिनेछ।
- आ.व. को अन्त्यमा प्रारम्भिक प्रतिवेदनहरूलाई एकिकृत गरी, आवश्यक समायोजन गरेर Compiled Rapid Damage Assessment Report तयार गरिनेछ जुन नीति निर्माण, श्रोत परिचालन र सहायताका लागि प्रयोग गर्न सकिनेछ ।
- विनियोजित बजेट प्रचलित ऐन नियम तथा कार्यविधिको अधिनमा रहि फिल्डमा खटिने प्राविधिकहरुको दैनिक भ्रमण भत्ता, यातायात खर्च, प्रतिवेदन प्रकाशन लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयका मौजुदा जनशक्ति/कर्मचारीहरु वा नियमानुसार आवश्यक सेवा प्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- राष्ट्रिय स्तरका बाढी/पहिरोजस्ता प्रकोपहरूबाट प्रभावित क्षेत्रको नक्सा, तस्बिर र क्षतिको तथ्याङ्क सहितको विवरण समेटिएको प्रारम्भिक प्रतिवेदन तयार भएको हुनेछ।

**अनुगमन योजना**

- फिल्ड भ्रमण तथा फिल्ड अनुगमनका प्रतिवेदनहरु
- Compiled Rapid Damage Assessment Report

## ५.३९ पुस्तकालय सुदृढीकरण

**पृष्ठभूमि**

सूचना तथा प्रविधिको क्षेत्रमा बदलिँदो परिवेश अनुसार यस विभाग अन्तर्गत रहेको पुस्तकालयको सुदृढीकरण गर्न आवश्यक देखिएकाले पुस्तकालयलाई व्यवस्थित गराउन तथा अध्ययन, अनुसन्धान, ज्ञान व्यवस्थापन एवं सूचना आदान



महानिर्देशक

प्रदानलाई प्रभावकारी बनाउन यस कार्यक्रम सञ्चालन गर्न लागिएको हो। विभागीय कार्यसम्पादनसँग सम्बन्धित प्रकाशन, प्रतिवेदन, अनुसन्धान सामग्री, नक्सा, मापदण्ड, कार्यविधि तथा अन्य सन्दर्भ सामग्रीहरूको व्यवस्थित संरक्षण, अभिलेखीकरण तथा पहुँच अभिवृद्धि गरी संस्थागत ज्ञान व्यवस्थापनलाई सुदृढ बनाउन पुस्तकालयको भौतिक तथा डिजिटल पूर्वाधार विकास आवश्यक रहेको छ।

**उद्देश्य**

- विभागमा रहेको पुस्तकालयको भौतिक तथा डिजिटल सुदृढीकरण गर्ने ।
- अध्ययन, अनुसन्धान तथा ज्ञान व्यवस्थापनका लागि आवश्यक सन्दर्भ सामग्रीको उपलब्धता र पहुँच अभिवृद्धि गर्ने।
- कर्मचारी, अनुसन्धानकर्ता तथा सरोकारवालाहरूलाई अध्ययन तथा अनुसन्धानका लागि अनुकूल वातावरण उपलब्ध गराउने।

**कार्यान्वयन प्रक्रिया**

सूचना तथा ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले प्रचलित ऐन, नियम, मापदण्ड तथा कार्यविधिको अधीनमा रही यस कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम कार्यान्वयनमा विभागको सम्बन्धित महाशाखा, शाखा तथा आवश्यकतानुसार अन्य सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ। कार्यक्रम सञ्चालन गर्दा निम्न कार्यहरू गरिनेछः

- पुस्तकालयको वर्तमान अवस्था, उपलब्ध स्रोत तथा आवश्यकताको प्रारम्भिक मूल्याङ्कन (Need Assessment) गरिनेछ।
- पुस्तकहरुको संरक्षणका लागि आवश्यक केमिकल तथा अन्य सामाग्रि खरिद गरिनेछ।
- बुक स्टयाण्ड सि सि क्यामेरा लगायत अन्य सामाग्री खरिद तथा मर्मत गरिनेछ।
- आवश्यक पुस्तक, जर्नल, प्रतिवेदन, अनुसन्धान प्रकाशन, नक्सा, मापदण्ड, निर्देशिका तथा अन्य सन्दर्भ सामग्री खरिद वा संकलन गरिनेछ।
- पुस्तकालयमा आवश्यक फर्निचर, बुकसेल्फ, कम्प्युटर, स्क्यानर तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गरिनेछ।
- विभाग तथा मातहत कार्यालयहरूबाट उत्पादित प्रकाशन तथा प्रतिवेदनहरूको अनिवार्य अभिलेखीकरण र संरक्षणको व्यवस्था मिलाइनेछ।
- कार्यक्रम सञ्चालनार्थ आवश्यक खरिद, सेवा तथा अन्य कार्यहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम गरिनेछ।

**अपेक्षित उपलब्धि**

पुस्तकालयको भौतिक सुदृढीकरण हुनुको साथै प्रकाशन, अनुसन्धान प्रतिवेदन तथा अन्य ज्ञान सामग्रीहरूको व्यवस्थित अभिलेखीकरण तथा संरक्षण भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा उपलब्ध जनशक्तिको ज्ञान, सीप तथा अनुभवको अधिकतम उपयोग गरी कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकतानुसार पुस्तकालय व्यवस्थापन, सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन सम्बन्धी विज्ञ वा परामर्शदाताको

सेवा प्रचलित कानुन बमोजिम लिन सकिनेछ। कार्यक्रम कार्यान्वयन तथा अनुगमनका लागि सम्बन्धित महाशाखा, शाखा तथा कर्मचारीहरूलाई जिम्मेवारी तोकिनेछ।

**अनुगमन योजना**

- खरिद गरिएको सामाग्रिको परिमाण
- पुस्तकको संख्या

## ५.४० जलाधार व्यबस्थापन प्रविधिहरुको प्रवर्द्धनका लागि नमूना प्रदर्शन स्थल स्थापनाको स्थान पहिचान, स्थापना तथा विकास

**पृष्ठभूमि**

नेपालको भौगोलिक बनावट, उच्च भू क्षय, अव्यवस्थित भूमि उपयोग, वन विनाश, जलस्रोतको ह्रास तथा जलवायु परिवर्तनका प्रभावका कारण अधिकांश जलाधार क्षेत्रहरूमा माटो कटान, पहिरो, बाढी तथा वातावरणीय समस्या बढ्दै गएका छन्। यी समस्याको न्यूनीकरण गर्दै प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, उत्पादनशीलता वृद्धि तथा स्थानीय समुदायको जीविकोपार्जन सुधारका लागि एकीकृत जलाधार व्यवस्थापन (Integrated Watershed Management) को अवधारणा अनुसार विभिन्न संरक्षण तथा उत्पादनमुखी प्रविधिहरूको प्रयोग आवश्यक छ।

यी प्रविधिहरूको प्रभावकारिता प्रत्यक्ष रूपमा प्रदर्शन, अध्ययन, अनुसन्धान, तालिम तथा प्रविधि हस्तान्तरण गर्न जलाधार व्यवस्थापन नमूना प्रदर्शन स्थल स्थापना गरिन्छ। यस विभाग र मातहतका कार्यालयहरुले जलाधार व्यवस्थापन नमूना प्रदर्शन स्थल स्थापना गर्नको लागि स्थान पहिचान, समन्वय, योजना प्रतिवेदन तयारी र सो को कार्यन्वयन गरि स्थानीय समुदाय, विद्यार्थी, अनुसन्धानकर्ता, सरकारी निकाय तथा विकास साझेदारहरूलाई व्यवहारिक सिकाइको अवसर प्रदान गर्न आवश्यक देखिन्छ ।यसका लागि विभागले एकिकृत भू तथा जलाधार संरक्षणको नमूना कार्यक्रमहरु बहुबर्षिय रुपमा सञ्चालन गरी बहुआयामिक प्रभावहरु विश्लेषण गर्न दिर्घकालिन नमूना प्रदर्शन स्थल स्थापना र प्रचारप्रसार समेत गर्नु पर्ने देखिन्छ ।

**उद्देश्य**

जलाधार व्यवस्थापन सम्बन्धी नमूना संरक्षण तथा अनुकुलनका क्रियाकलापहरुको प्रदर्शन, प्रवर्द्धन, अध्ययन, अनुसन्धान तथा प्रविधि विस्तारका लागि नमूना प्रदर्शन स्थान छनौट गरी विस्तृत योजना तयार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीबाट जलाधार प्रदर्शनी स्थलको प्रारम्भिक अध्ययन, पहिचान तथा छनौट गरिनेछ।
- जलाधार प्रदर्शनी स्थलको प्रारम्भिक अवस्था अध्ययन (baseline survey) तथा GIS Mapping (Boundary survey (watershed delineation), LULC) सहित विस्तृत योजना तयार गरिनेछ।
- स्थानीय स्तरमा सरोकारवाला/ उपभोक्ता समुहहरुसँग अन्तरक्रिया तथा छलफल गरिनेछ । उक्त स्थानको भू तथा जलधार व्यवस्थापन सम्बन्धि समस्या र लाभग्राही उपभोक्ता पहिचान तथा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरुको यकिन गरिनेछ ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- प्रचलित कानुनको परिधिभित्र रहि विभागका कर्मचारीहरु वा सेवाप्रदायक मार्फत यस क्रियाकलाप सम्पन्न गरिनेछ ।
- विनियोजित बजेटबाट विस्तृत अध्ययन प्रतिवेदन तयारी, फिल्डमा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, इन्धन, स्थानीय स्तरमा सरोकारवाला/ उपभोक्ता समुहहरुसँग अन्तरक्रिया तथा छलफल आदीको खाजा खर्च लगायतमा खर्च गर्न सकिनेछ ।
- प्रचलित कानुन अनुसार एकै पटक वा पटक पटकमा कार्यको प्रगति अनुसार रकम भुक्तानी गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

- कार्यक्रम प्रचलित ऐन नियम तथा बजेटको परिधिभित्र रहि विभागको जनशक्ति तथा कर्मचारीहरु वा सेवा प्रदायक मार्फत सञ्चालन गर्न सकिनेछ ।साथै आवश्यकता अनुसार सरकारी तथा गैर सरकारी निकायहरुसँग समेत समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- भू तथा जलाधार व्यवस्थापन प्रदर्शन स्थलको विस्तृत योजना तयार भएको हुनेछ ।
- आगामी बर्षहरुको लागि नमूना प्रदर्शन स्थलमा एकिकृत जलाधार व्यवस्थापनका क्रियाकलाप सञ्चालनको लागि योजना तर्जुमाको आधार तय हुनेछ ।

**अनुगमन योजना**

- तयार भएको विस्तृत योजना
- छलफल/अन्तरक्रियाको माईनुटिङ्ग

## ५.४१ भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

**पृष्ठभूमि**

भू तथा जलाधार व्यवस्थापन सम्बन्धी विभिन्न प्रचार-प्रसार सामग्री उत्पादन तथा वितरण भई जनसमुदाय तथा सम्बन्धित सरोकारवाला निकायहरूमा भू तथा जलाधार व्यवस्थापन सम्बन्धी जानकारी, जनचेतना तथा प्राविधिक ज्ञान अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुगेको छ ।विभिन्न सरोकारवालाहरु माझ संरक्षण सन्देश पुगोस् भन्ने हेतुले विभिन्न संरक्षण तथा शैक्षिक सामाग्री तयारी तथा उत्पादन प्रकाशन, शैक्षिक सामाग्री खरीद तथा वितरण, विभिन्न माध्यमबाट संरक्षण सन्देश प्रसारण, विकास तथा व्यवस्थापन, कार्यक्रमको प्रभाव मूल्यांकन तथा प्रतिवेदन तयारीका क्रियाकलापहरु गर्न सकिनेछ ।

**उद्देश्य**

- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रविधिको प्रचार प्रसार गर्ने,
- जलाधार व्यवस्थापनका हालको समयमा रहेका अवसर तथा चुनौतीलाई द्रस्टयाउने सामग्री उत्पादन तथा वितरण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

विभाग तथा मातहतका कार्यालयमा रहेका मौजुदा जनशक्तिको उच्चतम परिचालन गरी कार्यक्रम सञ्चालन गरिनेछ। प्रचलित ऐन नियमको अधिनमा रहि सेवा प्रदायक मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ (जस्तैः प्रचारप्रसार उत्पादन र वितरण)। यो कार्य सञ्चालन गर्दा विभिन्न समयाविधिमा निम्न उल्लिखित कार्यहरु गरिनेछः



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

- पुराना प्रविधिहरुको हालको अवस्थामा उपयोगिता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपयोग भएका नवीनतम प्रविधिको पहिचान गरिनेछ ।
- विभाग वा मातहतका निकायहरुले विगतमा गरेका अध्ययन/ अनुसन्धान तथा उत्पादन गरेका सामग्री हालसम्म प्रकाशन नभएको आवस्थामा सो सामग्रीहरुलाई समेत प्रचार प्रसार सामग्रीको रूपमा उत्पादन गरी वितरण गर्न सकिनेछ ।
- सामग्री वितरण गर्नका निमित्त आवश्यक माध्यमको पहिचान गरिनेछ ।
- कार्यक्रम सञ्चालनका निमित्त अवधारणा पत्र तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- भू तथा जलाधार सम्बन्धी काम गर्ने सरकारी एवं गैर सरकारी निकायहरुबाट आवश्यकता अनुसारको प्रचार प्रसार सामग्री संकलन गर्न सकिनेछ ।
- ब्रोसर, लिफलेट, क्यालेन्डर, संरक्षण डायरी, जलाधार सम्बन्धी जानकारी पुस्तिका, विभिन्न माध्यमबाट संरक्षण सन्देश प्रसारण जस्ता प्रचार प्रसारका कार्यहरु सञ्चालन गर्न सकिनेछ ।
- सूचना तथा प्रविधिको अधिकतम उपयोग गरी उत्पादित प्रचार प्रसार सामग्री वितरण गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- प्रचार प्रसार सामग्री उत्पादन गरि समुदायस्तरमा वितरण तथा प्रसारण हुनेछ।
- नयाँ प्रविधिको उपयोग गर्ने अवसर तथा हाल मौजुदा चुनौती तथा समस्या समाधान गर्न सम्बन्धीत निकायको चेतना अभिवृद्धि भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको अधिकतम उपयोग गरी सेवा प्रदायक मार्फत यस कार्यक्रम सञ्चालन गरिनेछ ।

**अनुगमन योजना**

- प्रकाशन वा वितरण भएका सामग्रीहरु ।

### ५.४२ भू तथा जलाधार व्यवस्थापन सम्बन्धी ऐन, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि र मार्गदर्शन तयारी

**पृष्ठभूमि**

भू तथा जलाधार व्यवस्थापनको प्रभावकारी कार्यान्वयन, एकरूपता, गुणस्तर अभिवृद्धि तथा बदलिँदो आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न समयानुकूल ऐन, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि तथा मार्गदर्शनको तर्जुमा एवं परिमार्जन आवश्यक रहेको छ। भू तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, संस्थागत समन्वय, सुशासन तथा प्रमाणमा आधारित योजना र निर्णय प्रक्रियालाई सुदृढ बनाउन अपरिहार्य देखिएको छ।

**उद्देश्य**

भू तथा जलाधार व्यवस्थापन सम्बन्धी कानूनी दस्तावेज तयार गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने निर्देशिका, मापदण्ड, कार्यविधि लगायतका नीतिगत दस्तावेज तयारीका लागि सम्बन्धित शाखाको कार्यविवरण अनुसार आवश्यक्ता अनुसार शाखाहरुले अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- यस कार्यका लागि आवश्यक्ता अनुसार सरोकारवाला संघ/संस्थाका प्रतिनिधि सहित एक कार्यदल गठन गरिनेछ र कानूनी दस्तावेज तयार गर्न सरोकारवाला निकायहरुसँग समन्वय बैठक, कार्यदलको नियमित बैठक, आवश्यकता अनुसार विज्ञसँग परामर्श तथा आवश्यकता अनुरुप कार्यशाला गोष्ठी सहित जानकारी संकलन तथा मस्यौदा तयार गरिनेछ ।
- विभिन्न सरोकारवाला निकायहरुको सुझाव संकलन गरी मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि पेश गरिनेछ ।
- यस कार्यक्रम अन्तर्गत बैठक भत्ता, दैनिक भ्रमण भत्ता, खाजा, होटल/आवास खर्च, स्टेशनरी, पुस्तक प्रकाशन लगायतका विषयमा स्वीकृत लागत अनुमान अनुसार बजेट खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धीत निर्देशिका, कार्यविधि लगायत अन्य कानूनी दस्तावेज तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति, विषय विज्ञ तथा सेवा प्रदायकबाट कार्य सञ्चालन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- बैठक निर्णय पुस्तिका, मस्यौदा प्रतिवेदन ।

## ५.४३ राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समितिको बैठक आयोजना

**पृष्ठभूमि**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०८/२८ गतेको बैठकबाट राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति-२०८० स्वीकृत भएको छ । जलवायु परिवर्तन, वातावरण र जलाधार क्षेत्रलाई एकीकृत रुपमा संस्थागत तथा संगठित गर्दै समय सापेक्ष बनाउन राष्ट्रिय स्तरमा समन्वय, सहजीकरण, अनुगमन मुल्यांकन र निर्देशनका लागि साविक वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यू अध्यक्ष र राष्ट्रिय योजना आयोग (वन तथा वातावरण क्षेत्र) का उपाध्यक्ष रहने गरी १६ सदस्यीय राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समिति गठन भएको छ। प्राकृतिक श्रोत साधन तथा विकासका पूर्वाधारको संरक्षणमा वातावरणीय सुरक्षा कायम गर्न, तीनै तहका सरकारहरु बीच समन्वयात्मक र एकीकृत व्यवस्थापनको लागि सहजीकरण गर्न, छरिएर रहेका क्षेत्रगत एवं उपक्षेत्रगत नीति तथा रणनीति र मापदण्डहरुलाई विश्लेषण गरी मार्गदर्शक नीतिको रुपमा मूलप्रवाहीकरण गर्न, एक आपसमा बाझिएका प्रावधान तथा मापदण्डहरुका बिचमा सामन्जस्यतालाई वातावरणीय सुरक्षा कायम हुने गरी निर्देशन गर्ने लगायतका कार्य गर्नका लागि निर्देशक समितिको बैठक वर्षमा कम्तिमा १ पटक बस्ने व्यवस्था रहेको छ ।

महानिर्देशक

### उद्देश्य

- राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति कार्यान्वयनका लागि छलफल, राय सुझाव संकलन र पृष्ठपोषण गर्ने ।

### कार्यान्वयन प्रक्रिया

- बैठक सञ्चालनका लागि अवधारणा पत्र तयार र अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीतिमा व्यवस्था भए बमोजिम राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समितिका सदस्यहरु र आवश्यक्ता अनुसार आमन्त्रित सदस्यहरुको सहभागितामा बैठक सञ्चालन गरिनेछ ।
- सम्भव भएसम्म सरकारी कार्यालयको हल वा आवश्यक्ता अनुसार सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सेवा प्रदायक मार्फत होटलमा वा भाडाको हलमा बैठक सञ्चालन गरिनेछ ।
- कृषि, वन तथा पर्यावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतमा बस्ने बैठकमा विभिन्न प्रस्तावहरु उपर छलफल भै आवश्यक निर्णयहरु गरिनेछ ।
- विभागस्तरबाट बैठक सम्पन्न पश्चात् तस्बिर सहितको प्रतिवेदन तयार गरिनेछ ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।

### अपेक्षित उपलब्धि

राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति-२०८० को कार्यान्वयन गर्न सहयोग पुग्नेछ ।

### जनशक्ति व्यवस्थापन

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यक्ता अनुसार प्रचलित नियमानुसार सेवा सेवाप्रदायकबाट सेवा खरिद गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

### अनुगमन योजना

- सहभागिहरुको उपस्थिति
- बैठकको माइनुटिङ्ग

## ५.४४भू तथा जलाधार संरक्षण सम्बन्धी बेसिनस्तरीय सञ्चालित कार्यक्रमहरूको अवस्थाको बारेमा छलफल

### पृष्ठभूमि

बृहत् जलाधार व्यवस्थापन केन्द्र (कोशी, गण्डकी, कर्णाली र महाकाली) र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानीद्धारा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि समयमानै हासिल गर्न प्रत्येक त्रैमासिकमा कम्तिमा एकपटक विभाग स्तरबाट फिल्ड निरीक्षण तथा कार्यक्रमको अवस्थाबारे छलफल गरिनेछ ।

### उद्देश्य

फिल्ड भ्रमणका क्रममा सञ्चालित क्रियाकलापहरुको गुणस्तर, परिमाण, प्रचलित नियमानुसार कार्यान्वयनको अवस्था, प्राविधिक ज्ञान, सीप, समस्याहरु आदि बारे छलफल गरी पृष्ठपोषण गर्ने ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र तयार र अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- विभाग स्तरबाट फिल्ड भ्रमणका लागि अनुगमनको ढाँचा तयार गरिनेछ ।
- विभागमा कार्यरत प्राविधिक कर्मचारीबाट मातहतका बहत् जलाधार व्यवस्थापन केन्द्रहरु र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी मार्फत सञ्चालित कार्यक्रमहरुको फिल्ड अनुगमन तथा निरीक्षण र कार्यक्रमको अवस्था बारे फिल्ड कार्यालयहरुमा र उपभोक्ताहरुसँग छलफल गरिनेछ ।
- फिल्ड भ्रमण पश्चात् फिल्डमा खटिइएका प्राविधिक कर्मचारीबाट फिल्ड अवलोकनमा देखिएका राम्रा नराम्रा पक्षहरुलाई समावेश गरी सुझाव सहितको प्रतिवेदन तयार गरी विभागमा पेश गरिनेछ।
- फिल्ड भ्रमण प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम सहभागीका लागि दैनिक भ्रमण खर्च, इन्धन, सवारी साधन मर्मत, सवारी साधन भाडा, खाजा खर्च लगायतका विभिन्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

स्वीकृत वार्षिक कार्यक्रमहरु प्रभावकारी तथा परिणाममुखी ढंगबाट सञ्चालन भई समयमानै अपेक्षित उपलब्धि हासिल हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा प्राविधिक जनशक्तिहरुबाट कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**अनुगमन योजना**

- फिल्ड भ्रमणका क्रममा लिएका तस्विरहरु
- भ्रमण प्रतिवेदन ।

### 5.45 Revision of Guidelines and Methodology for Sub Watershed Prioritization Management Planning

**पृष्ठभूमि**

हाल प्रचलित “Guidelines and Methodology for Sub-watershed Prioritization in Watershed Management Planning” ले जलाधार योजनाको व्यवहारिक आधार तयार गरेको भए तापनि यसको पद्धतिगत पुनरावलोकन अहिले अपरिहार्य भएको छ। विद्यमान प्राथमिकीकरण पद्धतिमा अहिले फेरिएको नेपालको जोखिम परिदृश्य अनुसारको बहु-जोखिमहरू समाबेश भएका छैनन् साथै प्रचलित Guideline गुणात्मक तथा स्थिर (Qualitative and Static) मापदण्डमा सीमित रहेकाले संवेदनशीलता विश्लेषण, पुनरुत्पादन योग्यता (Reproducibility) र नेपालका विविध भू-आकृतिक क्षेत्रबीच तुलनात्मक मूल्याङ्कन गर्न सम्भव नभएकोले यस कार्यक्रमको कार्यान्वयनले जलाधार योजना तर्जुमा तथा प्राथमिकीकरण पद्धतिलाई वैज्ञानिक, पारदर्शिता तथा पुनरुत्पादन योग्यताको दस्ताबेज बनाउनेछ।

**उद्देश्य**

- विद्यमान “Guidelines and Methodology for Sub-watershed Prioritization in Watershed Management Planning” को Gap Analysis गर्ने।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- बहु-मापदण्ड निर्णय विश्लेषण (Multi-criteria decision making) मा आधारित परिमाणात्मक, पुनरुत्पादनयोग्य र संवेदनशीलता-विश्लेषण सहितको संशोधित पद्धति तयार गर्ने।
- मापदण्डहरूको भार-औचित्य (weight justification) र सांख्यिकीय प्रमाणीकरण सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- कार्यालयमा रहेका मौजुदा जनशक्ति परिचालन गरी विद्यमान निर्देशिका तथा सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन र Gap Analysis गरिनेछ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- आवश्यकता अनुसार प्राविधिक समिति गठन गरी वा सेवा प्रदायक/विज्ञ परिचालन गरी मापदण्ड निर्धारण, भार-निर्धारण र वर्गीकरण विधि तयार गरिनेछ।
- सरोकारवालासँग छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी मस्यौदा निर्देशिका तयार गरिनेछ।
- मस्यौदा निर्देशिकालाई प्रमाणीकरण (validation) कार्यशाला मार्फत परिमार्जन गरी अन्तिम रूप दिइनेछ।
- प्रतिवेदन, कार्यशाला प्रतिवेदन र अन्य आधिकारिक बिल, भर्पाई र कागजात बमोजिम अन्तिम रकम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- परिमाणात्मक, वैज्ञानिक र पुनरुत्पादनयोग्य Revised Guidelines and Methodology for Sub-watershed Prioritization in Watershed Management Planning तयार भएको हुनेछ।
- जलाधार लगानी प्राथमिकीकरण, विपद् जोखिम न्यूनीकरण योजना र क्षेत्रगत योजना तर्जुमामा प्रमाण-आधारित निर्णय लिन सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै प्राविधिक/सांख्यिकीय विश्लेषण (MCDM/GIS लगायत अन्य) सम्बन्धी ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक वा विज्ञहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- प्राविधिक समिति/छलफल तथा अन्तरक्रियाका माइन्युटहरु
- Gap Analysis प्रतिवेदन र मस्यौदा निर्देशिका
- प्रतिवेदन

## ५.४६ कुलेखानी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारी

### पृष्ठभूमि

कुलेखानी जलाधार क्षेत्र मकवानपुर जिल्लामा अवस्थित नेपालको पहिलो र ठूलो मानव निर्मित ताल जलाशययुक्त जलविद्युत आयोजनाको जलाधार क्षेत्र हो । पछिल्ला दिनहरुमा ग्रामिण सडक लगायत विकास निर्माणको कार्यहरु तथा खेतीपातीका तौर तरिकाहरु संरक्षण मुखी हुन नसक्दा जलाधारमा भएको अधिकतम भू क्षयको माध्यमबाट तालमा माटो तथा बालुवा थुप्रिनाले गम्भीर चुनौतीको रुपमा देखा परेको छ । भू तथा जलाधार संरक्षण ऐन २०३९ को दफा ३ मा नेपाल सरकारले आवश्यक देखेमा कुनै पनि जलाधार क्षेत्रलाइ संवेदनशिल जलाधार क्षेत्र घोषणा गर्न सक्ने



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

प्रावधान अनुसार कुलेखानी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारीको कार्य गर्न सकिने छ । यस कार्यका लागि विभागको प्राविधिक सहयोगमा संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानीसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**उद्देश्य**

- प्रस्तावित संरक्षित क्षेत्रको चार किल्ला र क्षेत्रफल पहिचान गरी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि आवश्यक पर्ने प्रतिवेदन तयार गर्ने ।
- कुलेखानी जलाधार क्षेत्रको GIS आधारित सीमाङ्कनलाई थप स्थलगत अवलोकन (भू-ढलान, बहाव मार्ग) मार्फत प्रमाणीकरण तथा अद्यावधिक गर्ने।
- प्रस्तावित संरक्षित क्षेत्रको चारकिल्ला सर्वेक्षण सम्पन्न गरी क्षेत्रफल यकिन गर्ने।
- "Technical Report on Directional Survey, Mapping and Location of Kulekhani Watershed" तयार गर्ने।
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३(१) बमोजिम संरक्षित जलाधार क्षेत्र घोषणाका लागि आवश्यक पर्ने प्रतिवेदन तयार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यालयमा रहेका मौजुदा जनशक्ति मार्फत पुराना दस्तावेजहरुको पुनरावलोकन कार्य गरिनेछ ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी विभागिय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- कार्यालयका मौजुदा जनशक्तिबाट कार्य सञ्चालन वा कर्मचारीहरुको सहजिकरणमा सेवा प्रदायक मार्फत कार्य सम्पादन गरिनेछ ।
- स्थलगत भ्रमण, जलाधार क्षेत्रको सिमाङ्कन, स्थानीय तहसँग समन्वय तथा सहकार्य, सरोकारवाला/विज्ञ पहिचान र छलफल/अन्तरक्रिया जस्ता कार्यहरु गरिनेछ ।
- "Technical Report on Directional Survey, Mapping and Location of Kulekhani Watershed" र संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारीसम्बन्धी प्रतिवेदन तयार गरिनेछ।
- कुलेखानी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारीको लागि सहयोग पुग्ने प्रतिवेदन तयार गरिनेछ।
- प्रतिवेदन, फिल्ड भ्रमण प्रतिवेदन र अन्य आधिकारिक बिल, भर्पाई र कागजातहरु बमोजिम अन्तिम रकम भूक्तानी गरिनेछ ।

**अपेक्षित उपलब्धि**

कुलेखानी जलाधार क्षेत्रको सिमाङ्कन, उपजलाधार क्षेत्रहरुको पहिचान र जलाधार क्षेत्रलाइ संरक्षित क्षेत्रको रुपमा व्यवस्थापन गर्न आधार तय भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै सर्वेक्षण, GIS विश्लेषण र चारकिल्ला निर्धारण सम्बन्धी ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकहरुबाट प्राविधिक/सर्वेक्षण परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुगमन योजना**

- स्थलगत भ्रमण तथा सर्वेक्षण प्रतिवेदन
- सरोकारवालासँगको छलफल तथा अन्तरक्रियाका माइन्युटहरु
- अद्यावधिक GIS नक्सा तथा चारकिल्ला सर्वेक्षण विवरण
- Technical Report on Directional Survey, Mapping and Location of Kulekhani Watershed

## ५.४७ संवेदनशिल जलाधार क्षेत्रहरुको पहिचान, वर्गीकरण तथा प्राथमिकीकरण

### पृष्ठभूमि

राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति, २०८० ले संवेदनशील जलाधार क्षेत्रहरूको वैज्ञानिक पहिचान अनिवार्य गरेकोले यो कार्यक्रम नीतिगत रूपमा अपरिहार्य गरेको छ। यस क्रियाकलाप अन्तर्गत भिरालोपना, वर्षा तीव्रता, भू-उपयोग/आवरण, माटोको अवस्था, नदी सञ्जाल र विगतका बाढी-पहिरो अभिलेख जस्ता बहु-मापदण्डहरूलाई रिमोट सेन्सिङ र जीआईएस प्रविधिसँग एकीकरण गरी जलाधारहरूको जोखिम र संवेदनशीलता विश्लेषण गरिनेछ ।साथै फिल्ड-प्रमाणीकरण र स्थानीय तह एवं सरोकारवाला निकायसँगको परामर्श मार्फत नतिजाको विश्वसनीयता सुनिश्चित गरी एकीकृत, विश्वसनीय प्राथमिकता प्राप्त जलाधारहरुको सूची तयार गरी जलाधार व्यवस्थापन कार्यक्रमको लगानी प्राथमिकीकरण, विपद् जोखिम न्यूनीकरण योजना निर्माण, र क्षेत्रगत योजना तर्जुमाका लागि प्रमाणमा आधारित निर्णय लिन मद्दत पुऱ्याउनेछ ।यसरी तयार हुने डाटाबेस र नक्साले दीर्घकालीन भू-संरक्षण तथा जलाधार व्यस्थापन र विकास योजनाको आधार स्तम्भको रूपमा काम गर्न सहयोग गर्नेछ ।

### उद्देश्य

- भू-ढलान, वर्षा तीव्रता, भू-उपयोग/आवरण, माटोको अवस्था, नदी सञ्जाल र विगतका बाढीपहिरो अभिलेख जस्ता बहु-मापदण्ड प्रयोग गरी जलाधारहरुको जोखिम र संवेदनशीलता विश्लेषण गर्ने।
- रिमोट सेन्सिङ र GIS प्रविधि मार्फत संवेदनशील जलाधार क्षेत्रहरुको वैज्ञानिक पहिचान, वर्गीकरण तथा प्राथमिकीकरण गर्ने।
- फिल्ड-प्रमाणीकरण र सरोकारवाला परामर्शमार्फत नतिजाको वैधानिकता सुनिश्चित गरी एकीकृत, विश्वसनीय प्राथमिकता प्राप्त जलाधारहरुको सूची तथा डाटाबेस तयार गर्ने।

### कार्यान्वयन प्रक्रिया

- कार्यालयमा रहेका मौजुदा जनशक्ति मार्फत आवश्यक DEM, वर्षा, भू-उपयोग, माटो र विपद् अभिलेख लगायतका तथ्याङ्क संकलन तथा पुनरावलोकन गरिनेछ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- बहु-मापदण्ड विधि प्रयोग गरी RS/GIS मार्फत जोखिम तथा संवेदनशीलता विश्लेषण गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक/विज्ञ परिचालन गरिनेछ।
- प्रारम्भिक नतिजाको स्थलगत प्रमाणीकरण (field validation) गरिनेछ।
- सरोकारवाला निकायसँग छलफल/अन्तरक्रिया गरी प्राप्त राय सझावहरुलाई पृष्ठपोषण गरिनेछ।
- एकीकृत, प्राथमिकता प्राप्त जलाधारहरुको सूची, डाटाबेस र नक्सा अन्तिम रूपमा तयार गरिनेछ।

महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

- प्रतिवेदन, फिल्ड भ्रमण प्रतिवेदन र अन्य आधिकारिक बिल, भर्पाई र कागजातहरु बमोजिम अन्तिम रकम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

बहु-मापदण्डमा आधारित, फिल्ड-प्रमाणीकृत संवेदनशील जलाधार क्षेत्रहरुको पहिचान, वर्गीकरण तथा प्राथमिकीकरण सूची तयार भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै GIS/RS विश्लेषण र बहु-मापदण्ड निर्णय विश्लेषण (MCDM) सम्बन्धी ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- तथ्याङ्क संकलन तथा GIS विश्लेषण प्रतिवेदन
- स्थलगत प्रमाणीकरण प्रतिवेदन
- सरोकारवाला छलफल/अन्तरक्रियाका माइन्युटहरु
- अन्तिम प्राथमिकीकरण सूची, डाटाबेस तथा नक्सा

## ५.४८ फेवा संरक्षित जलाधारका सरोकारवाला निकायहरुबीच समन्वय

**पृष्ठभूमि**

फेवाताल नेपालको दोस्रो ठूलो प्राकृतिक ताल र काँस्की जिल्लाको प्रमुख पर्यावरणीय, आर्थिक तथा पर्यटकीय सम्पदा हो। रामसार अभिसन्धि अन्तर्गत अन्तर्राष्ट्रिय महत्वको सिमसार क्षेत्रको रूपमा सूचीकृत छ। यद्यपि, जलाधार क्षेत्रमा बढ्दो मानवीय दबाब, अव्यवस्थित भू-उपयोग, शहरीकरण र जलवायु परिवर्तनका कारण तालको अस्तित्व गम्भीर खतरामा परेको छ। सन् १९६२ देखि २०२४ सम्मको ६२ वर्षको अवधिमा तालको सतह क्षेत्रफल करिब ५.६२ वर्ग किलोमिटरले घटिसकेको छ, र अध्ययनहरूले आगामी ११०-३४७ वर्षभित्र फेवा तालले आफ्नो ८० प्रतिशत सतह क्षेत्र गुमाउन सक्ने प्रक्षेपण गरेका छन्। यो संकट केवल प्राकृतिक कारणले मात्र उत्पन्न भएको नभई, सरोकारवाला निकायहरूबीच खण्डित समन्वय र कमजोर संस्थागत शासन व्यवस्था पनि मूल कारण रहेको विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन्।

सर्वोच्च अदालतको आदेश (२०६८/१२/२०) बमोजिम फेवा जलाधारलाई संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने कार्यदिशा निर्धारण भएको र फेवा ताल एकीकृत जलाधार व्यवस्थापन योजना (IWMP) तर्जुमाको कार्य प्रगतिमा रहेको सन्दर्भमा, जिल्ला भू तथा जलाधार संरक्षण समिति कास्की, पोखरा महानगरपालिका, गण्डकी प्रदेश वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, कास्की लगायतका विविध सरोकारवाला निकायहरूबीच संरचनागत, नियमित र प्रभावकारी समन्वय अपरिहार्य देखिन्छ। यस कार्यक्रमले उक्त समन्वय संयन्त्रलाई संस्थागत रूप दिने लक्ष्य राखेको छ।

महानिर्देशक

### उद्देश्य

- फेवा संरक्षित जलाधार क्षेत्रको IWMP कार्यान्वयन, अनुगमन र दीर्घकालीन व्यवस्थापनमा सबै सरोकारवाला निकायहरूबीच संरचनागत र नियमित समन्वय स्थापना गर्ने ।
- विभिन्न सरोकारवाला निकायहरूको भूमिका, दायित्व र जवाफदेहिता स्पष्ट पार्ने।
- तालको पारिस्थितिक संरक्षण, वैज्ञानिक व्यवस्थापन तथा रामसार अभिसन्धि दायित्व पालनाका लागि अन्तर-निकाय साझेदारी सुदृढ पार्ने।
- IWMP कार्यान्वयनमा खण्डित हस्तक्षेप (fragmented intervention) र दोहोरो प्रयासलाई न्यून गरी स्रोत-साधनको अधिकतम उपयोग सुनिश्चित गर्ने।

### कार्यान्वयन प्रक्रिया

- कार्यालयमा रहेका मौजुदा जनशक्ति मार्फत सरोकारवाला निकायहरूको पहिचान, वर्तमान भूमिका र समन्वय सम्बन्धी विद्यमान संयन्त्रको पुनरावलोकन गरिनेछ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- सम्बन्धित सरोकारवाला निकायहरूसँगको प्रारम्भिक छलफल तथा अन्तरक्रिया मार्फत समन्वयका प्राथमिकता क्षेत्र पहिचान गरिनेछ ।
- IWMP अन्तर्गत सम्पन्न वा प्रगतिमा रहेका क्रियाकलापहरूको अद्यावधिक अवस्था सरोकारवाला निकायहरूसँग साझेदारी गर्नुका साथै तथ्याङ्क/सूचना-साझेदारी संयन्त्र (Information Sharing Platform) निर्माण गरिनेछ।
- सरोकारवाला निकायहरूको भूमिका, दायित्व र समन्वय संरचना स्पष्ट पार्ने प्रक्रिया अगाडि बढाइनेछ।
- समन्वय गतिविधिहरूको प्रतिवेदन, बैठक माइन्युट र अन्य आधिकारिक बिल, भर्पाई र कागजातहरु बमोजिम अन्तिम रकम भुक्तानी गरिनेछ।

### अपेक्षित उपलब्धि

- फेवा संरक्षित जलाधार क्षेत्रका सरोकारवाला निकायहरूबीच संरचनागत, नियमित र प्रभावकारी समन्वय स्थापना भएको हुनेछ।
- निकायहरूको भूमिका, दायित्व र जवाफदेहिता स्पष्ट भएको हुनेछ।
- IWMP कार्यान्वयनमा संयुक्त कार्यपद्धति र तथ्याङ्क-साझेदारी संयन्त्र स्थापना भएको हुनेछ।
- समन्वय बैठकका माइन्युट र छलफलका निष्कर्षहरू भविष्यको योजना निर्माणका लागि उपलब्ध हुनेछन्।

### जनशक्ति व्यवस्थापन

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै कार्यक्रम कार्यान्वयन गरिनेछ ।

### अनुगमन योजना

- सरोकारवाला निकायहरूसँगको छलफल तथा समन्वय बैठकका माइन्युटहरु
- सरोकारवाला निकाय पहिचान तथा भूमिका विश्लेषण प्रतिवेदन
- IWMP कार्यान्वयन अवस्था अद्यावधिक (status update) प्रतिवेदन

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

## ५.४९ रामसार सूचीमा सूचीकरणका लागि सिमसार क्षेत्रको सम्भाव्यता अध्ययन

**पृष्ठभूमि**

नेपालमा हाल १० वटा सिमसार क्षेत्रहरू रामसार सूचीमा सूचीकृत रहेका छन्। यद्यपि रामसार महासन्धिले निर्धारण गरेका मापदण्ड पूरा गर्न सक्ने अन्य धेरै सिमसार क्षेत्रहरू अझै वैज्ञानिक रूपमा अध्ययन, मूल्याङ्कन तथा सूचीकरण हुन बाँकी रहेका छन्। यस्ता सिमसार क्षेत्रहरूको पारिस्थितिकीय, जैविक तथा सामाजिक-आर्थिक महत्त्वको पर्याप्त तथ्याङ्क र प्रमाणको अभावका कारण रामसार सूचीकरणका लागि आवश्यक प्रक्रिया अघि बढाउन कठिनाइ भइरहेको छ। त्यसैले सम्भावित सिमसार क्षेत्रहरूको प्रारम्भिक सम्भाव्यता अध्ययन गरी आधारभूत तथ्याङ्क संकलन गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

**उद्देश्य**

रामसार सूचीकरणका लागि सम्भावित सिमसार क्षेत्रको प्रारम्भिक सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- विभिन्न अध्ययन प्रतिवेदन/सन्दर्भ सामाग्री/उपलब्ध तथ्याङ्कको आधारमा सम्भावित सिमसार क्षेत्रको प्रारम्भिक छनौट गरिनेछ ।
- कार्यक्रम सञ्चालनका लागि अवधारणापत्र तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- छनौट भएको सिमसार क्षेत्रमा स्थलगत अध्ययन, GPS/GIS मा आधारित डाटाबेस तथा प्रतिवेदन तयार गरिनेछ।
- स्थलगत अध्ययनका क्रममा सिमसार क्षेत्रको आधारभूत विवरण संकलन गरिनेछ।
- अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा सिमसार क्षेत्रको सम्भाव्यता र संरक्षणको अवस्था लगायतका विषयहरू समावेश गरी प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिनेछ ।
- विस्तृत अध्ययनका लागि आवश्यकता अनुसार सरोकारवाला वा संरक्षण साझेदारहरुसँगको आर्थिक तथा प्राविधिक समन्वयमा कार्य गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको मौजुदा जनशक्तिको ज्ञान तथा सिपको अधिकतम उपयोग गर्दै ज्ञान र सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सेवा लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- फिल्ड भ्रमण प्रतिवेदन,
- अनुगमन तथा सम्भाव्यता अध्ययन प्रतिवेदन ।

## ५.५० सिमसार क्षेत्र पहिचानका लागि सर्वेक्षण तथा अभिलेखीकरण

**पृष्ठभूमि**

नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका कतिपय सिमसार क्षेत्रहरूको पहिचान तथा अभिलेखीकरण हुन बाँकी रहेको सन्दर्भमा जिल्ला भित्रको महत्वपूर्ण सिमसार क्षेत्र पहिचानका लागि सर्वेक्षण तथा अभिलेखिकरणको कार्यक्रम सञ्चालन गरि राष्ट्रिय सिमसार अभिलेख अद्यावधिक गर्न अपरिहार्य छ । सिमसार क्षेत्रहरूले जलस्रोत संरक्षण, जैविक विविधता, जल पुनर्भरण, जलवायु परिवर्तन अनुकूलन तथा स्थानीय जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याउने भएकाले यस्ता क्षेत्रहरूको तथ्यमा आधारित पहिचान, नक्साङ्कन तथा अभिलेखीकरण आवश्यक छ।

**उद्देश्य**

सिमसार क्षेत्रहरूको सर्वेक्षण, पहिचान तथा अभिलेखीकरण गरी तथ्याङ्क अद्यावधिक गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- उपलब्ध नक्सा, पूर्व अध्ययन तथा सम्बन्धित अभिलेखहरूको आधारमा एक जिल्ला पहिचान गरी छनौट गरिनेछ ।
- कार्यक्रम सञ्चालनका लागि अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- आवश्यकता अनुसार सेवा प्रदायक वा विषयविज्ञ छनौट गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित आर्थिक ऐन बमोजिम सेवा परामर्श खरिद गरिनेछ।
- बस्तु स्थितिको विश्लेषण : अभिलेखिकरण, अध्ययन, अन्तरक्रिया गरिनेछ।
- स्थलगत अनुगमन, सर्वेक्षण, सुचना/तथ्यांक संकलन, नक्साङ्कन, व्यवस्थापकीय चुनौती पहिचान गरिनेछ।
- सरोकारवाला निकायहरु (सम्बन्धित स्थानीय निकाय, संरक्षण समिति आदि) सँग समन्वय गरिनेछ ।
- सूचना/तथ्यांक सहितको मस्यौदा प्रतिवेदन तयारी, प्रस्तुती तथा पृष्ठपोषणको कार्य गरिनेछ ।
- अन्तिम प्रतिवेदन तयारी गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी**

जिल्ला भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका सिमसार क्षेत्र पहिचान भई सिमसार सम्बन्धित सूचना अध्यावधिक हुनेछ ।

**अनुगमन योजना**

- छलफल तथा अन्तरक्रियाको माईनुट
- स्थलगत अनुगमन प्रतिवेदन
- प्रतिवेदन

महानिर्देशक

## ५.५१ जलाधार सूचना प्रणाली (Watershed Information System) को सञ्चालन तथा अभिमुखीकरण

**पृष्ठभूमि**

भू तथा जलाधार व्यवस्थापन सम्बन्धी योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा निर्णय प्रक्रियालाई तथ्यमा आधारित, प्रभावकारी र प्रविधिमैत्री बनाउन जलाधार सूचना प्रणाली (Watershed Information System-WIS) सञ्चालन आवश्यक रहेको छ। जलाधार क्षेत्र सम्बन्धी GIS नक्सा, जलाधारको अवस्था, भू-उपयोग, भूक्षय, पहिरो, सिमसार, पानी मुहान, जैविक तथा भौतिक संरक्षण संरचना लगायतका विवरणलाई एकीकृत डिजिटल प्रणालीमा अभिलेखीकरण तथा व्यवस्थापन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। विगतमा वन तथा भू संरक्षण विभाग अन्तर्गतका विभिन्न आयोजना/परियोजनाहरुले भू तथा जलाधार व्यवस्थापनका तथ्य, तथ्याङ्क तथा सूचनाको एकरुपताका लागि Watershed Desktop तथा Watershed Management Planning System लगायतका अवधारणा सहित Server स्थापना गरेको सन्दर्भमा आयोजना/परियोजनाहरुले विकास गरी हस्तान्तरण गरेका सूचना प्रणालीको अध्यावधिक, Server को सञ्चालन, समयानुकुल तथ्य, तथ्याङ्क तथा सूचनाको अध्यावधिक तथा भू तथा जलाधार व्यवस्थापनका क्षेत्रमा कार्यरत व्यक्तिहरुलाई प्रणालीको बारेमा अभिमुखीकरण यस कार्यक्रम मार्फत गर्न सकिनेछ ।

**उद्देश्य**

- विभिन्न आयोजना/परियोजनाहरुले विकास गरी हस्तान्तरण गरेका सूचना प्रणालीको अध्यावधिक गरी जलाधार सूचना प्रणाली सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने।
- जलाधार सम्बन्धी तथ्याङ्क, GIS नक्सा तथा अभिलेखलाई डिजिटल माध्यममा व्यवस्थित गर्ने तथा विभिन्न स्रोत बाट प्राप्त जलाधार सम्बन्धी तथ्य, तथ्याङ्क तथा सूचनामा एकरुपता कायम गर्ने।
- प्रणाली प्रयोग सम्बन्धी प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।
- योजना तर्जुमा, अनुगमन, अनुसन्धान तथा निर्णय प्रक्रियामा सूचना प्रणालीको प्रयोग बढाउने।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालनका लागि अवधारणा पत्र, कार्ययोजना तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।
- आवश्यकता अनुसार विभिन्न आयोजना/परियोजनाहरुले हस्तान्तरण गरेका सूचना प्रणालीको Software, Database, GIS Platform तथा Server सञ्चालन एवं अद्यावधिक गर्न सकिनेछ।
- प्रणालीमा आवश्यक जलाधार सम्बन्धी Spatial तथा Attribute Data संकलन, प्रमाणीकरण, Digitization तथा Database Entry गर्न सकिनेछ।
- बृहत् जलाधार व्यवस्थापन केन्द्र, संघीय जलाधार व्यवस्थापन स्रोत केन्द्र तथा अन्य सम्बन्धित निकायबाट प्राप्त भू तथा जलाधार व्यवस्थापन सम्बन्धी तथ्याङ्क प्रणालीमा समावेश गर्न सकिनेछ।
- प्रणाली सञ्चालन, Data Entry, GIS Mapping, Remote data access, Data Analysis तथा Report Generation सम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गर्न सकिनेछ।
- आवश्यकता अनुसार विभिन्न आयोजना/परियोजना/विकास साझेदार संस्थाहरुको सहयोग लिन सकिनेछ ।
- आवश्यकता अनुसार विश्वविद्यालय, अनुसन्धान संस्था तथा विषय विज्ञहरूको प्राविधिक सहयोग लिन सकिनेछ।
- कार्यक्रम सञ्चालनार्थ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ तथा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम आवश्यक सेवा तथा सामग्री खरिद गरिनेछ।

महानिर्देशक

- कार्यक्रम सम्पन्न भएपछि सहभागीहरूको सुझाव, प्रणाली सुधारका आवश्यक पक्ष तथा कार्यान्वयन अनुभव समेटी प्रतिवेदन तयार गरिनेछ।
- प्रतिवेदन, आधिकारिक बिल, भर्पाई तथा अन्य आवश्यक कागजातका आधारमा अन्तिम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- भू तथा जलाधार व्यवस्थापनसम्बन्धी तथ्य, तथ्याङ्क तथा GIS आधारित सूचनाको एकीकृत अभिलेखीकरण भई जलाधारसम्बन्धी तथ्याङ्कहरू Remote Access मार्फत सहज रूपमा उपलब्ध हुने व्यवस्था स्थापित हुनेछ।
- प्राविधिक कर्मचारी तथा सरोकारवाला निकायहरूको प्रणाली सञ्चालन तथा GIS आधारित सूचना व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

- कार्यालयमा कार्यरत सूचना प्रविधि, GIS तथा भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्राविधिक कर्मचारीबाट कार्यक्रम सञ्चालन गरिनेछ।
- आवश्यकता अनुसार विषय विज्ञ, GIS विशेषज्ञ, Database Administrator वा सेवा प्रदायकबाट परामर्श सेवा खरिद गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**अनुगमन योजना**

- प्रणालीमा प्रविष्ट गरिएका तथ्याङ्क तथा GIS Database।
- अभिमुखीकरण कार्यक्रममा सहभागीहरूको उपस्थिति विवरण।
- प्रणाली प्रयोग तथा अद्यावधिक सम्बन्धी प्रतिवेदन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## परिच्छेद ६. जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम(ब.उ.शि.नं. ३१२०६१०७)

### गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना (GBCRP)

**परिचय**

"नेपालको गण्डकी नदी जलाधारका जोखिममा रहेका समुदाय तथा पारिस्थितिकीय प्रणालीको जलवायु समानुकुलनमा सुधार आयोजना", वा "गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना (GBCRP)" हरित जलवायु कोष (Green Climate Fund-GCF) को आर्थिक सहयोगमा नेपाल सरकारद्वारा कार्यान्वयन भइरहेको आयोजना हो।

सात वर्ष अवधिका लागि सञ्चालनमा रहेको यस आयोजनाको प्रमुख उद्देश्य गण्डकी नदी जलाधार क्षेत्रमा बसोबास गर्ने जोखिमयुक्त समुदाय तथा पारिस्थितिकीय प्रणालीहरुको जलवायु उत्थानशिलता (Climate Resilience) अभिवृद्धि गर्नु हो। यस उद्देश्य प्राप्तिका लागि पारिस्थितिकीय प्रणाली संरक्षण, दिगो प्राकृतिक स्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, तथा जलवायु अनुकूल जीविकोपार्जन प्रवर्द्धनसम्बन्धी एकीकृत कार्यक्रमहरु कार्यान्वयन गरिनेछन्। उक्त आयोजना कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गतको वन तथा भू-संरक्षण विभाग मार्फत कार्यान्वयन भइरहेको छ। आयोजनाको प्रभावकरी कार्यान्वयनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) तथा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (IUCN) नेपालबाट प्राविधिक सहयोग उपलब्ध हुँदै आएको छ।

**कार्यक्षेत्र**

गण्डकी नदी जलाधार अन्तर्गत पर्ने बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका कुल १९ जिल्लाहरु यस आयोजनाको कार्यक्षेत्रमा समावेश रहेका छन्। आयोजना कार्यान्वयन निम्न प्रमुख निकायहरु मार्फत सञ्चालन भइरहेको छः

**बृहत जलाधार व्यवस्थापन केन्द्र, गण्डकी (BMC, Gandaki)**

यस केन्द्र मार्फत मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा, पाल्पा, अर्घाखाँची र गुल्मी जिल्लाहरुमा कार्यक्रम सञ्चालन भइरहेको छ।

**संघीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, कुलेखानी (FWMRC, Kulekhani)**

यस केन्द्र मार्फत रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ, चितवन र नवलपुर जिल्लाहरुमा कार्यक्रम सञ्चालन भइरहेको छ।

**समग्र उद्देश्य**

यस आयोजनाले दिगो जलाधार व्यवस्थापन (Sustainable Watershed Management) को अवधारणालाई नीति, योजना तथा व्यवहारमा मुख्यधारमा ल्याउने लक्ष्य लिएको छ। विशेषतः रूपमा, पारिस्थितिकीय प्रणाली संरक्षण, जैविक विविधता संवर्द्धन, तथा जलवायु अनुकूल जीविकोपार्जन कार्यक्रम मार्फत जोखिमयुक्त समुदायहरूको जलवायु अनुकूलन क्षमता सुदृढ गर्ने उद्देश्य रहेको छ।

**दायरा (SCOPE)**

आयोजनाका क्रियाकलापहरु निम्न तीन प्रमुख सम्भाग अन्तर्गत सञ्चालन गरिने छन्:

**सम्भाग १**: सामुदायिक उत्थानशीलता (Community Resilience)

जलवायु परिवर्तनबाट प्रभावित समुदायहरूको अनुकूलनलाई, दिगो, समावेशी तथा जलवायु अनुकूल बनाउने।



महानिर्देशक

**सम्भाग २**: पारिस्थितिकीय प्रणालीको उत्थानशीलता (Ecosystem Resilience)
जलवायु परिवर्तनबाट प्रभावित परिस्थितिकीय प्रणालीहरूको अनुकुलनलाई दिगो, क्रियाशील तथा जलवायु अनुकूल बनाउने।

**सम्भाग ३**: जलवायु शासन (Climate Governance)
संस्थागत क्षमता अभिवृद्धि गर्दै जलवायु अनुकूल योजना, नीति समन्वय तथा कार्यान्वयन प्रणालीलाई सुदृढ बनाउने।

**जिम्मेवार निकाय**

